वर्ष : १४, अंक : ४३, काठमाडौं, २०७५ फागुन ३ गते शुक्रबार, 15 February 2019, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

# राजपा अझै अलमलमा

## ‘पर्ख र हेरको नीति’ कहिलेसम्म ?

**मधेशवाणी डेस्क**

काठमाडौं । ‘सत्ताका लागि जस्तोसुकै निर्णय र सम्झौता गर्न पछि नपर्ने’ जस्ता आरोप खेपिरहेका मधेशी दल अहिले सत्ता वा संघर्षको अलमलमा रहेको देखिन्छ ।

सम्झौतालाई झन्याङ बनाएर सरकारमा पुग्ने तर काम नगर्ने परिपार्टी विगतकै रोग हो । मधेशका मुद्दामा बेइमेल मात्र होइन सरकारमा जाने होडबाजी र दाउपेचका साथै अन्तरपार्टी र पार्टीभित्रकै तादम्यता नहुँदा मधेशी दल कमजोर बन्न पुगेको होकी भन्ने अनुमान लगाउन थालिएको छ ।

मुलुकको राष्ट्रिय राजनीतिमा दरिलो प्रभाव पार्ने मधेशी दल आफ्नै मुद्दामा एकताबद्ध हुन नसक्दा अलमल र पार्टीभित्रै दरार उत्पन्न भएको देखिन्छ । यद्यपि, नेताकै भनाइमा पार्टीमा बाहिर आएजस्तो सत्यता छैन । तर, पछिल्ला दिनमा दलगत र पार्टीभित्रकै नेताबीचको खटपट र अलमलले उनीहरुबीचको विवादलाई सतहमा ल्याएको छ ।

सञ्चारमाध्यममा पार्टीगत र सरकारसँगको सम्बन्धलाई लिएर विभिन्न टिकाटिप्पणी भइरहेको छ । सत्ता समर्थक राष्ट्रिय जनता पार्टी (राजपा) र सत्तारुढ संघीय समाजवादी फोरम नेपालबीच अहिले खटपट चलिरहेको छ । यता सरकारमा रहेको समाजवादी फोरमभित्र पनि विवादका आवाज बढ्दै गएको देखिन्छ ।

पार्टीभित्रको आन्तरिक द्वन्द्व र सरकारसँगको सम्बन्धलाई व्यवहारमा परिणत गर्न समाजवादी फोरममा पनि खटपट भइरहेको बताइन्छ । यता, सरकारलाई समर्थन गरेको राजपाले न त आफ्ना मुद्दालाई अघि बढाउन सक्यो न त सत्तायात्रामै सामेल हुनपुग्यो । यसरी राजपाभित्र अलमल र बेइमेल बढेको देखिन्छ । पार्टीभित्रकै विवादलाई किनारा लगाउन नसक्दा राजपा कमजोर बनेको छ । यसको असर सरकारसँगको सम्बन्ध र पार्टीले अख्तियार गरेको मुद्दामा समेत कमजोर हुने देखिन्छ ।

राजपा अध्यक्ष मण्डलका सदस्य राजेन्द्र महतोले राजपा कुनै अलमल र बेइमेलमा नभइ बरु पर्ख र हेरको रणनीतिमा रहेको बताए । ‘हामी पर्ख र हेरको अवस्थामा छौं, सरकारलाई निरन्तर रुपमा घचघच्याईरहेका छौं, मुद्दा सम्बोधन गर्नुस् नत्र विरोधको बाटोमा जानुपर्ने बाध्यता हुन्छ । तर, पर्खाइको पनि सीमा हुन्छ । धैर्यताको बाँध कुनै पनि बेला टुट्नसक्छ, त्यो अवस्था आउन नदिन सरकार बेलैमा सजक हुनुपर्छ,’उनले भने ।

महतोले सरकारमा जान आफ्नो पार्टीलाई पटक-पटक सरकारी पक्षबाट आग्रह गरिएको उल्लेख गर्दै भने,‘आशा र विश्वासका साथ दुई तिहाइको शक्तिशाली सरकारलाई समर्थन गरेका छौं । अझै पनि मुद्दा



> ‘धैर्यताको बाँध कुनै पनि बेला टुट्नसक्छ, त्यो अवस्था आउन नदिन सरकार बेलैमा सजक हुनुपर्छ ।’

संघर्षमा जानुपर्ने बाध्यात्मक अवस्था आउनसक्ने खतरा औंल्याए ।

**सरकारलाई समर्थन जारी रहन्छ**

राजपाले आफ्ना मुद्दा सम्बोधन भएपछि मात्रै सरकारमा जाने या नजाने विषयको टुङ्गो लाग्ने बताएको छ । नेता महतोले पार्टी आफ्नो मुद्दाको अडानमै रहेको भन्दै माग सम्बोधन भएपछि सरकारमा सभागिताको कुरा आउने बताए । उनले सरकारमा सहभागी नभए पनि आफ्ना माग सम्बोधन भएमा सरकारलाई समर्थन भने जारी रहने प्रष्ट पारे । ‘सरकारमा जाने अहिले त्यस्तो सोच, चिन्तन बनिसकेको छैन, मुद्दामा सरकारले तदारुपता देखाए सत्तायात्रा गौण विषय हो,’ नेता महतोले भने ।

राजपाका संयोजक महेन्द्र राय यादवले आफ्नो मुद्दा सम्वोद्धनका लागि सरकारसँग आग्रह गरिरहेको र छिट्टै नै प्रधानमन्त्रीसँग पार्टीका अध्यक्ष मण्डलसँग भेट गरेर आफ्नो कुरा राखिने बताए ।

पार्टीको महाधिवेशनको संघारमा रहेको राजपाले पार्टीका गतिविधिका साथै सरकारसँगको विषयलाई पनिसँगै अघि बढाउने नीति लिएको छ । वैशाखको पहिलो साता पार्टीको महाधिवेशनको तयारीमा जुटेको राजपा अहिले पार्टीकै काममा बढी व्यस्त देखिन्छ । सरकारसँग उठाएको मुद्दा र पार्टीको महाधिवेशनको तयारीलाई एकसाथ अघि बढाउने नीति राजपाको रहेको संयोजक यादवले बताए ।

**नेतृत्व महाधिवेशनले तय गर्छ**

पार्टी नेतृत्वबारे विभिन्न अडकलबाजी भइरहे पनि महाधिवेशनले नै राजपा नेतृत्वको टुङ्गो लगाउने नेता महतोको भनाइ छ । ‘पार्टीभित्र त्यस्तो केही विवाद छैन, बाहिर त्यतिकै हल्ला आइरहेको छ । यो चक्रिय प्रणाली आउँदाखेरी विवाद देखाइदियो । जुन प्रणाली वैधानिकताको सूत्र नै अध्यक्ष मण्डल थियो । त्यसलाई हामीले केही दिन टारेका थियौं, कसैले अनावश्यक कुराले उचालेका कारण विवाद जस्तो देखियो । आफ्ना मुद्दामा संवेदनशील छौं,’नेता महतोले भने ।

अधिकार प्राप्तिका लागि मधेशी, थारु, दलित, आदिवासी जनजातीले भिन्न भिन्न रुपमा आन्दोलन गरेपनि ती आन्दोलन र

बाँकी अन्तिम पृष्ठमा

## मधेशी दललाई महाधिवेशनको चटारो





काठमाडौं । दुबै मधेशी दल संघीय समाजवादी नेपाल र राजपा नेपाल महाधिवेशनको तयारीमा जुटेका छन् । दुवै दल अहिले पार्टीको संगठन भएका जिल्लामा साधारण र सक्रिय सदस्यता वितरणमा लागेका छन् । अशोक राई नेतृत्वको संघीय समाजवादी पार्टी र उपेन्द्र यादव नेतृत्वको मधेशी जनाधिकार फोरम मिलेर बनेको संघीय समाजवादी फोरम र मधेशी ६ दल मिलेर बनेको राजपा दुवैले पहिलो महाधिवेशन गर्ने मिति घोषणा गरेर तयारी गरिरहेका छनर । राजपाले ७-९ वैशाख र फोरमले २८-३० वैशाखमा केन्द्रीय महाधिवेशनको मिति तय गरेका छन् ।

आन्दोलन र चुनाव सम्पन्न भइसकेपछि फुर्सदको समयमा दुवै पार्टीले महाधिवेशन गराउन लागेका छन् । एकीकरण भएको पाँच वर्षपछि फोरम नेपालले एकताको महाधिवेशन गर्न लागेको हो ।

## कृषि प्रधान देशमा कृषि वस्तुको आयात

### गत वर्ष आयात भएका वस्तु

| आयातित वस्तु | रुपैयाँ |
|---|---|
| दाल, गेडागुडी | ४५ अर्ब ४१ करोड |
| चामल | २८ अर्ब ९० करोड |
| खानेतेल | २६ अर्ब ९३ करोड |
| रासायनिक मल | १५ अर्ब २० करोड |
| मकै | १२ अर्ब ५४ करोड |
| तरकारी | १२ अर्ब २९ करोड |
| जडीबुटी | ११ अर्ब ३४ करोड |
| स्याउ | ५ अर्ब ६३ करोड |
| प्याज | ४ अर्ब ८५ करोड |
| कृषियन्त्र | ४ अर्ब ५५ करोड |
| मासु | ४ अर्ब ३३ करोड |
| तोरी | ९७ करोड १३ लाख |
| लसुन | ६१ करोड ३९ लाख |
| आलु | ६० करोड ३२ लाख |
| सुन्तला | ५७ करोड ९४ लाख |
| केरा | ५३ करोड ८४ लाख |
| कागती | ४३ करोड १५ लाख |
| गोलभेडा | ३० करोड २४ लाख |
| सुकुमेल | २० करोड ४६ लाख |
| बेसार | १६ करोड ७६ लाख |
| अदुवा | ८ करोड ६१ लाख |
| कोदो | ३ करोड ८४ लाख |
| फापर | ३ करोड १६ लाख |
| आलुबखडा | २ करोड २५ लाख |
| मिनरल वाटर | २ करोड ९९ लाख |
| किवि फल | १ करोड ९४ लाख |
| उखु | १ करोड १८ लाख |
| एभोकाडो | १ करोड ४ लाख |
| जौ | ७८ लाख १६ हजार |
| च्याउ | २५ लाख ५० हजार |

स्रोत: भन्सार विभाग

### गत वर्ष निर्यात भएका वस्तु

| निर्यात भएको वस्तु | रुपैयाँ |
|---|---|
| अलैंची | ४ अर्ब ८४ करोड |
| जुस | ४ अर्ब ७६ करोड |
| चिया | ३ अर्ब २५ करोड |
| जडीबुटी | १ अर्ब १३ करोड |
| गेडागुडी | १ अर्ब १ करोड |
| अदुवा | ७७ करोड २४ लाख |

स्रोत: व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र ।

## स्रोत व्यक्तिलाई समायोजन गर्ने तयारी

काठमाडौं । मुलुकभरका स्रोत व्यक्तिलाई माध्यमिक तहको शिक्षकमा समायोजन गर्ने तयारी सरकराले सुरु गरेको छ । शिक्षा मन्त्रालयले जिल्ला शिक्षा कार्यालयमा रहने गरी स्रोत व्यक्तिको रूपमा काजमा ल्याइएका सबै माध्यमिक तहका शिक्षकहरूलाई काज फिर्ता गरी पुन: शिक्षकमा नै समायोजन गर्ने तयारी गरेको हो । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले यसबारे राष्ट्रियसभाको बैठकमा जानकारी गराएका हुन् । उनले देश भरि रहेका १ हजार ५३ जना मध्येबाट ७५ जना शुद्ध स्रोत व्यक्ति बाहेकलाई काज फिर्ता गरी माध्यमिक तहको शिक्षकमा समायोजन गर्ने तयारी गरिएको जानकारी गराए । विद्यालय शिक्षाको अधिकार स्थानीय तहमा गइसकेकाले सरकारले स्रोत व्यक्तिहरूको काज फिर्ता गरी शुद्ध स्रोत व्यक्ति ७५ जनालाई अस्थायी शिक्षक सरह सुविधा उपलब्ध गराउने गरी मन्त्रालयले मन्त्रिपरिषदमा प्रस्ताव लगेको उनले जानकारी दिए ।




समय–सन्दर्भ

राकेश प्रसाद चौधरी



## मिडियामा मानव तस्करीको विषय

> नेपाली महिलाहरुको नाम र ठेगाना नै परिवर्तन गरेर भारत वा म्यानमारकै नागरिक बनाएर खाडी देशमा पठाउने गरिएकोले यो विषयको सोधखोज झनै कठिन बन्न थालेको हो ।

नेपालबाट खाडीलगायत अन्य देशमा कामदार पठाउने नाममा हुने मानव तस्करीको नयाँ मार्ग एकाएक चर्चामा आएको छ । इराक र दुबई जान लागेको धेरै महिलालाई म्यानमारको सीमा नजिकैको भारतीय शहर मोरेह,मणिपुरलगायतका ठाउँबाट उद्धार गरिएपछि यो मार्ग चर्चामा आएको हो ।

म स्वयं दुई महिना अगाडि मिडिया फेलोसीपको क्रममा भारतको कोलकत्ता हुँदै म्यानमार गएको थिएँ । नेपालीलाई भारतको कोलकत्तालगायत कुनै पनि अन्तर्राष्ट्रिय विमानस्थलबाट जुनसुकै देशमा जान भिसा भए पनि भारतस्थित नेपाली दूतावासको ‘नो अब्जेक्सन’ पत्र देखाएपछि मात्रै विदेश उड्न दिने नियम बनाएको छ । हुनत: नेपाल सरकारले खाडी देशमा कामदार भई जाने महिलाहरुको हकमा यो नियम लागू गरेको थियो तर यसको असर सम्पूर्ण नेपालीले भारतीय विमानस्थलमा भोग्नु परिरहेको छ ।

म्यानमारमा भइरहेको मिडिया फेलोसीप कार्यक्रममा मानव तस्करहरुले भारतको पहाडि क्षेत्र तथा म्यानमार सीमा क्षेत्रमा बसोबास गर्ने जस्तै अनुहार मिल्नेहरुलाई म्यानमारको बाटो हुँदै इराक, दुबईलगायतको देशमा कामदार पठाउने नाममा मानव तस्करी हुने गरेको विषय उठान भएको थियो । तस्करहरुले हालैका दिनमा चीनमा कामदार पठाउने नाममा चीनको बाटो हुँदै म्यानमार पुर्‍याउने गरेको विषय खुलेको थियो । तर यसबारे ठोस प्रमाण देखिएको थिएन ।

नेपाली महिलाहरुको नाम र ठेगाना नै परिवर्तन गरेर भारत वा म्यानमारकै नागरिक बनाएर खाडी देशमा पठाउने गरिएकोले यो विषयको सोधखोज झनै कठिन बन्न थालेको हो । यस किसिमको घटनामा उद्धार गर्न समेत कठिनाई भइरहेको कुरा इमप्लस एनजिओ नेटवर्ककी अध्यक्ष हसिना खर्भीले बताएकी थिइन् । त्यही म्यानमारका संचारकर्मी तथा अधिकारकर्मीहरुले म्यानमारका नागरिकलाई वैदेशिक रोजगारमा जान रोक्न नसकिने मौकाको फाइदा अन्यहरुले लिने गरेको विषय बाहिरिएको थियो ।

भारतको राजधानी दिल्लीमा त्यहाँको महिला आयोग, सुरक्षाकर्मी तथा विभिन्न गैरसरकारी संस्थाले कडाई गर्न थालेपछि नेपालबाट कामदार पठाउने मार्गहरु परिवर्तन हुन थालेको बताइन्छ । केही समय अगाडि दिल्लीबाटै बेचिने सक्ने सम्भावना भएकी छ महिला उद्धार गरिएपछि त्यहीबाट निकालिएको सूचनाको आधारमा भारतको मोरेहबाट ४० जना महिलालाई उद्धार गरिएको विषय नेपाली मिडियामा फेब्रुअरी २ तारिखको दिन स्थान पायो । त्यही इष्टमोजो, तहलका, असम ट्रिब्युनसहितका भारतीय मिडियाको अनलाइन संस्करणमा सयभन्दा बढी नेपाली महिलाको उद्धार गरिएको विषय फेब्रुअरी १ र २ तारिखको दिन चर्चामा रह्यो ।

नेपाली मिडियाले ४० संख्या भनेर सानो समाचार र भारतीय मिडियाले सयभन्दा बढी महिलाको उद्धार भएको विषयमा ठूलो समाचार बनाउनुले नै केही गहन अनुसन्धानको आवश्यक्ता रहेको देखिन्छ । बरु नेपालकै अंग्रेजी माध्यमको मिडियाले यो विषयलाई भारतीय अंग्रेजी मिडिया सरह नै स्थान दिएको हो । पहिले नै उठान गरिसकिएको छ, नेपालीलाई भारत तथा म्यानमारको नक्कली नागरिक बनाएर विदेश पठाउने गरिएको छ । त्यसै कारणले पनि एउटै घटनामा नेपाल र भारतको मिडियाले फरक फरक तथ्यांक सार्वजनिक गरिरहेको छ भने उद्धार थालिनु अगाडि नै ६० जना महिलाहरु म्यानमार क्षेत्रमा प्रवेश गरिसकेको

बाँकी पृष्ठ २ मा



## सम्पादकीय



# सीडीओ अर्थात् 'छोटे राजा'

संसदमा प्रस्तुत भएको नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्यसञ्चालन, सुपरिवेक्षण तथा समन्वय) विधेयकप्रति सांसदहरुले असन्तुष्टि जनाएका छन् ।

संघीय संसद्मा सरकारले ल्याएको प्रहरीसम्बन्धी विधेयक संविधानको मर्म र संघीयताविरोधी भएको भन्दै सत्तापक्षकै सांसदहरूले विरोध गरेका छनर ।

वास्तवमा यो विधेयक संविधानको मर्म र संघीयताविरोधी छर । प्रदेश सरकारलाई निकम्मा बनाउने र प्रदेश सरकारभन्दा माथि प्रमुख जिल्ला अधिकारी (सीडीओ) लाई राखेर अधिकार दिइएको छ । सीडीओ प्रदेश सरकारभन्दा माथि हुन सक्दैन । संघीयता खत्तम पार्ने, सीडीओलाई 'छोटे राजा' बनाउने र मुख्यमन्त्रीलाई दास बनाउने गरी यो विधेयक ल्याएको सजिलै अनुमान गर्न सकिन्छ ।

संघीयता भनेको त मुख्यमन्त्रीलाई मजबुत बनाउनु हुनुपर्छ । यसरी चल्दा संघीयता नै समाप्त हुन्छ । सीडीओलाई दिने भनिएको अधिकार गैरसंवैधानिक हो । यसले प्रदेशको गृह मन्त्रालयभन्दा सीडीओलाई अधिकारसम्पन्न गर्न खोजेको छ । यस्तो विधेयक फिर्ता हुनुपर्छ ।

प्रदेश प्रहरीको खटनको अधिकारसमेत सीडीओलाई दिइएको छ । प्रदेश प्रहरीले

**संघले अभिभावकत्व गर्नुको सट्टा प्रदेश र स्थानीय तहलाई कार्यान्वयन इकाईका रूपमा मात्र लिएर संघीयताविरोधी रुझान यसमा स्पष्ट देखिन्छ ।**

शान्तिसुरक्षा कायम गर्ने सम्बन्धमा नेपाल सरकारको नीति र सीडीओको निर्देशनअन्तर्गत रही काम गर्नुपर्ने विधेयकमा उल्लेख छ ।

संविधानले प्रदेशभित्रको प्रहरी प्रशासन र शान्तिसुरक्षासम्बन्धी अधिकार प्रदेश सरकारलाई तोकेको छ । तर, गृह मन्त्रालयले अघिल्लो साता संसद् सचिवालयमा दर्ता गरेको यो विधेयकमा अपराध अनुसन्धानमा भूमिका गौण रहने गरी प्रहरी निरीक्षक र त्यसमुनीका प्रहरी कर्मचारी मात्र प्रदेश प्रहरीको सांगठनिक संरचनामा रहने गरी कानुनी व्यवस्थाको प्रस्ताव गरेको छ ।

संघले अभिभावकत्व गर्नुको सट्टा प्रदेश र स्थानीय तहलाई कार्यान्वयन इकाईका रूपमा मात्र लिएर संघीयताविरोधी रुझान यसमा स्पष्ट देखिन्छ ।

यो विधेयकले यही रूपमा बढाए संघ र प्रदेशबीचमा थप द्वन्द्व हुन जान्छ । सीडीओ संघीय सरकारको प्रतिनिधि हो र रहनुपर्छ तर प्रदेश गृहमन्त्रीभन्दा बढी पावर दिएर जुन ढंगले प्रहरी सञ्चालन गर्ने भनेर विधेयक आएको छ, यो संविधानविपरीत छ ।

त्यसैले सीडीओलाई समेत प्रदेश सरकारअन्तर्गत राख्नुपर्छ र संविधानले दिएको अधिकार विधेयकले कटौती गरिरएकाले यसलाई संशोधनको माध्यमबाट सच्याउनुपर्छ ।

प्रदेश र स्थानीय सरकार स्वतन्त्र हुन, केन्द्रको कुनै मातहतको युनिट हो भन्ने भान नहोस् । विधेयकमा प्रदेश सरकारलाई कुनै अधिकार दिइएको छैन । प्रमुख जिल्ला अधिकारीलाई बडाहाकिम बनाइएको छ । सरकारको नियत के हो भन्ने प्रश्न उठेको छ ।

जिल्लाका प्रहरीमाथि दोहोरो कमान्डको जोखिम रहेको छ । संविधानले प्रदेश प्रहरी स्वायत्त हुने परिकल्पना गरेको छ । जसअनुसार प्रदेश प्रहरी पूर्ण रूपमा प्रदेश सरकारमातहतमा हुन्छ । तर, केन्द्रबाट खटिने सिडिओको आदेशमा चल्नुपर्ने हुन्छ । कुनै घटना वा विषयमा सिडिओ र प्रदेश आइजिपीबाट फरक-फरक आदेश आएमा के गर्ने समस्या हुन सक्छ । यसमा प्रस्ट भएन भने ठूलो समस्या निम्तन सक्छ ।

प्रदेश सरकारले भने केन्द्रले धेरै अधिकार राखेर प्रदेशलाई कमजोर बनाउन खोजेको भन्दै विधेयकका प्रावधानप्रति असन्तुष्टि जनाएका छन् । सिडिओमातहत प्रहरी परिचालन हुँदा शान्तिसुरक्षाको उत्तरदायित्व कसको भन्ने प्रश्न उठ्ने गरेको छ । ठूला किमिसका घटना भए तत्काल प्रदेशको आन्तरिक मामिला मन्त्रालयमा जानकारी दिने र थप जनशक्ति आवश्यक भए मद्दतका लागि लेखी पठाउनुपर्ने विधेयकमा उल्लेख छ ।

प्रस्तावित ऐन पारित भएमा जननिर्वाचित प्रदेश र स्थानीय तहको शासकीय अधिकार खोसिनेछ भने सिडिओको रूपमा एक कर्मचारी नै जिल्लाको शासक बन्नेछ । प्रशासकीय, न्यायिक तथा सुरक्षाको सम्पूर्ण अधिकार सिडिओलाई दिएर प्रदेश र स्थानीय तहलाई पंगु बनाउने यो ऐनले केन्द्रीकृत शासनको पुरानो परम्परालाई भने कायमै राख्ने देखिन्छ ।

## साताको सात बात



देशमा भ्रष्टाचार संस्थागत हुँदै गएको सुनिएको छ । नवीन प्रविधि र परिवर्तित प्रवृत्तिका कारण चुनौती थपिँदै गएको परिप्रेक्ष्यमा भ्रष्टाचार संस्थागत हुन थालेको छ, जुन चिन्ताको विषय हो । यस्तो परिस्थितिमा भ्रष्टाचार निर्मूल गर्न सबै सरोकारवाला पक्षको साझा अठोट र प्रतिबद्धताको खाँचो छ । **विद्यादेवी भण्डारी, राष्ट्रपति**



मधेशी जनताको हक अधिकारको पक्षमा संविधान संशोधनको लागि मैले लगातार प्रयास गरिरहेको छु, मधेशी जनताको आवश्यकता अनुसार संविधान संशोधन गरेर अगाडि बढ्ने भनेर प्रधानमन्त्री केपी ओली, म र उपेन्द्र यादवले हस्ताक्षर समेतगरेका छौं । **पुष्पकमल दाहाल, अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी**



गरीबी र बेरोजगारी समस्या समाधान गर्दै देशमा विकास गर्नुपर्छ । जनताको आर्थिकस्तरमा वृद्धि भएमा मात्र समृद्धि सम्भव छ । सबै राजनीतिक पार्टीहरुको ध्यान अब यसप्रति हुनुपर्छ । भाषणले मात्र समृद्ध नेपाल सुखी नेपाली हुन सक्दैन । **डा. बाबुराम भट्टराई, संयोजक नयाँ शक्ति पार्टी**



कुनै नेताको एकल निर्णयले मनाइएको जनयुद्ध दिवस पार्टीलाई मान्य हुनै सक्दैन । यो प्रचण्डजीको निजी निर्णय हो, यसबारे पार्टीमा केही पनि छलफल भएको छैन । त्यसैले हामी मान्दैनौं । जनयुद्धको मात्र नभई सबै आन्दोलनका शहीदहरुको सम्मान गर्नुपर्छ । **माधवकुमार नेपाल, नेता नेपाल कम्युनिष्ट पार्टी**



यो देशमा मधेशी, थारु, मुस्लिम, अदीवासी जनजातीहरुले अधिकार र पहिचान पाउनुपर्छ भन्ने मधेश आन्दोलनको माग थियो । राज्यसत्ताबाट हिमाल, तराई, पहाड उपेक्षित हुँनुहुदैन भन्ने आवाज थियो । तर, शासत वर्ग, नश्लवादी चिन्ता बोकेकाहरुले आन्दोलनलाई बदनाम तुल्याए । **राजेन्द्र महतो, अध्यक्ष मण्डलका सदस्य, राष्ट्रिय जनता पार्टी**



एकवर्षे कार्यकाल भने पनि सरकारले काम सुरु गरेको चार-पाँच महिनाभन्दा बढी भएको छैन । चाहेअनुसार काम गर्न सकेनौं होला, तर हामीसँग गोरेटो बाटो पनि थिएन, गोरेटो बाटो खन्दै पन्छाउँदै झाँडी फाँड्दै हामी अगाडी बढेका हौं । **डोरमणी पौडेल, मुख्यमन्त्री, प्रदेश ३**



नेपालमा रोजगारीको अभावमा धेरै युवाहरु वैदेशिक रोजगारीमा जान बाध्य बनिरहेका छन् । एकातिर यो अवस्था छ भने अर्कोतिर नेपालको श्रम बजारले काम गर्ने जनशक्ति खोजिरहेको छ । तर, श्रम बजारको आवश्यकता अनुकूल काम गर्ने व्यक्तिहरु पाइरहेको छैन । श्रम बजारको माग र आपूर्ति हुने जनशक्तिको वीचमा तादाम्य मिल्न सकिरहेको छैन । **गोकर्ण विष्ट, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री**

# परराष्ट्र नीतिमा नेपालले बुझ्नु पर्ने कुरा



**ज्ञानचन्द्र आचार्य**

*अन्तर्राष्ट्रिय मञ्चमा भारतसँगको सम्बन्ध लाई लिएर अर्को देशसँगको सम्बन्धमा कस्तो असर परेको छ भन्ने पनि हेर्नुपर्छ। झट्ट हेर्दा हाम्रो सम्बन्ध द्विपक्षीय हो तर हामी सबै अन्तर्राष्ट्रिय संरचनामा छौं।*

अन्तर्राष्ट्रिय मञ्चमा भारतसँगको सम्बन्ध लाई लिएर अर्को देशसँगको सम्बन्धमा कस्तो असर परेको छ भन्ने पनि हेर्नुपर्छ । झट्ट हेर्दा हाम्रो सम्बन्ध द्वीपक्षीय हो तर हामी सबै अन्तर्राष्ट्रिय संरचनामा छौं ।

नेपालको कूटनीति फेरि एउटा संवेदनशील र महत्वपूर्ण मोडमा आइपुगेको छ । हाम्रो आफ्नै आन्तरिक मामलामा भएको विकास र विश्व संरचनामा भइरहेका पछिल्ला परिवर्तनले आगामी दिनमा निकै सुझबुझ र सावधानीपूर्वक परराष्ट्र नीति सञ्चालन गर्नुपर्ने भएको छ । जुन कुराको अहिलेको नेतृत्वमा अभाव देखिएको छ ।

यसअघि पनि नेपालको कूटनीतिमा दुई पटक यस्ता संवेदनशील मोड आएका थिए जसलाई हामीले निकै सफलतापूर्वक पार गरेका थियौं । नेपाल नेशन स्टेटको रूपमा स्थापित हुँदाको बेला तिब्बत-चाइना र ब्रिटिस इन्डियासँग सन्तुलन कायम गर्नुपर्ने थियो । उनीहरूसँग वार्ता गरेर हामीले सम्बन्ध विस्तार गर्‍यौं । सन् १७९२ मा तिब्बतसँग वेत्रावती सन्धी भयो । त्यही वर्ष हामीले ब्रिटिस इन्डियासँग व्यापार सम्झौता गर्‍यौं । त्यहीपछि उत्तर दक्षिण दुबैसँग सन्तुलित सम्बन्ध राख्दै आयौं ।

दोस्रो संवेदनशील घडी नेपालमा प्रजातन्त्र आएको र भर्खरै विश्वयुद्ध सकिएको सन् १९५० र ६० दशक थियो । जति बेलामा नेपालले संयुक्त राष्ट्रसंघको सदस्यता पनि लियो । त्यहीबेला शक्ति राष्ट्र जापान, जर्मनी, फ्रान्ससँग दौत्य सम्बन्ध बनायो । १० वर्षको अवधिमा २५ वटा राष्ट्रसँग सम्बन्ध विस्तार भयो । भिटो अधिकार भएका सबै राष्ट्रसँग हाम्रो सम्बन्ध भयो । त्यसले नेपाललाई एउटा सार्वभौमसत्ता सम्पन्न प्रजातान्त्रिक राष्ट्रको हैसियत दियो ।

अहिले एकातिर नेपालले द्वन्द्व सकेर आफ्नै संविधान बनाएको छ । स्थायित्व र विकासको चरणमा प्रवेश गरेको छ । यही बेलामा हामीले भारतको नाकाबन्दी पनि भोगेर आएका छौं । अर्कातिर दोस्रो विश्वयुद्ध पछि बनेको विश्वव्यवस्थामा परिवर्तन आइरहेको छ । हामीले विश्वास गरेको अन्तर्राष्ट्रियवाद र बहुलवाद पछाडि पर्न थालेको छ । विश्व व्यापार संगठनले काम गर्न सकेको छैन । संयुक्त राष्ट्र संघको सुरक्षा परिषद अप्ठेरोमा छ । संयुक्त राष्ट्र संघले भइरहेका दुईरचार वटा मिसन पनि बन्द गरेको अवस्था छ ।

विकास, शान्ति र मानवीय सहायताका कुराहरूमा बहुराष्ट्रिय कुरालाई छोडेर द्वीपक्षीय रूपमा अघि बढ्ने क्रम जारी छ । कतिपय देशका शासक 'म राष्ट्रिय हितमात्र हेर्छु, बाँकी संसारसँग मतलब छैन' भन्ने मानसिकताले अघि बढेका छन् ।

यस्तो परिस्थितिमा बदलिँदो विश्वव्यवस्था वा क्षेत्रीय मञ्चमा हामी कहाँ छौं भन्ने हेरेर नेपालले दूरदृष्टिसहित सजगताका साथ काम गर्नुपर्छ ।

संसारमा जहिले पनि एउटा 'रूलिङ पावर' र अर्को 'राइजिङ पावर' हुन्छन् । पहिलोले आफ्नो प्रभुत्व कायम राख्न चाहन्छ अर्कोले त्यो शक्ति लिन खोज्छ । पछिल्लो पाँच सय वर्षको इतिहासमा १६ पटक यस्ता दुई शक्तिबीच तनाव उत्पन्न भएको छ । त्यसमध्ये १२ पटक लडाइँ भएको थियो भने पछिल्ला चार पटक भएको थिएन । कहिल्यै सूर्य नअस्ताउने ब्रिटिस साम्राज्यको शक्ति अमेरिकालाई हस्तान्तरण हुँदा लडाइँ भएन ।

त्यो शक्ति अहिले अमेरिकाबाट अरूमा सर्न लाग्दा पनि केही संक्रमणका लक्षण देखिन थालिसकेका छन् । 'हार्ड पावर'को समीकरण पनि विस्तारै परिवर्तन भइरहेको छ । अमेरिका सैन्य, आर्थिक र सोचको हिसाबले अन्तर्राष्ट्रिय व्यवस्था कायम गर्नेमा पहिलो नम्बरमा त छ तर तुलनात्मक रूपमा उसको शक्ति घट्दै गइरहेको छ । र अन्य उदाउँदा शक्तिहरू आइरहेका छन् । यसको अर्थ अमेरिका वा पश्चिमा राष्ट्रको प्रभाव सकिइसक्यो भन्ने होइन । अहिले पनि कति धेरै संस्था छन् जसमा उनीहरूको प्रमुख स्वार्थ र प्रभाव कायम छ ।

हाम्रा दुबै छिमेकी चीन र भारत पनि धेरै अगाडि गइरहेका छन् । उनीहरूले पश्चिम केन्द्रित विश्व व्यवस्थालाई नै चुनौती दिइरहेका छन् ।

यस्तो सन्दर्भमा नेपालले आफ्ना आधारभूत हित कसरी प्रवर्द्धन गर्ने? तिनलाई कसरी अगाडि लैजाने अहिलेको प्रमुख विषय त्यहि हो ।

नेपालको परराष्ट्र नीतिमा ६ वटा महत्वपूर्ण कोणहरू छन् । चीन, भारत, अमेरिकालगायत विकसित राष्ट्र, हामीजस्तै अन्य देशहरू, नेपालको श्रम सम्बन्ध भएका देश र संयुक्त राष्ट्र संघ र अन्तर्राष्ट्रिय मूल्यमान्यताहरू । यीमध्ये चीन, भारत, अमेरिकासँगै अन्य पश्चिमा राष्ट्रसँग सम्बन्ध र अन्तर्राष्ट्रिय मूल्यमान्यता अहिले हामीलाई एकदमै महत्वपूर्ण छन् ।

भारतसँग हाम्रो पुरानो सम्बन्ध छ । त्यसमा भएका उतार-चढाव र यो क्षेत्रको महाशक्ति बन्ने उसको महत्वकांक्षा पनि हामीले देखिरहेका छौं । महाशक्ति बन्ने उसको महत्वकांक्षा किन पनि छ भने उसको आन्तरिक शक्ति बढिरहेको छ । यस्तो भारतसँग आउँदा दिनमा कसरी डिल गर्ने भन्नेमा हामीले व्यापक अध्ययन गर्नुपर्छ ।

भारतभित्रै पनि परराष्ट्र नीतिबारे दुईटा 'ट्रेन्ड' देखिएका छन् । पूरानो चक्रवर्तीवाला ट्रेन्डले भारतीय उपमहाद्वीपमा आफ्नो प्रभुत्व हुनु पर्छ भन्छ ।

अर्कोचाहिँ त्यस्तो होइन हामीले 'लुक इस्ट पोलिसी', 'नेवरहुड फर्स्ट' लाई प्राथमिकता दिनु पर्छ भन्छ । यी दुईमध्ये कहिले एक कहिले अर्को माथि आउँछ ।

भारतसँगको सम्बन्धलाई पारस्परिक हित र सुझबुझपूर्ण तरिकाले मात्र होइन की हाम्रा नयाँ आकांक्षालाई परिपूर्ति गर्न कुन रूपमा अघि लैजाने भन्नेमा हामी स्पष्ट हुनुपर्छ ।

त्यो भनेको भारतसँगको सम्बन्धलाई मात्र नहेरी अरू अवसरसँग ऊसँगको सम्बन्ध कसरी अन्तरसम्बन्धित हुन्छ भन्ने ख्याल गर्नु हो । हामीले चीन र अमेरिकासँग सम्बन्ध बढाउदा यी तीन देशसँगको सम्बन्धको सन्तुलन के हुन्छ भन्ने कुरामा सजग हुनुपर्छ ।

अन्तर्राष्ट्रिय मञ्चमा भारतसँगको सम्बन्ध लाई लिएर अर्को देशसँगको सम्बन्धमा कस्तो असर परेको छ भन्ने पनि हेर्नुपर्छ । झट्ट हेर्दा हाम्रो सम्बन्ध द्वीपक्षीय हो तर हामी सबै अन्तर्राष्ट्रिय संरचनामा छौं ।

नेपाल र दक्षिण एसियाको सम्बन्धका सन्दर्भमा 'दक्षिण एसियामा भारतको प्रभुत्व' भन्ने उनीहरूको धारणामा परिवर्तन आइरहेको छ । हामीले भारतलाई अहिलेको दक्षिण एसिया सन् १९६०, ७० र ८० को दशकको जस्तो होइन भन्नुपर्छ ।

भारत होराइजेन्टल रूपमा म्यानमारदेखि अफगानिस्तानसम्म आफ्नो प्रभाव बढाउन लागिरहेको छ । चीन पनि भर्टिकल रूपमा आइरहेको छ । नेपाल, बंगलादेश र श्रीलंकासम्म आफ्नो लगानी बढाएको छ ।

कुन क्षेत्रमा हामीले भारतसँग व्यवस्थापन गर्ने र कुन क्षेत्रमा चीन वा पश्चिमा देशलाई पनि सहभागी गराउने भन्नेबारे पूर्ण रूपमा छलफल हुनु पर्छ ।

व्यापारको कुरा गर्दा भूपरिवेष्ठित देश भएकाले छनौटको स्वतन्त्रता हुनु हाम्रो सार्वभौमिकता हो । अरू देशका लागि भन्दा भूपरिवेष्ठित देशको यो खास विशेषता हो । त्यसलाई केन्द्रमा राखेर हामीले उनीहरूको आधारभूत सुरक्षा चासोलाई सम्बोधन गर्नु पर्छ ।

चीनको कुरा गर्दा ऊ अहिलेको निकैनै मुखरित भएर अघि बढिरहेको शक्ति हो । सी चिनफिङको चीन तेङ सियाओपिङको बेलाको जस्तो होइन । ऊ अहिले विश्वशक्ति राष्ट्र बन्ने दौडमा छ । त्यसरी जबजस्त रुपमा अगाडी आइरहेको चीनसँगको सम्बन्ध हाम्रो राष्ट्रिय हितलाई प्रवर्द्धन गर्न कसरी प्रयोग गर्ने? चीनसँगमात्र होइन अरू सबैसँगको सम्बन्धमा पनि हाम्रा लक्ष्मण रेखा के-के हुन भन्ने कुरामा हामी स्पष्ट हुनु जरुरी छ । हामी कसैको खेल मैदान बन्न नचाहने भएकाले हाम्रो राष्ट्रिय सुरक्षामा सजगता पनि अपनाउनु पर्छ ।

यस्तो सन्तुलन कहिलेकाँही चुनौतिपुर्ण हुने गर्छ । जस्तै, हामीले नेपालमा तिब्बतविरोधी गतिविधि हुन दिनु हुँदैन । तर काठमाडौंमा बसिरहेका तिब्बती शरणार्थीलाई दैनिक जीवन चलाउन नै गाह्रो हुने काम पनि गर्नु हुँदैन ।

चीनको बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) मा हामीले हस्ताक्षर गरेका छौं । बिआरआईमा हामी जानु नै पर्थ्यो, किनभने चीन हाम्रो महत्वपूर्ण सहयोगी हो । ऊसँगको राम्रो सम्बन्धले क्षेत्रीय सन्तुलन पनि बनाउँछ । बिआरआईबारे विभिन्न देशका फरक-फरक अनुभव छन् ।

हामीले उनीहरुका अनुभव हेर्नुपर्छ । हामी सामु के कस्ता सर्तहरू छन्, तीनले फाइदा पुर्‍याउछ कि पुर्‍याउदैन? नेपालको दीर्घकालीन हितलाई सहयोग पुग्छ कि पुग्दैन? यस्ता कुरामा हामी अत्यन्त सजग हुनु पर्छ । श्रीलंकाको हम्बानटोटालगायत ठाउँमा बिआरआईको पैसा कसरी प्रयोग भयो, त्यसको कस्तो प्रभाव पार्‍यो, हामीले गहिरोसँग बुझ्नुपर्छ ।

पछिल्लो समय हामीले भारत र चीनसँगको सम्बन्धलाई मात्र बढी प्राथमिकतामा दिइराखेका छौं । यसैमा सिमित भएर हामीले नेपालको दीर्घकालीन हित प्रवर्द्धन गर्न सक्दैनौं ।

भारत र चीनबीच ठूलो द्वन्द्व भयो भने हामी चपेटामा पर्छौं । वा उनीहरूबीच मिल्ती भयो र यो क्षेत्रमा के, के गर्ने भन्नेबारे उनीहरुले सहमति गरे भने पनि हाम्रालागि हितकर हुन्न ।

अहिले अमेरिकाले भन्ने गरेको 'इन्डा-प्यासेफिक' क्षेत्र चर्चामा छ । अमेरिकाले एआरआरआई भनेर बिआरआई जस्तै अर्को कार्यक्रम ल्याएको छ ।

त्यसले यो क्षेत्रलाई नयाँ प्रतिष्पर्धामा धकेलेको छ । राम्ररी प्रयोग गर्ने हो भने यसले हामीलाई फाइदा पनि दिन्छ । किनभने, त्यसका प्यारामिटर हेर्दा साँच्चै अमेरिकाको एसिया प्यासेफिक क्षेत्रलाई यस्तो किसिमको स्पष्ट तरिकाले एउटै डकुमेन्टमा आएको धेरैपछि हो ।

फरक देशसँग फरक किसिमका सम्बन्धका तहहरू त्यसमा उल्लेख गरिएको छ । कसैसँगै रणनीतिक सुरक्षा साझेदारी छ, कसैसँग रणनीतिक सहकार्य छ, कसैसँग द्वीपक्षीय सहकार्य छ । कसैसँग आर्थिक सहकार्य छ त कसैसँग प्रतिष्पर्धा र कसैसँग निकै ठूलो प्रतिद्वन्द्वीता छ । यी सबै कुरा इन्डो प्यासेफिक रिजनमा भनेकाले यो क्षेत्रका सबै देशले आफ्नो हितअनुकूल हुने गरी काम गर्न सक्छन् ।

अमेरिकाले नेतृत्व गरिरहेको पश्चिमा शक्ति राष्ट्र र बहुपक्षीय संघसंस्थासँगको सम्बन्धलाई पनि हामीले आफ्नो राष्ट्रिय हित प्रवर्द्धन गर्ने महत्वपूर्ण अंगको रूपमा हेर्नुपर्छ । अहिले हाम्रो पूर्वाधारमा लगानी गर्ने सबैभन्दा ठूलो संस्था विश्व बैंक हो । उसले ५३३ मिलियन डलर दिएको छ । दोस्रोमा एसियाली विकास बैंक छ । उसको लगानी २९१ मिलियन डलर छ भने तेस्रोमा रहेको अमेरिकाले ११८ मिलियन डलर लगानी गरेको छ । त्यसपछि बेलायत, जापान र युरोपियन युनियन छन् ।

पूर्वाधारमा ठूलो लगानी गरेको विश्व बैंकमा सबैभन्दा धेरै १६ प्रतिशत सेयर अमेरिकाको छ । विश्व बैंकबाट हामीले कुनै ऋण लिनु पर्‍यो भने उसलाई मनाउनु पर्छ किनकी विश्व बैंकको नियम अनुसार ऋण पास हुन ८५ प्रतिशतको सहमति चाहिन्छ ।

यी बहुपक्षसँगको सम्बन्धबारे हाम्रो चिन्ता व्यापारको स्वतन्त्र छनौट र नीति निर्माणमा स्वतन्त्र रुपले अघि बढ्न पाउँछौं कि पाउँदैनौं भन्ने हो । सार्वभौमिकताका सन्दर्भमा त हामी राम्रैसँग स्थापित भइसकेको मुलुक हौं । यी शक्तिसँगको बदलिँदो परिस्थितिमा हाम्रो राष्ट्रिय हित के हो त? स्वतन्त्रता र सार्वभौमसत्ता पहिलो नम्बरमा हो ।

दोस्रो नम्बरमा हाम्रो दैनिक जनजीवन, हाम्रो प्रजातान्त्रिक व्यवस्था, कानुनी शासन र स्थायित्वको समग्रतालाई पनि नेपालको परराष्ट्र नीतिको एउटा अंगका रूपमा अगाडि बढाउनु पर्छ । जसमा धेरै ध्यान गएको छैन । तेस्रो नम्बरमा हाम्रो आर्थिक हितको प्रवर्द्धन हो । भारतसँगको हाम्रो आर्थिक सम्बन्ध एकदमै नमिलेको छ । पछिल्लो पाँच महिनामा नेपालको भारतसँगको व्यापार घाटा अत्यन्त धेरै छ । संसारका झन्डै २०० देशमध्ये २०/३० मामात्र यस्तो हुन्छ । ती पनि साना देश, जसको जनसंख्या पनि केही लाखमात्र छ जहाँ कुनै प्राकृतिक स्रोत साधन छैन । यो एकदमै अप्राकृतिक, तरल र संवेदनशील अवस्था हो ।

त्यसो भए राजनीतिक र आर्थिक सम्बन्धलाई कसरी अघि बढाउने त? सबैभन्दा महत्वपूर्ण र चुनौतीपूर्ण कुरा सुझबुझ र परराष्ट्र नीतिमा स्थायित्व हो । परिस्थिति अनुसार 'फ्लिप एन्ड फ्लप' हुने हो भने अन्तर्राष्ट्रिय समूदायमा विश्वास रहँदैन । कूटनीतिमा साख र विश्वास ठूलो कुरा हो । हामीले हाम्रो चासो के हो र उनीहरूको चासो के हो भन्ने विषयमा खुला दिलले निरन्तर कुराकानी गर्नुपर्छ ।

क्षेत्रीय स्तरमा भइरहेका परिवर्तनको सुक्ष्म अध्ययन गर्नुपर्छ । भारतले वा चीनले अरू देशसँग कसरी सम्बन्ध राखिरहेका छन् त्यो पनि हामीले विश्लेषण गर्नुपर्छ । हामी जहाँ बसेका छौं त्यहाँबाट मात्र के देखियो भन्नेले सबै कुरा राम्ररी भन्दैन ।

हामीले मंगोलियाको वा काजगस्तानको परराष्ट्र नीति पढेका छौ त? तिनीहरूको परराष्ट्र नीतिबाट पनि हामीलाई क्षेत्रीय अवस्था कसरी परिवर्तन भइरहेको छ भन्ने बुझ्न सजिलो हुन्छ ।

अहिले हामी तत्कालको फाइदामा मात्र केन्द्रीत भइरहेका छौं । कहिलेकाहीँ त हामी अल्पकालीन र दीर्घकालीन हितबारे नै द्विविधामा परिरहेका हुन्छौं । उदाहरणका लागि रेमिट्यान्स अल्पकालका लागि त निकै महत्वपूर्ण हो तर सधैंभरि यसैगरी मान्छे बाहिर पठाएर देशको अर्थतन्त्र चलाउन सम्भव छैन ।

आयात केन्द्रित अर्थतन्त्रमा रमाउँदा नजिकैको सुपरमार्केटमा गएर मन लागेको सामान किन्ने अवस्था त छ तर त्यो लामो समयसम्म रहिरहन सक्दैन ।

तत्कालको राजनीतिक फाइदा वा कुनै प्रोजेक्ट आउँछ भनेर हामीले नीति बनायौं भने त्यसले भविष्यमा देशको राष्ट्रिय हितलाई प्रवर्द्धन गर्दैन । हामीले कुन तात्कालीक कुरा हो र कुन दीर्घकालीन हो भन्ने छुट्याउनै पर्छ ।

विश्वव्यापीकरण वा अन्तरसम्बन्धित हुँदाहुँदै पनि हामीजस्ता देशले पानी, खाना र उर्जाजस्ता आधारभूत कुरामा आत्मनिर्भर हुनै पर्छ । त्यो आजको भोलि हुँदैन तर के हामीले यी क्षेत्रमा प्रगति गरिरहेका छौं त?

यी समस्याको समाधान र प्रश्नको उत्तर खोजेर संवेदनशील मोडमा पुगेको नेपाली कूटनीतिलाई दीर्घकालीन हितमा हुने गरी परिचालन गर्नुपर्छ । त्यसका लागि सरकारको दायित्व त प्राथमिक हुन्छ नै अन्य सरोकारवाला सबै त्यसमा सहभागी हुनुपर्छ ।

*(संयुक्त राष्ट्र संघका पूर्वउपमहासचिव आचार्यले माघ २९ गते राजधानीमा आयोजित एक कार्यक्रममा राखेको धारणाको अंश ।)*

## मिडियामा मानव...

आशंका गरिएको हो । उद्धार गरिएकी महिलाहरुको उमेर २० देखि ३५ वर्ष छ । मानव तस्करी गरेको आरोपमा सिन्धुपाल्चोकका ४२ बर्षीया आशाकाली तामाङ समेत नियन्त्रणमा छिन् ।

नेपालबाट माइती नेपाल तथा भारतबाट इम्पलस एनजिओ नेटवर्कलगायतका संस्थाहरुले महिलाहरुको उद्धारमा भारतको महिला आयोग तथा सुरक्षाकर्मीलाई सहयोग गर्दै आएको छ । स्रोतका अनुसार माइती नेपालले ७० जना नेपाली महिलाहरु भारतको मोरेह शहर हुँदै म्यानमार तस्करी हुन लागेको खबर उसका समकक्षी संस्था तथा सुरक्षा निकायसँग गरेको थियो । यस मार्गबाट सयौं नेपाली महिलालाई म्यानमारलगायतको देशमा तस्करी भइसकेको र अझै सो क्रम जारी रहेपछि नेपाल, भारत र म्यानामारको सामाजिक संस्था तथा सरकारका प्रतिनिधिहरु अहिलेसम्म उद्धारको क्रम जारी राखेको छ ।

झण्डै छ महिना अगाडि म स्वयं दिल्लीको पहाडगंज क्षेत्रमा सानो अध्ययन गर्दा त्यहाँका होटलहरुमा मोवाइल फोनले राम्ररी काम गर्ने नगरेको देखिएको थियो । दिल्लीको पहाडगंज, जेबी रोड लगायतको क्षेत्रबाट महिला आयोगले धेरै नेपाली महिलाहरुलाई उद्धार गरि बेचिनबाट जोगाएको छ ।

दुई महिना अगाडि म्यानमारस्थित एउटा पसलमा सामान किन्न जाँदा मसँग नेपाली भाषा बोल्ने साथी रहेकोले हामीले नेपालीमै कुरा गरिरहेका थियौं । एउटा समान राम्रो नलागेको प्रतिक्रिया जनाएको थिए । त्यही बेला त्यहाँ रहेकी महिला कामदारले इशारामै हामीलाई पसलको अर्को कुनामा त्यस्तै तर राम्रो समान रहेको ठाउँमा पुर्‍याएको थियो । नेपालबाट सडकमार्गको भारतीय बाटो हुँदै म्यानमारमा महिलाहरुलाई पुर्‍याउने र केही दिन त्यहाँ काम गराएर अन्यत्र पठाउने समेत गरिएको दाबी गर्न सकिने ठाउँ छ । मानव तस्करीको विषयमा नेपाली मिडियाले राजनीतिकै सेरोफोरोमा उठान गर्नुपर्ने खाँचो देखिएको छ ।

नेपालमा आर्थिक वर्ष २०७५/७६ साउनदेखि यता १४८ वटा मानव बेचबिखनको मुद्दा दर्ता भएको छ । त्यही ९५ वटा मुद्दा फर्छ्यौट भएको नेपाल प्रहरीको तथ्यांकमा छ । गत आर्थिक वर्ष २०७४/७५ मा ५४६ मानव बेचबिखनको उजुरी भएकोमा ३०५ मुद्दा फर्छ्यौट भएको थियो । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई विदेश लैजानेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना र बालबालिका लगेको भए पन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि दुईलाख रुपैयाँसम्म जरिवाना हुने उल्लेख छ ।

# सरकारमा गएपछि संविधान संशोधनको दबाब बढेको छ

**संघीय समाजवादी फोरम नेपालका प्रमुख सचेतक उमा शंकर अरगरिया प्रतिनिधिसभामा धनुषा क्षेत्र नं. २ बाट ३१०४४ मत ल्याएर निर्वाचित भएका हुन्। अरगरियाको जन्म २०३४ साल असोज २७ गते विससरभोरा ९ मा भएको हो। श्री शंकर जनता मावि, दुहवी गोवराहीबाट एसएलसी पास गरेका उनले जनकपुरको रा.रा.बहुमुखी क्याम्पसबाट स्नातकसम्मको अध्ययन गरेका छन्। २०५२ सालमा नेविसंघबाट आफ्नो राजनीतिक यात्रा सुरु गरेका उनी चुनाव नजिकिएपछि संघीय समाजवादी फोरममा प्रवेश गरेका थिए।**



## उमाशंकर अरगरिया

**प्रतिनिधिसभा सदस्य तथा प्रमुख सचेतक, संघीय समाजवादी फोरम नेपाल**

**० संघीय समाजवादी फोरम नेपाल केपी ओली नेतृत्वको सरकारमा सहभागी भएको ६ महिना बितेको छ, यो अवधिमा तपाईहरू आफ्नो कामबाट कति सन्तुष्ट हुनुहुन्छ ?**

– हामी सरकारमा के कारणले गर्दा सहभागी भयौं र हामीले त्यहाँ गएर के-के काम गयौं भनेर आम चासोको विषय रहेको छ। सरकारमा सहभागी हुने कि नहुने भनेर हाम्रो पार्टीभित्र पटक-पटक बैठक हुँदा प्रधानमन्त्री केपी ओलीलाई जनताले पत्याएर मत दिएको र हामी पनि सरकारमा सहभागी भयौं भने दुई तिहाई बहुमत हुन्छ र संविधान संशोधनको लागि सहज वातावरण बन्छ भनेर नै हामीले यो कदम उठाएका हौं। संघीयता विरोधी नेताको रुपमा चित्रित हुनुभएका ओलीलाई संविधान संशोधन गराउँछु भन्ने लिखित सम्झौता गराउनु पनि चुनौती नै थियो। सदन भित्र रहँदा संविधानमा उल्लेख भएको समय सीमाभित्र विधेयकहरु बनाउनु पर्ने हुन्छ। संविधानमा त्रृटि भए पनि त्यो संविधान अन्तर्गत रहेर बनाइने विधेयकहरुमा त्रृटि सच्याउँदै जाने र दर्जनौं मधेशी जनताको शहादतबाट प्राप्त भएको उपलब्धीलाई संस्थागत गर्दै अगाडि बढ्ने उद्देश्य लिएर हामी सरकारमा सहभागी भएका हौं। संविधान संशोधनको विषयलाई लिएर हामीले पटक-पटक सरकारलाई दबाब दिइराखेकै छौं। संविधानमा रहेको मौलिक हक अन्तर्गतको विधेयक हामीले समयमा पास गर्नुपर्ने थियो त्यो सम्भव भएन। अहिले नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको संचालन, सुपरिवेक्षण र समन्वय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक आएको छ र यसमा संघीयता विरोधी एक/दुई लाईनहरु रहेका छन्। त्यसमा सरकारले संशोधन नै गर्नुपर्छ। राष्ट्र बनाउने काममा र संघीयतालाई मजबुत बनाउने काममा संघीय समाजवादी फोरम हिजो, आज र भोलि सधैं अग्रसर रहिरहनेछ।

**० अहिलेसम्मको सत्ता यात्राको अवधिमा फोरम नेपाल सन्तुष्ट छ त ?**

– हामी सन्तुष्ट हुनका लागि सरकारमा गएकैं होइनौं। दुई तिहाईको हाराहारीमा कम्युनिष्ट पार्टीहरुको मत पुगेको छ र संविधान संशोधन पनि गराउनु छ भने त संघीय समाजवादी फोरम सरकारमा नहुने हो भने संविधान संशोधनको लागि आवश्यक हुने मत मधेशी दलकै कारणले पुगेन भने संविधान संशोधन हुँदैन भन्ने अल्झाउने उपाय सरकार पक्षले भेट्थ्यो र आरोप हामीमाथि नै लगाइन्थ्यो। त्यो आरोपको हामीले सतर्कतापूर्वक आफ्नो पक्षमा पार्न लागिपरेकै हौं। अहिलेको परिवशेमा हेर्दा दुई तिहाईको सरकारले भ्रष्टाचारी प्रवृत्तिको अन्त्य गर्छ भन्ने आशा मलाई थियो तर सरकार र प्रतिपक्षी दल नै मिसिएर गरेको विभिन्न भ्रष्टाचारको घटना आइरहेको छ त्यस विषयमा सबै चुपचाप छन्। दुई तिहाईको दम्भमा सरकारले राष्ट्रसेवक कर्मचारीलाई तर्साउने र आम जनताको विषयमा पञ्चायती व्यवस्थाको जस्तो तरिकाल निर्णय दिने प्रचलन बढेको छ। यस्ता घटना बढ्दै जाँदा लोकतन्त्रमा आहात पर्न सक्छ। त्यसैले हामी संविधान संशोधनको निम्ति सरकारलाई सहयोग गरिरहेका छौं।

> ☞ संघीयता विरोधी नेताको रुपमा चित्रित हुनुभएका ओलीलाई संविधान संशोधन गराउँछु भन्ने लिखित सम्झौता गराउनु पनि चुनौती नै थियो।
>
> ☞ संविधानमा त्रृटि भए पनि त्यो संविधान अन्तर्गत रहेर बनाइने विधेयकहरुमा त्रृटि सच्याउँदै जाने र दर्जनौं मधेशी जनताको शहादतबाट प्राप्त भएको उपलब्धीलाई संस्थागत गर्दै अगाडि बढ्ने उद्देश्य लिएर हामी सरकारमा सहभागी भएका हौं।
>
> ☞ अहिले नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको संचालन, सुपरिवेक्षण र समन्वय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक आएको छ र यसमा संघीयता विरोधी एक/दुई लाईनहरु रहेका छन्। त्यसमा सरकारले संशोधन नै गर्नुपर्छ।
>
> ☞ दुई तिहाईको दम्भमा सरकारले राष्ट्रसेवक कर्मचारीलाई तर्साउने र आम जनताको विषयमा पञ्चायती व्यवस्थाको जस्तो तरिकाल निर्णय दिने प्रचलन बढेको छ।
>
> ☞ संविधान संशोधनको विषयलाई लिएर हामीले पटक-पटक सरकारलाई दबाब दिइराखेकै छौं।

**० संविधान संशोधनको सर्तमा तपाईहरू सरकारमा सहभागी हुनुभएको छ त्यस सन्दर्भमा प्रधानमन्त्रीमा गम्भीरता पाउनु भएको छ ?**

– हामीले समय समयमासरकारमा सहभागी हुनुको आशय प्रधानमन्त्री समक्ष राख्दा उहाँले पटक पटक भनिराख्नुभएको छ कि विधेयकहरु समयमै बनाएर सक्याउनु पर्ने छ। त्यसको लागि निश्चित समय छ भनेर हाम्रो ध्यान विधेयक निर्माणतिर दिएका हौं। प्रधानमन्त्रीले संविधान संशोधन गर्छु भनेर आश्वासन पनि दिइराख्नुभएकै छ। संचारमाध्यममा पनि प्रधानमन्त्रीले संविधान संशोधन गर्ने बाचा दोहोऱ्याइरहनु भएकै छ। हामी छिट्टै संविधान संशोधनको प्रक्रिया अगाडि बढाउँछौं।

**० प्रधानमन्त्रीले त आवश्यक्ता र औचित्यको आधारमा संविधान संशोधन हुन्छ भन्ने कुरा गर्नुभएको छ नि ?**

– कुनै व्यक्ति विशेषमा कसैलाई गाली गरेर राष्ट्रवादी हुनु नेपालको पहिलेदखि कै परम्परा हो। पञ्चायती व्यवस्थामा राष्ट्रहितमा सोच्ने मान्छे राष्ट्रवादी हुन्थ्ये। अहिलेको अवस्थामा मधेशीलाई जति गाली गर्न सकियो त्यति राष्ट्रवादी हुने भन्ने बुझाई रहेको छ। यो व्याख्या गलत छ भनेर हामी साबित गरेरै छोड्छौं। राष्ट्रियता र राष्ट्रवादीको सवालमा हिमाल, पहाड, तराई र मधेशमा बस्ने सबै जनता बराबरी हुन्छन् भन्ने हाम्रो बुझाई रहेको छ। प्रधानमन्त्रीले भन्नुभएको जस्तै आवश्यक्ता र औचित्यकै आधारमा हुने हो संविधान संशोधन तर कति छिट्टो गर्ने हो त्यो मात्र हेर्न बाँकी छ। हामी यो राष्ट्र निर्माणको लागि, राष्ट्र बनाउनका निम्ति र संविधान संशोधनको निम्ति सरकारमा सहभागी भएका छौं। जतिबेला हामी संघीयता विरोधी गतिविधि भईरहेको देख्छौं त्यतिबेला चुप बस्न सक्ने अवस्था रहँदैन। बलियो र स्थिर सरकार रहेको अवस्थामा भ्रष्टाचार नियन्त्रणका लागि सरकारले जसरी कदम अगाडि बढाउनु पर्दथ्यो त्यो हुन सकिरहेको छैन। जतिवेला संविधान संशोधनको विषय बन्द हुन्छ वा संघीयतामाथि खतरा भएको हामीले महसुश गर्छौं हामी सरकार त्यतिबेलै छोड्छौं। यो कुरा विचार गरेर नै हामी सरकारमा गएका छौं। ५ वर्ष यो सरकारसँग सहकार्य गर्ने वाचाका साथ हामी सरकारमा सहभागी भएका होइनौं। राम्रो काममा सरकारलाई सहयोग सधैं रहन्छ। यदि संविधानको मर्म र भावना विपरित, भ्रष्टाचार जस्तो मुद्दामा, संघीयता विरोधी क्रियाकलापमा सरकार चल्न थाल्छ भने त्यसमा सचेत गराउने जिम्मेवारी पनि हाम्रो रहन्छ।

**० पटक-पटक सम्झाउँदा पनि प्रधानमन्त्रीले तपाईहरूको विषयमा गम्भीर हुनुहुन्न। कहिलेसम्म सरकारले संविधान संशोधनको प्रक्रिया अगाडि बढाउँछ भन्ने लाग्छ ?**

– निश्चित समयसम्म विधेयकहरु पास गर्न सकिएन भने यो संविधान असफल हुन्थ्यो। कांग्रेस, एमाले र तत्कालीन माओवादीले बनाएको यो संविधान दुनियाँकै उत्कृष्ट संविधान हो भनेर विगतमा भन्ने व्यक्तित्वहरु नै अहिले पछाडि हट्नुभयो। मधेशवादी दलहरुले भन्दै आएका छौं यो संविधानमा केही राम्रा पक्षहरु पनि रहेका छन् तर केही विषयहरु साम्प्रदायिकताको हिसाबले राखिएको छ। त्यतातिर संशोधन गर्नुपर्छ। तर यी विषयहरु नसच्याई अगाडि बढियो भने आउने दिनहरुमा मधेशी दलहरुभन्दा यी संविधान निर्माण गर्ने दलहरुलाई अप्ठ्यारो परिस्थिति निर्माण हुने निश्चित छ। यो सरकारले ५ वर्षमा राम्रो काम गर्न सक्यो भने ३० वर्षसम्म जान्छ आयु, नत्र अर्को आउने निर्वाचनमा नै उहाँहरुको हैसियत घट्छ र मधेशवादी वा संघीयतावादीहरुको हैसियत बढ्छ। सत्तासाझेदार दल भएको हुनाले पनि उहाँहरुलाई आग्रह गर्न चाहन्छु कि जनताले बनाएको लोकतान्त्रिक सरकार भएको हुनाले पञ्चायती शैलीमा अगाडि नबढ्नुस्। कांग्रेस पनि प्रतिपक्षको भूमिकाबाट भड्किएको मैले पाएको छु। सरकारलाई कसरी सचेत बनाउने र राष्ट्र निर्माणको अभियानमा कसरी अगाडि बढ्ने भन्ने विषयमा कांग्रेस सचेत हुन सकेको छैन।

**० अहिले संघीय समाजावादी फोरम नेपाल र नेकपाबीच खटपट चलिरहेको छ भन्ने कुरा पनि बाहिरिएको छ ?**

– हाम्रो खटपट भनेको सैद्धान्तिक हो। वाइडवडी प्रकरणमा भएको भ्रष्टाचारको छानविनको लागि माग गरेका हौं, पटक-पटक भइराखेको भ्रष्टाचार सम्बन्धी मुद्दाहरुमा गम्भीर भएर अनुसन्धान गर्न भनेका हौं। संविधान संशोधनको विषयलाई जतिसक्दो छिटो अघि बढाऔं भनेका हौं अरु कुनै खटपट छैन।

**० विभिन्न कारणले तपाईहरू संघीय सरकारबाट बाहिरिनुभयो भने प्रदेश २ को सत्ता समीकरणमा कस्तो असर पर्न सक्छ ?**

– त्यतातिर हामी जाँदैनौं। संघीय समाजवादी फोरम संघीय सरकारमा सहभागी भयो अब प्रदेश २ को सत्ता समीकरण बिग्रिन्छ भनेर अगाडि पनि धेरै चर्चा भएको हो। देश संघीयतामा गइसकेका छ। प्रदेश २ मा राजपा र संघीय समाजवादी फोरमको गठबन्धन छ। चुनावकै समयमा हामीबीच सहमति भएको थियो जसको धेरै सिट हुन्छ उसले मुख्यमन्त्री पाउँछ त्यही आधारले हामीले सरकार निर्माण गरेका छौं। केन्द्रमा हुने राजनीतिक घटनाक्रमले प्रदेश २ को सत्ता समीकरणमा कुनै असर गर्दैन। हामीले केन्द्रीय कमिटीको बैठकमा साना संघीयतावादी दलहरु सबै एक हौं र एउटै पार्टी निर्माण गरौं भनेका छौं।

**० तपाईहरूले एकीकरणको लागि वार्ता समिति गठन गर्नुभएको छ तर राजपालाई एउटा पत्र पनि पठाउनु भएको छैन ?**

– हामीले चुनावमा गठबन्धन निर्माणका लागि जसरी काम गऱ्यौं त्यतिबेला नि कुनै पत्राचार त भएको थिएन। त्यस्तै माहौल निर्माण भयो र हामी अगाडि बढ्यौं। हाम्रो तर्फबाट पार्टी एकताको लागि आह्वान भएको छ अब उहाँहरु सकारात्मक हुनुहन्छ राजपा नेपालका साथीहरुलाई अहिले पनि आग्रह गर्छु निर्वाचनको समयमा हामीले चुनावी गठबन्धन गऱ्यौं अब हामीले जनताको लागि पार्टी एकता गर्ने समय आएको छ। अब प्रदेश २ को राजनीतिको निम्ति होइन राष्ट्रिय राजनीतिको निम्ति, संघीयता र जनताको निम्ति पनि हामी एक हुनै पर्दछ। भन्ने हाम्रो वार्ता टोलीले उहाँहरुसँग वार्ता गर्छ र कुरा अगाडि बढ्ने हो। अहिले समयमा राजपा र फोरम एक भई अगाडि बढ्ने हो भने आम जनसमुदायलाई बढी फाईदा हुन्छ।

> ☞ हामी यो राष्ट्र निर्माणको लागि, राष्ट्र बनाउनका निम्ति र संविधान संशोधनको निम्ति सरकारमा सहभागी भएका छौं। जतिबेला हामी संघीयता विरोधी गतिविधि भईरहेको देख्छौं त्यतिबेला चुप बस्न सक्ने अवस्था रहँदैन।
>
> ☞ बलियो र स्थिर सरकार रहेको अवस्थामा भ्रष्टाचार नियन्त्रणका लागि सरकारले जसरी कदम अगाडि बढाउनु पर्दथ्यो त्यो हुन सकिरहेको छैन। जतिवेला संविधान संशोधनको विषय बन्द हुन्छ वा संघीयतामाथि खतरा भएको हामीले महसुश गर्छौं हामी सरकार त्यतिबेलै छोड्छौं।
>
> ☞ ५ वर्ष यो सरकारसँग सहकार्य गर्ने वाचाका साथ हामी सरकारमा सहभागी भएका होइनौं। राम्रो काममा सरकारलाई सहयोग सधैं रहन्छ।
>
> ☞ यो सरकारले ५ वर्षमा राम्रो काम गर्न सक्यो भने ३० वर्षसम्म जान्छ आयु, नत्र अर्को आउने निर्वाचनमा नै उहाँहरुको हैसियत घट्छ र मधेशवादी वा संघीयतावादीहरुको हैसियत बढ्छ।
>
> ☞ कांग्रेस पनि प्रतिपक्षको भूमिकाबाट भड्किएको मैले पाएको छु। सरकारलाई कसरी सचेत बनाउने र राष्ट्र निर्माणको अभियानमा कसरी अगाडि बढ्ने भन्ने विषयमा कांग्रेस सचेत हुन सकेको छैन।
>
> ☞ केन्द्रमा हुने राजनीतिक घटनाक्रमले प्रदेश २ को सत्ता समीकरणमा कुनै असर गर्दैन।

*मधेशवाणी साप्ताहिकका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको संम्पादित अंश।*

# स्वर्ण जयन्ती कि ‘मुख’ मिलान जयन्ती



नागेन्द्रकुमार कर्ण

हालै जलेश्वर नगरपालिका वडा नं. ४ सुगामा रहेको शुकदेव माध्यमिक विद्यालयले स्वर्ण जयन्ती समारोह मनाएको छ । सो जयन्तीको सेरोफेरोमा धेरै कुरा भयो, धेरै कुरा गर्न पनि बाँकी छ । वास्तविकतामा हेर्दा स्वर्ण जयन्तीको अवधिभन्दा ढिलो १३ वर्षमा मनाउन कुन ‘शक्ति’ले त्यत्रो विधि ‘शक्ति’ दिएको हो जो दश दिनमै मनाउन सक्नुपर्ने ‘माइण्डेट’ दियो त्यो खोतल्न भने आवश्यक छ । स्वर्ण जयन्ती कुनै उपभोक्ता समिति गठन गरे झै कोठामा गर्ने विषय होइन भन्ने जानकारी सामान्यजनलाई पनि छ भने प्रधानाध्यापक र वडाध्यक्षलाई सिकाउनुपर्ने कुरा त पक्कै होइन होला । यद्यपी सबैको बुझाई अलग अलग हुन सक्छ तर यो आलेखमा मलाई लागेको कुराहरु भन्न चाहन्छु । भनिन्छ,‘मुण्डे मुण्डे मतिर्भिन्ना, कुंडे कुंडे नवं पयः, जातौ जातौ नवाचाराः नवा वाणी मुखे मुखे ।’

यस क्षेत्रमा पुरानो कुरालाई दोहोऱ्याउनु अक्षम्य मानिन्छ । पुरानो कुरा कोट्याउनुको कुनै तुक हुन्न भनिन्छ । कार्यक्रम सकियो, भयो । अरुलाई मतलव हुन्न, खाली तिम्रै टाउको दुखाई किन । छोडिदेउ ति कुरा । खाटा बसेको घाउलाई किन कोट्याउनु पऱ्यो ? यावत कुराहरु सबैजनको मुखमा अर्ति झै झुण्डिएको हुन्छ । तर कतिपय कुराहरुमा भन्नुपर्छ, भन्न सक्नुपर्छ । होइन भने, सुन्नुपर्ने कुरा कसैले सुन्न पाउदैनन्, जान्न पाउने अधिकार कुण्ठित हुन्छ, भन्नुपर्ने कुरा भन्न छुट्छ र त्यही भएर यो समाज पछाडि छ । हामी पछाडी छौं र यसरी नै हामी पछाडी पर्छौं र पारिन्छौं ।

जसरी हिरा बन्न वर्षो लाग्छ त्यसरी नै बितेको कुराहरु नयाँ पुस्ताका लागि हिरा हुन् । अब हामीलाई बुझ्नुपर्छ हामी हिरा खोज्ने की प्लाष्टिकमै चित्त बुझाउने । त्यही भएर नै बितेको कुरासंग केही न केही लिन सक्नुपर्छ । पहिला के ठिक थियो । कहाँ ठिक थियो । कहाँ गलत थियो । गलत थियो भने कसरी थियो । राम्रो के थियो र ति राम्रो किन नराम्रो भयो कहाँ हरायो त्यसको खोजी हुनुपर्छ । त्यसको लागि चुप भएर हुदैन, बोल्नुपर्छ । गलत भए पनि भाषा मिलाएर बोल्नुपर्छ । झक्झकाउनुपर्छ र अरुलाई यस विषयमा थप बोल्न लगाउनुपर्छ । भनिन्छ, गलतलाई गलत र सहीलाई सही भन्ने क्षमता छैन् भने तपाईको प्रतिभा र शिक्षाको हकमा प्रश्न गर्ने ठाउँ हुन्छ । अहिलेको प्राविधिक शिक्षालयको रुपमा रहेको शुकदेव माविको स्वर्ण जयन्तीलाई यही सेरोफेरोमा हेर्ने, बोल्ने र बहस गर्नु जरुरी छ ।

सुरुवातको कुरा एउटा प्रसंगबाट शुरु गरौं । स्वर्ण जयन्तीको दुई दिन अगाडी अर्थात माघ १२ गते बेलुका । नेपाल पत्रकार महासंघ महोत्तरीका अध्यक्ष कमलेश मण्डलले मलाई बधाई दिनुभयो । ल बधाई छ, तिमीहरुले पढेको विद्यालयले स्वर्ण जयन्ती मनाइरहेको छ । मैले प्रतिप्रश्न गरे, स्वर्ण जयन्ती मनाउने वर्ष त धर्किएको धेरै भयो अब त हिरक जयन्ती मनाउने समय आउन लाग्न थालिसक्यो । उहाँले होइन माघ १४ गते सोमबार शुकदेव माविले स्वर्ण जयन्ती मनाउन लागेको पत्र पठाएको छ तिमीलाई जानकारी छैन । मैले भने मलाई त केही पनि जानकारी छैन् । उहाँले गाउँको यति ठूलो कार्यक्रम अनि तिमीलाई जानकारी छैन् भन्नुभयो । मैले पनि प्रतिकार गरे मटिहानीमा सानो कम्बल वितरण हुन्छ भने मलाई जानकारी हुन्छ तपाईलाई हुन्छ । कुराहरु यत्तिकै सिमित थियो । तर यो प्रसंगले मलाई किन किन हाँसो, आश्चर्य र दुःख लागिरहेको थियो । म सोच्न वाध्य भएँ । स्वर्ण जयन्ती त महोत्सव जस्तो मनाइनुपर्नेमा चोरी चोरी किन मनाइरहेको छ । यस्तो त नहुनुपर्ने हो तर बढी सोचेर आफूले आफैलाई गलाउनुभन्दा ‘बत्ति मुनि अँध्यारो हुन्छ’ भनेर सोच्दै चित्त बुझाएँ ।

मलाई ठयाक्कै सम्झना त छैन् तर विद्यालय उच्च मावि भएको समयमा हुनुपर्ने हो गाउँमा स्वर्ण जयन्ती मनाउनुपर्ने भनेर हल्ला चलेको थियो । धेरैले यो विषयमा मसंग सरसल्लाह पनि गरेका थिए । सो समयमा मैले यो गर्न कम्तीमा पनि ६ महिनाको समय लगाएर वृहत रुपमा गर्न सकियो भने धेरै कुरा छुट्छ तर पनि टिम वर्क गरेर एउटा वृहत मूल समारोह समिति र त्यसको मातहतमा छुट्टाछुट्टै अन्य समितिहरु बनाएर गर्ने हो भने नसकिने होइन भनेर सल्लाह, सुझाव दिएको थिएँ । किनकी, स्वर्ण जयन्ती समारोह जत्तिको महत्वपूर्ण छ बजेटको दृष्टिकोणले त्यत्तिकै खर्चिलो पनि छ । सबैले बुझेकै हुनुपर्छ स्वर्ण जयन्ती समारोह कुनै बाजा बजार अन्तरक्रिया गरे जस्तो होइन । यो त पुस्तान्तरण जोड्ने एउटा ‘यज्ञ’ हो जो पूर्णाहुति पछि पनि कालान्तरसम्म त्यसको धुँवाले समाजलाई आलोकित र पुलकित गरिरहन्छ र समाजलाई सधै ऊर्जावान भइरहन मद्दत पुऱ्याउँछ । तर, दुर्भाग्य भन्नुपर्छ हामीहरु विकासी बिचारधाराबाट अभिप्रेरित छौं । काम भयो सक्कियो । काम पनि कर्मकाण्डी मात्रै । झारा टार्ने उद्देश्यले । कुनै स्वार्थबाट अभिप्रेरित भएर । आफूलाई फाइदा पुग्ने मात्रै । कुनै पनि समीक्षा गर्दैनौं । समीक्षा त के त्रुटी पनि सुन्न चाहदैनौ । ‘मैं खाऊँ, मै लाऊ, सुखसयल वा मोज....।’

सबैले बुझेका छन् ५० वर्षमा स्वर्ण जयन्ती मनाइन्छ । ५/६ वर्ष ढिलो हुनुलाई सामान्य मान्न सकिन्छ तर १३ वर्ष ढिलो गरी मनाइनुलाई सामान्य मान्न सकिन्न् । वरु यत्तिकै वर्ष अझ रुकेको भए ‘हीरक’ जयन्ती मनाउन सकिन्थ्यो । तर खै के कारणले हो यत्तिको वर्षपछि सो पनि हतार हतारमा मनाउनुको के अर्थ छ र ? भनिन्छ,‘मुख’ मिलेपछि जे पनि गर्न सकिन्छ ।’ ‘मुख’ मिलाई कुनै नयाँ शब्द होइन जसरी शब्दमा ‘सेटिगं’, औजारमा ‘सलाइरिन्च’ झै यो पनि प्रचलित शब्द हो । जहाँसम्म विद्यालयको स्वर्ण जयन्ती समारोहको कुरा छ तयारीदेखि लिएर कार्यक्रमसम्म हेर्दा भद्रगोल र हतार हतारमा गरिएको त्यसै देखिन्थ्यो । स्मारिका पनि स्वर्ण जयन्ती स्मारिका हो कि विद्यालयको प्रकाशन हो भन्न कठिन । तर, भन्नैपर्छ त्यो स्वर्ण जयन्ती स्मारिका कुनै पनि कदले, कुनै पनि मतले र कुनै पनि वादले हुदै होइन । यो त विशुद्ध विद्यालयको प्रकाशन हो । जसमा शिक्षकहरु र विद्यार्थीहरु आफना कुरा, गाथा राख्छन् सक्कियो । स्वर्ण जयन्ती स्मारिका भनेको सो क्षेत्रको लागि एउटा यस्तो ‘गीता, कुरान, बाइबल’ हो जो यो विद्यालयबाट पुष्पित, पल्लिवत भई आ-आफ्ना ठाउँमा जमेको ‘धुवतारा’हरुको विगतको भोगाइ, वर्तमानको सोचाई र भविष्यको दिशा बदल्ने सोचले अभिप्रेरित पुष्पगुच्छा हो । पुस्ता दर पुस्ताको अध्ययनबाट, आत्माको प्रष्फुटनबाट निस्केको, आल्हादित भएको र भविष्य, वर्तमान र भूतको पनि समिश्रण हो । जो जुन क्षेत्रमा जमेको होस् सबैको साझा फुलबारी हो । यो विद्यालयबाट पढेर देश चलाउन हैसियत राख्नेदेखि लिएर गाउँमै रिक्सा चलाउनेहरुको भोगाइ हो र अहिलेको पुस्तासंग जोडिनसक्ने कडि हो । तर यसमा कहिँ पनि ति व्यक्तित्वहरुको न त आलेख छ, न त टिप्पणी छ न त कुनै कुरा नै । यो कुरा भन्दा मलाई लाग्दैन् कि मैले जुन शिक्षक, शिक्षिकाहरुबाट शिक्षा ग्रहण गरेर यहाँसम्म आइपुगे उहाँहरुलाई थाहा नहोला । स्मारिकाको के कुरा विद्यालयको प्रकाशनभन्दा पनि विद्यालय प्रशासनको यत्तिको लाचारीपन देखिएको छ कि जिवित व्यक्तिहरुको एउटा सानो फोटो पनि राख्न सकिएको छैन् । मैले नबुझेको कुरा के हो भने यत्ति छिटो कार्यक्रम गर्नुपर्ने विवशता किन थियो ? के को लागि थियो ? कमाई गर्ने थुप्रै बाटाहरु हुँदाहुदै सुगाको माटोलाई नै अपमान गर्ने गरी गरिएको यस्तो ‘यज्ञ’ अनुष्ठानलाई वदनाम गर्नेहरुको फलिफाप कहिल्यै नहोला भन्नेमा म ढुक्क छु ।

प्रधानाध्यापक वा वडाध्यक्षलाई स्वर्ण जयन्ती सम्पन्न गराएको ‘यश’ लिनु थियो भने सोही समयमा गराएको भए पनि हुन्थयो नि । सो समयमा पनि प्रधानाध्यापक उहाँ नै हुनुहुन्थयो र एउटा पार्टीको सर्वेसर्वा वडाध्यक्ष । तर सो समयमा गराएको भए ‘भाग’ बढी लगाउनुपर्ने विवशता थियो होला र अहिले सर्वेसर्वाको दम्भ भएपछि पुगियो । एक पन्थ दुई काज । तर मलाई दुःख छ प्रदेश नम्बर २ का प्रदेश प्रमुखलाई के सोचले यस्तो अशोभनीय कार्यक्रममा ल्याइपुऱ्यायो भन्ने प्रश्न । उहाँका सल्लाहकारहरु खाली तलब लिएर बसेका छन् कि केही सल्लाह पनि दिइरहेका छन् बुझ्नै कठिन भयो । देशका पहिलो राष्ट्रपति डा.रामवरण यादव कुनै पनि कार्यक्रमको निम्तो स्वीकार्नु भए पनि विवादको हल्का गन्ध आउने वित्तिकै क्यान्सिल गर्नुहुन्थ्यो । तर हाम्रै गाउँका प्रदेश २ का राष्ट्रपतिलाई त्यस्तो गन्ध थाहा नभएको होला मेरो मानसपटलले मान्न तयार छैन् । उहाँ आफैले आउने ढिपी लिनुभएको हो भन्ने अर्के कुरा हो तर कार्यक्रमको अव्यवस्था र अक्षमतालाई हेर्दा मजस्तो सानो सञ्चारकर्मीले लज्जित महसुस गर्नु पऱ्यो भने झन उहाँलाई कस्तो भयो होला । गाउँघरको कुरा हो भनेर उहाँले चित्त बुझाउनुभएको छ भने उहाँको त्यो महानता होला तर आगामी दिनहरुमा प्रदेशमा कुनै पनि यस्ता कार्यक्रमहरुमा उहाँको गरिमालाई ख्याल गरेर उपस्थिति गराइदिन म उहाँका सल्लाहकारहरुलाई विनम्र अनुरोध गर्न चाहन्छु । म पनि यही माटोमै हुर्केको, बढेकोले उहाँको इज्जत, गरिमासंग मेरो र यस समाजको पनि सरोकार भएकोले उहाँबारे म यत्तिकै भन्न चाहन्छु । पक्कै पनि उहाँको लागि मूल्यांकन गर्ने समय यो होइन तर समीक्षा गर्ने यो उपयुक्त समय हो ।

शिक्षा बिनाको समाजको परिकल्पना निरर्थक छ । भनिन्छ, कि पढेर जानिन्छ कि गरेर जानिन्छ । दुवै एक अर्काका परिपूरक हुन् । केही वर्ष अगाडी यही विद्यालयमा आयोजित एक कार्यक्रममा राजनीतिक विष्लेषक सीके लालले शिक्षाको अर्थ व्यक्ति व्यक्तिबीचको सम्बन्ध, व्यक्ति र समाजबीचको सम्बन्ध, बितेको र आउने पुस्ताबीचको सम्बन्ध, यी तिनटैको मापक गर्ने र तिनटैबीचको सम्बन्ध स्थापित गर्न सक्नेलाई शिक्षा भनेर औंल्याउनुभएको थियो । उहाँको यो शिक्षाको मापक सिद्धान्तमा स्वर्ण जयन्तीको सफलता र असफलता देखाएको छ । म भन्दिन यो स्वर्ण जयन्ती कत्तिको फलिफाप भयो तर यत्तिको मात्रै भन्छु, ‘हडबडीके विवाह कनपट्टीमे सिन्दुर ।’

अन्तिममा भन्नुपर्ने धेरै कुराहरु थियो । मन भित्र धेरै उकुसमुकुस थियो । म जान्न इच्छुक छु र थिएँ आखिर सुगाको यो माटोमा त्यस्तो के छ ? यहाँको पानी र हावामा के छ ? यहाँका अभिभावक र विद्यार्थीमा के त्यस्तो क्षमता छ ? यहाँको विद्यालय, शिक्षक र शिक्षिकामा के त्यस्तो गुण छ ? र यहाँको सम्पूर्ण वातावरणमा कहाँ त्यो शक्ति लुकेको छ, जो देशको हरेक कुनाकाप्चामा यस विद्यालयका विद्यार्थीहरु आ-आफ्नो ठाउँमा आलोकित, पुष्पित र ध्रुवतारा बनेर बसेका छन् । तर निरुत्तर पनि छु । यो स्मारिका र जयन्तीबाट केही पनि पाउन सकिएन । तर पनि आशावादी भने अवश्य छु । अहिले पनि हीरक जयन्ती बाँकी छ । त्यसबेला मेरो प्रश्नको जवाफ आउँला कि ? मैले यही विद्यालयबाट शिक्षा आर्जन गरेकोले नतमतस्तक भएर यो भूमिलाई, यो विद्यालयलाई र यहाँको सम्पूर्ण शिक्षक, शिक्षिकाहरुलाई .....गुरुवे नमः सहित ढोग्न चाहन्छु । मैले प्रश्न गर्ने हिम्मत गरें किनकी आज म जुन स्थानमा छु, त्यहाँ बसेर प्रश्न गरिन भने मलाई शिक्षा दिनुहुने गुरु, गुरुआमाहरुको अपमान हुन्थ्यो र अपमानबोध सहेर बस्नुभन्दा हिम्मत गर्नु वेश ठानेर प्रश्न गरेको छु । अस्तु ।

# अरुण तेस्रोकै मोडलमा तल्लो अरुण बनाउने भारतको प्रस्ताव

नयाँदिल्ली । भारत सरकारले प्रस्तावित ४०० मेगावाट क्षमताको तल्लो अरुण जलविद्युत् आयोजना निर्माण गर्ने प्रस्ताव गरेको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनसँग सोमबार नयाँदिल्लीमा भएको भेटमा भारतीय विद्युत् राज्यमन्त्री राजकुमार सिंहले आयोजना कूल ९०० मेगावाट क्षमताको अरुण तेस्रोकै ढाँचामा निर्माण गर्न सकिने प्रस्ताव गरेका हुन् ।

‘तल्लो अरुण भारतीय कम्पनीले अहिले निर्माण गरिरहेको अरुण तेस्रोकै मोडलमा निर्माण गर्न भारतीय पक्षबाट प्रस्ताव गरिएको छ, हामीले अरुण तेस्रोको निर्माण प्रगति हेरेर सोही आधारमा थप छलफल गरौंला भनेका छौं’, मन्त्री पुनले भने, ‘सरकारले अरुण तेस्रोको निर्माण प्रगति हेरेर मात्रै तल्लो अरुण भारतीय पक्षलाई दिने/नदिने उपयुक्त निर्णय गर्नेछ ।’ सोमबारदेखि शुरु भएको अन्तर्राष्ट्रिय दिगो विकास सम्मेलनमा भाग लिन मन्त्री पुन नयाँदिल्ली गएका हुन् ।

भेटमा नेपालमा ठूला जलाशय आयोजना निर्माण तथा जलस्रोतको एकीकृत एवं बहुआयामिक विकास गर्दा भारतलाई प्राप्त हुने फाइदा (तल्लो तटीय लाभ)को मूल्याङ्कन गरी त्यसको मूल्य नेपालले पाउनुपर्ने विषय भारतीय पक्षसँग राखिएको मन्त्री पुनले जानकारी दिए ।

आयोजनाको लागत करीब एक खर्ब रुपैयाँभन्दा बढी अनुमान गरिएको छ । भारतमा विद्युत् निर्यात गर्ने गरी डिजाइन गरिएमा आयोजनाको क्षमता एक हजार मेगावाटको हाराहारीमा हुने ऊर्जा मन्त्रालयको अनुमान छ । विद्युत् विकास विभागले अहिले सो आयोजनाको सम्भाव्यता तथा विस्तृत अध्ययन गरिरहेको छ । भारतले अरुण तेस्रो आयोजनाका राखिएका सम्पूर्ण सर्त राखी तल्लो अरुण बनाउने प्रस्ताव गरेको हो ।



सरकारले विश्वव्यापी प्रतिस्पर्धाका आधारमा सतलज विद्युत् निगमलाई सो आयोजनाको जिम्मा दिएको थियो । आयोजना निर्माणका लागि सतलजको पूर्ण स्वामित्वमा ‘अरुण प्रोजेक्ट डेभलपमेन्ट कम्पनी’ स्थापना गरिएको छ । आयोजनाबाट नेपालले २१.९ प्रतिशत (१९७.१ मेगावाट) विद्युत् निःशुल्क पाउनेछ भने बाँकी विद्युत् भारत निर्यात हुनेछ । लगानी बोर्ड र भारतीय कम्पनीबीच भएको आयोजना विकास सम्झौता (पिडीए) अनुसार निर्माण, स्वामित्व, सञ्चालन र हस्तान्तरण (बुट) मोडलमा निर्माण हुने आयोजनाले व्यापारिक रूपमा विद्युत् उत्पादन गरेको २५ वर्षपछि चालू हालतमा निःशुल्क सरकारले पाउनेछ । आयोजनाको निर्माणअवधि पाँच वर्ष कायम गरिएको छ ।

तल्लो अरुण पनि यही ढाँचामा बनाउने भारत सरकारको प्रस्ताव छ । ऊर्जा मन्त्रालयले १८ महीनाभित्र विस्तृत इञ्जिनियरिङ, वित्तीय व्यवस्थापन, विद्युत् खरीदबिक्री सम्झौता (पिपीए) र वातावरणीय प्रभाव मूल्याङ्कन सम्पन्न गरी भौतिकरूपमा निर्माण शुरु गर्ने सर्त राखी ब्रास पावरलाई २०६९ मङ्सिर १ मा ३० वर्षका लागि तल्लो अरुणको उत्पादन लाइसेन्स दिएको थियो । अख्तियारले सो कम्पनीले लाइसेन्स राखिएका सर्त पूरा गर्न नसकेको भनेर आयोजनाको अनुमतिपत्र खारेज गर्न सरकारलाई निर्देशन दिएको थियो ।

## कर्मचारीलाई भारतमा वित्तीय व्यवस्थापन तालिम

काठमाडौं । अर्थमन्त्रालय अन्तर्गत दोस्रो ब्याचमा २० जना कर्मचारलीले भारतमा सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी तालिम लिइरहेका छन् । उनीहरुलाई इन्स्टिच्यूट अफ गभर्मेन्ट अकाउन्ट्स एण्ड फाईनान्स’ले तालिम दिइरहेको छ । तालिम भारत सरकार विदेश मन्त्रालयको ‘भारतीय प्राविधिक तथा आर्थिक सहकार्य कार्यक्रम’ अन्तर्गत सञ्चालन भइरहेको छ । कूल ६२ कर्मचारीहरुलाई प्रदान गरिने उक्त विशेष तालिम नेपालको अर्थ मन्त्रालयको अनुरोध तथा आवश्यकता अनुरुप तयार पारिएको हो ।

यस तालिमले विद्युतीय भुक्तानी प्रणाली, लेखाविधि तथा रकम व्यवस्थापन, सार्वजनिक ऋण प्रणाली, वैदेशिक ऋणरअनुदान तथा प्रतिदानको लेखाविधि, पेन्सन भुक्तानी प्रणाली, आन्तरिक लेखापरिक्षण, आर्थिक जिम्मेवारी तथा बजेट व्यवस्थापन आदि विषयहरुमा चलिरहेको विश्वव्यापी अभ्यासबारे सहभागीहरुको क्षमता अभिवृद्धि गर्नेछ । प्रथम ब्याचका २० नेपाली कर्मचारीहरुले २०७५ माघ १० गते १० दिन लामो तालिम सफलतापूर्वक सम्पन्न गरेका थिए । तालिम दिने संस्था भारत सरकारको सार्वजनिक अर्थ व्यवस्थापन क्षेत्रको आधुनिक सिकाई सुविधायुक्त एक प्रमुख तालिम केन्द्र हो ।

## मधेश अपडेट

### सामाजिक मञ्चको कार्यक्रम सम्पन्न

अजय मिश्र, कपिलवस्तु । कपिलवस्तु जिल्लाको कृष्णानगर नगरपालिका वडा नं २ स्थित हनुमान मन्दिरमा सत्संङ कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रममा नेपाल भारत दुबै देशका जनता र साधु-सन्यासीहरूको उपस्थित रहेको थियो । कार्यक्रमको समापन वसन्त पंचमीको अवसरमा स्थानीय युवा समाजसेवीहरु इण्डो नेपाल सामाजिक मंचका अध्यक्ष अकरम पठान, राहुल मोदनवाल, वृजेश गुप्ता, सनी सरदार, मनोज जयसवाल, अशिता कुशहवा, विनय शर्मा, राकेश यादव लगायतले नेपाल भारत दुबै देशका उपस्थित साधु-सन्यासीहरूलाई कम्बल, भाडा कुडा, गमछा लगायत अन्य आवश्यक सामाग्री वितरण गरेका थिए ।

### नेपालमा लगानी गर्न आग्रह

काठमाडौं । नेपाल उद्योग वाणिज्य महासंघको रोजगारदाता परिषद्का अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालमा लगानी गर्न सार्क देशका रोजगारदाता एवम् लगानीकर्ताहरुलाई आग्रह गरेका छन् । दक्षिण एसियाली रोजगारदाता मञ्चको सोमबारदेखि नयाँ दिल्लीमा शुरु भएको आठौँ बैठकलाई सम्बोधन गर्दै उनले नेपालमा श्रम तथा सामाजिक सुरक्षासम्बन्धी उपयुक्त कानुनहरु निर्माण भएको र यसका कारण रोजगारदाता र श्रमिकबीचको सम्बन्ध राम्रो भएको तथा हाल मुलुकले राजनीतिक स्थायित्व पनि प्राप्त गरेकोले लगानीको वातावरण बनेको बताए । नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष समेत रहेका ढकालले नेपालमा लामो राजनीतिक संक्रमणपछि स्थीर सरकार बनेको र लगानीमैत्री वातावरण निर्माण हुने अपेक्षा गरिएकोले नेपालका कृषि, पर्यटन, उर्जा, सेवा क्षेत्र लगायतका क्षेत्रमा लगानीका लागि विदेशी लगानीकर्ताहरुलाई आग्रह गरेका हुन् ।

### बढी भ्रष्टाचार रुपन्देहीमा

चन्द्रकान्त खनाल, रुपन्देही । प्रदेश नम्बर ५ का प्रमुख उमाकान्त झाले भ्रष्टाचार न्युनीकरणको लागि प्रतिबद्धता जाहेर गरेर मात्र नहुने बताएका छन् । प्रतिबद्धता अनुसार काम गरेर देखाउनु पर्ने बताउँदै राज्यका महत्वपूर्ण निकायले पूर्ण रुपमा अनुगमन गर्नुपर्ने कार्यक्रमलाई सम्बोधनका गर्ने क्रममा उनले बताए ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको १८ औं स्थापना दिवसको अवसरमा बुटवलमा आयोजना गरिएको कार्यक्रममा बोल्दै प्रदेश प्रमुख झाले नागरिक समाज, पत्रकारहरु जागरुक बन्न सके भ्रष्टाचार न्युनीकरण हुने वताए ।

प्रदेश नम्बर ५ का मुख्यमन्त्री शंकर पोखरेलले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धानलाई प्रभावकारी बनाउनु पर्ने बताए । उक्त कार्यक्रममा बोल्दै उनले आयोगमा उजुरी बढ्दैमा भ्रष्टाचार बढेको मान्न नसकिने पनि बताए । गलत नियतका कारणले उजुरी बढ्दा विकास निर्माणमा अवरोध सिर्जना भएको मुख्यमन्त्री पोखरेलले बताउँदै अब्यवहारिक कानुन निर्माणले गर्दा पनि भ्रष्टाचार बढेको जनाए ।

### गायत्री महायज्ञ ऐतिहासिक बनाइने

वीरगन्ज । नेपालमा पहिलो पटक गायत्री अश्वमेध महायज्ञ वीरगन्जमा हुने भएको छ । फाल्गुन १९ गते देखी २२ गतेसम्म हुने महायज्ञ भव्य, सभ्य एवं ऐतिहासिक बनाउन हिन्दू परिषद् नेपालको विशेष बैठक वीरगन्जमा सम्पन भएको छ । महायज्ञ सफल गर्न हिन्दू परिषद नेपालले आफ्ना सम्पूर्ण शक्तिहरु परिचालन गर्ने बैठकले निर्णय गरेको छ ।

### असिना पानीका कारण लाखौंको इँटा नष्ट

रौतहट । विगत दुई दिन लगातार परेको पानीले रौतहटमा सञ्चालित इँटाभट्टामा लाखौंको क्षति पुगेको छ । जिल्लाका १ सय ५७ भट्टामा करिब १५ करोडभन्दा बढीको क्षति भएको रौतहट इँटा व्यवसायी संघका अध्यक्ष रामविनोद साहले जानकारी दिए । गरुडा नगरपालिका ५ मा रहेको उनको एसटीएल इँटा उद्योगमा असिना र पानीले १० लाख काँचो इँटा नष्ट भएको छ । यसैगरी दुर्गा भगवती गाउँपालिकामा रहेको माँ दुर्गा इँटा उद्योगका सञ्चालक मुकुन्द साहको उद्योगमा करिब पाँच लाख काँचो इँटा गलेका उनले बताए । असिना र पानीले काँचो इँटा गलेको र गल्न नसकेको इँटाको माथिल्लो भागमा दाग देखिएर गुणस्तर कमजोर भएको छ । इँटामा वर्षाको दाग देखिएपछि पोलेर पनि घटीमा २५ प्रतिशत कम मूल्यमा बेच्नुपर्ने उद्योगीहरुको भनाइ छ । इँटा पोल्ने कोइला र दाउरा पनि भिजेका छन् ।

गत वर्षको बाढीले पनि जिल्लाको इँटा उद्योगमा ६ करोडको क्षति पुऱ्याएको थियो । जिल्ला दैवी प्रकोप कार्यालयको प्रतिवेदनमा पनि जिल्लामा इँटा उद्योगमा ६ करोडको क्षति भएको भन्दै प्रतिवेदन बुझाएको तर सरकारले उद्योगीलाई क्षतिपूर्ति नदिएको गुनासो पनि अध्यक्ष साहले गरेका छन् ।

### ‘पत्रकार सन्यासीजस्तै भए’

राजविराज । प्रदेश २ प्रमुख रत्नेश्वरलाल कायस्थले पत्रकारलाई सन्यासीसँग तुलना गरेका छन् । सप्तरीको कञ्चनरुप नगरपालिका १२ को धारापानीमा नेपाल पत्रकार महासंघ सप्तरी शाखाको वार्षिक साधारणसभा उद्घाटनमा उनले भने, ‘पत्रकारको जीवन संन्यासीको जस्तो छ, आफ्नोभन्दा बढी समाजको विषयमा चिन्तित हुन्छन् उनीहरु ।’

सन्यासी जस्तै आफू आर्थिक रुपमा कमजोर भए पनि सरकार तथा नेतृत्व वर्गलाई समय समयमा सही मार्गदर्शन गराउने काम पत्रकारले गरेको भन्दै उनले पत्रकारितामा लागेका सबैको मन जितेका थिए ।

### विश्व सम्पदा सूचीमा राख्ने तयारी

जनकपुर । जनकपुरको जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा राखिने भएको छ । पुरातत्व विभागका टोलीसँगै युनेस्कोबाट आउनुभएका क्रिष्टन मनहर्टले जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख लालकिशोर साहसँग यस विषयमा छलफल गर्नुभएको थियो ।

उक्त सूचीमा राख्न अधिकाँश प्रक्रिया पूरा भए पनि अझै केही गर्नुपर्ने बाँकी रहेको मनहर्टले जानकारी दिएको उपमहानगरप्रमुख साहले बताए । मनहर्टले विश्व सम्पदा सूचीमा सूचीकृत गराउन पूर्वाधारसम्बन्धी पुस्तक आफूलाई दिएको र सो बमोजिम बाँकी प्रक्रिया पूरा आग्रह गरेको पनि उनले उल्लेख गरे ।

### दूषित पानी पिउन बाध्य

बाँके । वर्षेनी घर निर्माण गर्ने क्रम बढ्दो छ । जनघनत्व उस्तै बढिरहेको छ । सबै टोलमा पूर्वाधार बनिरहेका छन् । नेपालगञ्ज उपमहानगरपालिका महानगर बनाउन महत्वाकांक्षी योजनाका साथ अघि बढिरहेको छ । नेपालगञ्जवासीले शुद्ध खानेपानी पिउन भूमिगत स्रोतकै भर पर्नुपर्ने बाध्यता छ ।

आर्थिक अवस्था राम्रो हुनेले महङ्गा फिल्टर मेसिन, जार तथा बोतलको पानी पिउने गरेका छन् । न्यून आय भएका नागरिक भने ह्याण्डपम्प र कुवाको पानी पिउन बाध्य छन् । नेपालगञ्जको बढ्दो बस्ती विकास र जनघनत्वअनुसार खानेपानी संस्थानले सबै टोल र बस्तीमा शुद्ध पिउने पानी पुऱ्याउन सकिरहेको छैन ।

विसं २०६८ को जनगणनाअनुसार नेपालगञ्जको जनसङ्ख्या एक लाख ३८ हजार ९५१ रहेको छ । खानेपानी संस्थानको तथ्याङ्कअनुसार हालसम्म नेपालगञ्ज उपमहानगरपालिकाभित्र पाँच हजार उपभोक्ताले मात्रै खानेपानी संस्थानको धारा जडान गरेका छन् । दशकअघि जडान गरिएका धारा बिग्रिएर, चुहिएर र बिल भुक्तानी नगरेर धेरैजसो धारा बन्द छन् ।

### नमुना विद्यालय भवन शिलान्यास

बुटवल । नेपाल सरकारको हरेक निर्वाचन क्षेत्रमा एउटा नमुना विद्यालय बनाउने अभियान अन्तर्गत रुपन्देही जिल्लाको कञ्चन गाउँपालिका १ मा विद्यालय भवन शिलान्यास भएको छ । उक्त क्षेत्रमा रहेको प्रगति नमुना माविको भवन राष्ट्रियसभामा सत्तापक्षका प्रमुख सचेतक खिमलाल भट्टराईले आइतबार एक समारोहबीच शिलान्यास गर्नुभएको छ । विद्यालयको भवन शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि भट्टराईले सरकारको उद्देश्यबमोजिम प्रगती माविलाई यस क्षेत्रकै नमुना विद्यालय बनाउने कुरामा जोड दिनुभयो ।

# संघीय शासन प्रणालीमा सार्वजनिक संस्थानको व्यवस्थापन



***लक्ष्मी विलास कोइराला***

संघीय शासन प्रणाली कार्यान्वयनमा हरेक विषय पेचिलो बन्ने गरेका छन् । सार्वजनिक संस्थान स्थापना पनि प्रदेश सरकारको चाहना र आवश्यकता हुनसक्छ । सार्वजनिक सस्थान स्थापना र सञ्चालन सम्बन्धि नीतिगत स्पष्टता भएन भने संघीय र प्रदेशबीच कि त दोहोरो पर्न जान्छ कि त विवाद पैदा हुन सक्छ । यसर्थ नेपाल सरकारले सार्वजनिक संस्थान स्थापना र सञ्चालन सम्बन्धि स्पष्ट नीति र आवश्यक कानून तत्काल बनाउनु पर्ने हो । तर संघीय सरकार सार्वजनिक संस्थान व्यवस्थापनको असजिलो अनुमान नै नगरि चुपचाप बसिरहेको छ ।

सरकारको पूर्ण वा आंशिक स्वामित्वमा कानूनी आधार पुरा गरी खास उद्देश्य पुरा गर्न स्थापित संस्थाहरुलाई सार्वजनिक संस्थान भनिन्छ । सरकारको कर्मचारीतन्त्रले विशिष्ठ कार्य गर्न नभ्याएको वा कार्यसम्पादन प्रक्रिया ढिलो भएकोले छिटोछरितोरुपमा सम्पन्न गर्न नसकेकाले सार्वजनिक संस्थानहरु स्थापना भएका हुन् । सन् साठीको दशक सार्वजनिक संस्थानहरुको लागि उर्वर समय थियो र धेरै संस्थानहरु स्थापना भए । सार्वजनिक संस्थानहरुको उद्देश्य विशिष्ठ र सार्वजनिक हुन्छ । स्थापनाको विधि अलग हुन्छ । जिम्मेवारी पूरा गर्न स्वतन्त्र हुन्छन् । सार्वजनिक नियन्त्रण हुन्छ । आफनै बजेट र कर्मचारी र प्रक्रिया हुन्छन् । यसकारण संस्थानहरु सार्वजनिकरुपमा उत्तरदायित्व हुन्छन् । सार्वजनिक संस्थानहरुको स्थापना खासगरि विकासमा सरकारको संलग्नता बढाउन हो । आर्थिक विकास उच्चदरमा गर्नु, पूर्वाधार खडा गर्नु, वैदेशिक पूँजी र प्रविधि भित्रयाउनु, क्षेत्रीय रुपमा सन्तुलित विकास गर्नु, रोजगारीका अवसरहरु सिर्जना गर्नु, जनताका लागि आवश्यक सेवा छिटो र सस्तोमा उपलब्ध गराउनु, आय विषमता कम गर्नु, उत्पादनका साधनहरु केही व्यक्तिमा सीमित हुन नदिनु र बजारमा एकाधिकार समाप्त गर्नु, निजी क्षेत्रलाई स्वस्थ र प्रतिस्पर्धी बन्न प्रेरित गर्नु, गरिबी निवारण गर्नु, निष्कृय रहेको प्राकृतिक स्रोतको महत्तम उपयोग गर्नु, सामाजिक न्याय र समानता कायम गर्नु, आयात प्रतिस्थापन र निर्यात बृद्धि गर्नु, राजस्व संकलनमा योगदान गर्नु तथा आर्थिक स्थिरता कायम गर्नु सार्वजनिक संस्थान स्थापनाका प्रमुख उद्देश्यहरु हुन् ।

नेपालमा अहिले ३७ वटा सार्वजनिक संस्थानहरु रहेका छन् । सैंतीस संस्थानहरु मध्ये २६ संस्थानहरु नाफामा चलेका छन् भने ११ वटा संस्थानहरु घाटामा चलेका छन् भन्ने पुष्टि आर्थिक सर्भेक्षण २०७४/७५ ले गरेको छ । संस्थानहरुको समग्र नाफा ४१ अर्बको हाराहारीमा छ । संस्थानहरुमा सरकारको लगानी बर्षेनी बढदै गएको छ र आ.व. २०७४/७५ मा करिब ३ खर्ब १२ अर्ब पुगेको देखिन्छ । सरकारको जमानीमा लिएको ऋणको आकार पनि बढदै गएर ३९ अर्ब पुगेको छ । संस्थानहरुले सरकारलाई करिब ८ अर्ब लाभांश दिएका छन् जुन सरकारको लगानीको केवल ५ प्रतिशत मात्र हो । सार्वजनिक संस्थानहरुको कुल गार्हस्थ्य उत्पादनमा १२ प्रतिशत योगदान छ भने कुल राजस्वमा ९ प्रतिशत मात्र योगदान रहेको छ । सार्वजनिक संस्थानहरुमा हाल अठ्ठाईस हजारको हाराहारीमा कर्मचारीहरु कार्यरत छन् भने ३७ मध्ये केवल १८ संस्थानहरुको मात्र लेखा परीक्षण भएको पाईन्छ । यसरी वित्तीय विश्लेषणले सार्वजनिक संस्थानहरुको व्यवस्थापकीय कमजोरीलाई स्पष्ट रुपमा देखाएको छ ।

अहिले सार्वजनिक संस्थानहरु सञ्चालनको बृहत्तर नीतिमा विश्वव्यापी रुपमा नै परिवर्तन भएको छ । देशको आर्थिक क्रियाकलापहरुमा सरकारको संलग्नता व्यापक हुनुपर्दछ भन्ने नीतिको समयमा स्थापना भएका संस्थानहरु सरकारको संलग्नता घटाउदै लैजानु पर्दछ भन्ने नीतिका कारण समस्याग्रस्त बन्न पुगेका छन् र सार्वजनिक संस्थानहरु सेतो हात्तीको रुपमा चित्रित भएका छन् । सरकारको संलग्नता घटाएर सानो र सशक्त सरकार बनाउने नवीन आर्थिक विश्व नीतिको अनुकरण गर्दै नेपालमा पनि २०५० सालमा सरकारी संस्थानहरुको निजीकरण गर्ने नीति र कानून बन्यो ।

नीजि क्षेत्र सक्षम भएका क्षेत्रमा सञ्चालित र व्यापारिक नाफामूलक सार्वजनिक संस्थानहरु व्यवसाय तथा सम्पति बेचेर, आंशिक रुपमा शेयर बेचेर, चालू सम्पति विक्रि गरेर, भवन, मेसिन र जग्गा भाडामा दिएर, खारेजी वा विघटन गरेर निजीकरण गरिए । तापनि सरकारको मातहत रहेका संस्थानहरुको वित्तीय भार सरकारको काँधमा बढदै गएको छ । अन्तरसंस्थान बाँकी बक्यौता ( अरु सस्थानबाट सेवा लिएपछि तिर्नुपर्ने रकम पस्तै विजुलीको रकम) बढिरहेकोछ । सरकारी जमानतमा दिएको ऋणको जोखिम पनि उसै गरी बढेको छ । संस्थानहरुले एकातिर अपेक्षित रुपमा जनतालाई सेवा प्रवाह गर्न सकेका छैनन् भने अर्कोतिर सरकारको घाटा बजेटको आकार पनि बढाईरहेका छन् । सार्वजनिक वित्तको उपयोगमा दक्षता, कुशलता, पारदर्शिता र उत्तरदायित्व कायम गर्न पनि सकेका छैनन् । यसरी हेर्दा सार्वजनिक संस्थानहरु सरकारका लागि निल्नु न ओकल्नुको अवस्थामा रहेको स्पष्ट अनुमान गर्न सकिन्छ ।

सार्वजनिक संस्थानहरु किन असफल भए भन्ने कौतुहल सँधै सबैसँग रहने गरेको छ । सार्वजनिक संस्थानहरु कुशलतापूर्वक सञ्चालन हुन नसक्नुका धेरै कारणहरु छन् । सार्वजनिक संस्थानहरु पूर्ण व्यावसायिक र बजारका मान्य सिद्धान्तको अबलम्वन गरी सञ्चालन हुने की सरकारका नीति नियमको परिधिभित्र सामाजिक उत्तरदायित्व बहन गर्ने हो ? स्पष्ट उद्देश्य किटान हुन सकेको देखिदैन । संस्थानहरु सञ्चालनको अनुगमन र मूल्याकंन गर्ने विषयगत मन्त्रालय र अर्थ मन्त्रालय संलग्न हुने गरेबाट व्यवस्थापन सम्बन्धी दोहोरोपन देखिन्छ । संस्थानहरुमा द्वैध स्वामित्व र द्वैध नियन्त्रण प्रणाली अस्तित्वमा रहेकोछ । अत्यधिक नियन्त्रणले कार्य स्वायतता नाममा मात्र सीमित छ । उद्देश्य र कार्यवातावरण अनुरुप फरक फरक संस्थान सञ्चालन विधि र नीति बन्न पनि सकिरहेको देखिदैन । सार्वजनिक संस्थानको व्यवस्थापन बोझिलो र खर्चिलो बनेको छ । संस्थानको दैनिक कार्यसञ्चालन र व्यवस्थापनमा बाह्य हस्तक्षेप नकारात्मक रुपमा नै हावी हुने गरेको छ । कार्यसम्पादन सम्झौता गरे पनि हस्तक्षेप गर्न टुटेको छैन् । यर्थाथमा भन्नुपर्दा संस्थानहरु स्वतन्त्ररुपमा काम गर्ने वातावरण नै छैन् ।

एकातिर सार्वजनिक संस्थानहरु तदर्थवादको सिद्धान्तमा सञ्चालित छन् भने अर्कोतिर संस्थानहरु को प्रति उत्तरदायी हुने हो स्पष्ट पनि छैन । कुनै दिर्घकालीन नीति योजना बिना नै संस्थानहरु चलेकाले खासै उपलब्धि हासिल गर्न पनि संस्थानहरु चुकेका छन् । नाफामा गएका संस्थानहरु व्यावसायिक कुशलताले भन्दा मूल्य समायोजन, मूल्यवृद्धि वा अन्य कारणले नाफामा गएको स्पष्ट देखिन्छ । सार्वजनिक संस्थानहरुमा वित्तीय अनुशासन र वित्तीय उत्तरदायित्वलाई कुनै महत्व दिएको देखिदैन । संस्थानहरुको सञ्चालन लागत उच्च छ र भ्रष्ट्राचार पनि उच्च छ । कर्मचारीतन्त्रको कार्यशैलीले संस्थानहरुलाई थिचेको छ । कर्मचारीमा काम गर्ने क्षमता, मन र जाँगर छैन । संस्थानहरुको जडित क्षमताअनुसार काम भैरहेको पनि पाईदैन । स्वतन्त्र निकाय भने पनि सार्वजनिक संस्थानहरु आफनो उत्पादनको मूल्य आफै वा बजारको माँग बमोजिम निर्धारण गर्न सक्दैनन् । व्यवस्थापन, कामदार र सरकारबीचको औद्योगिक सम्बन्ध पनि राम्रो छैन् । सारमा समस्याहरुको जालमा जेलिएका सार्वजनिक संस्थानहरु अपेक्षाकृत उपलब्धि हासिल गर्नुको बदला सरकारको बोझ बनेर रहेका छन् ।

**नेपालमा अहिले ३७ वटा सार्वजनिक संस्थानहरु रहेका छन् । सैंतीस संस्थानहरु मध्ये २६ संस्थानहरु नाफामा चलेका छन् भने ११ वटा संस्थानहरु घाटामा चलेका छन् भन्ने पुष्टि आर्थिक सर्भेक्षण २०७४/७५ ले गरेको छ । संस्थानहरुको समग्र नाफा ४१ अर्बको हाराहारीमा छ । संस्थानहरुमा सरकारको लगानी बर्षेनी बढदै गएको छ र आ.व. २०७४/७५ मा करिब ३ खर्ब १२ अर्ब पुगेको देखिन्छ । सरकारको जमानीमा लिएको ऋणको आकार पनि बढदै गएर ३९ अर्ब पुगेको छ ।**

नेपालको संविधानले देशको आर्थिक विकासका लागि सरकार, नीजि क्षेत्र र सहकारीलाई तीन खम्बा मानेका छ । सरकार, नीजि क्षेत्र र सहकारी क्षेत्रको संलग्नता एवं क्रियाशीलता सहितको आर्थिक कार्य प्रणालीलाई व्यवस्थित गर्न तथा सरकारको उपस्थितिलाई सार्थक बनाउन सार्वजनिक संस्थानको विकल्प छैन । सार्वजनिक संस्थानहरुलाई घाटामा चलाउँदा सरकार जनतालाई वास्तवमा दिनु नै पर्ने सामाजिक सांस्कृतिक सेवाहरु दिनबाट चुक्न सक्दछ । यसकारण सार्वजनिक संस्थानहरुको व्यवस्थापकीय सुधार गरी सरकारको बोझ हल्का गर्दै संस्थानहरुलाई आर्थिक सामाजिक उत्तरदायित्व निर्वाह गर्न सक्षम बनाउनु आजको आवश्यक्ता हो ।

सर्वप्रथम, संघीय शासन प्रणालीमा संघमा सबै संस्थानहरु राखि राख्न आवश्यक छ छैन सो अध्ययन गर्न र प्रदेशहरुमा के कस्ता र कुन कुन उद्देश्य परिपूर्ति गर्न सार्वजनिक संस्थान स्थापना गर्न आवश्यक हुन्छ र तिनको व्यवस्थापन कसरी गर्ने भन्ने निक्यौल गर्न आवश्यक छ । एकातिर संघीय शासन प्रणली अनुरुप विद्यमान संस्थानहरुको पुनसंरचना गर्न आवश्यक छ भने अर्कोतिर भइरहेका संस्थानहरुको पुनसंरचना गर्नु पनि पर्दछ । कर्मचारी भर्नामा लोकसेवा आयोगको संलग्नतापछि सहज भएता पनि सार्वजनिक संस्थानहरु आवश्यक तर बोझिलो (Necessary evil) संयन्त्र बनेका छन् । यसकारण सार्वजनिक संस्थानहरुलाई व्यवस्थापकीय सुधार गरी प्रभावकारीरुपमा सञ्चालन गर्नुको विकल्पमा अर्को सहज बाटो छैन् । सार्वजनिक संस्थानहरुलाई पूर्णरुपमा व्यवसायिक, जवाफदेही र उत्तरदायी बनाई सञ्चालन गर्न समसामयिक सुधार गर्न आवश्यक रहेको छ ।

सार्वजनिक संस्थानहरुलाई व्यवसायिक बनाउन गरिने सुधार एक नियमित प्रक्रिया हो । सरकारका संस्थानहरुलाई व्यवस्थितरुपमा सञ्चालन गर्ने संवन्धमा नीतिगत नेतृत्व गर्न, सरकारसँग समन्वय गर्न तथा अनुगमन र मूल्याकंन गर्न आवश्यक नियामक निकायको जिम्मेवारी राष्ट्रिय योजना आयोगलाई दिन उचित हुन्छ । संस्थानलाई पूर्णरुपमा व्यवसायिक स्वायत्तता दिनुपर्दछ । संस्थानहरुको कार्यसम्पादनलाई प्रभावकारी बनाउन संस्थानको विधि, प्रविधि र निधिलाई आधुनिकीकरण गर्नुपर्दछ । संस्थानहरुलाई उत्तरदायी र जवाफदेही बनाउन संस्थानहरु कुन अंगप्रति उत्तरदायी हुनु पर्ने हो स्पष्ट गर्नु आवश्यक हुन्छ । उस्तै उस्तै जिम्मेवारी भएका संस्थानहरुलाई मर्ज गर्न उचित हुन्छ भने संघमा राख्न आवश्यक नभएका तर प्रदेशमा सञ्चालन गर्न आवश्यक रहेका संस्थानहरु प्रदेशलाई हस्तान्तरण गर्नुपर्दछ । आवश्यक नभएका संस्थानहरुलाई निजीकरण गनुपर्दछ भने नयाँ आवश्यक महसुस भएका संस्थान स्थापना गर्नु पनि पर्दछ । संस्थानमा रहेका विधि प्रक्रियाको सुधार गर्दै कर्मचारी तथा मेसिनरीको क्षमता बढाई प्रतिस्पर्धात्मक दृष्टिकोण भएका प्रोफेसनल सार्वजनिक संस्थान बनाउने तर्फ सरकार केन्द्रीत हुनुपर्दछ ।

सार्वजनिक संस्थानहरु सरकारका नै विस्तारित हातहरु हुन् । सरकारलाई कार्यसम्पादनमा सहयोग पुऱ्याउने निकायहरु हुन् । यसकारण संस्थानहरु सरकारलाई बोझ हुने गरी, सरकारको काममा दोहोरो पर्ने गरी तथा उद्देश्य अस्पष्ट हुने गरी स्थापना गर्न र सञ्चालन गर्नु हुदैन । संस्थान स्थापना गर्ने हो भने उस्तै काम भएको विभाग खडा गरिरहनु पनि हुदैन । साथै, प्रदेशमा स्थापना हुन सक्ने सार्वजनिक संस्थान (जस्तो की कर्णाली प्रदेशमा स्याउ विकास संस्थान होला भने दुई नं. प्रदेशमा ऊखु विकास संस्थान हुन सक्ला) हरुको स्थापना, कर्मचारी, बजेट तथा सञ्चालन प्रक्रिया संबन्धी स्पष्ट नीति पनि संघीय नीति र कानूनमा हुनपर्दछ । सार्वजनिक संस्थानको व्यवस्थापनलाई परिणाममूखी, मितव्ययी तथा उत्तरदायी बनाउनु प्रस्तुत मार्गदर्शन सुझावको आधारमा सरकारले संघमा र प्रदेशमा सञ्चालन हुने सार्वजनिक संस्थानहरु सम्बन्धी नीति, आवश्यक कानून र स्पष्ट स्तरीय कार्यविधि बनाउन ढिला गर्नु हुँदैन ।

## समसामायिक समाचार

### नि:शुल्क आँखा शिविर सम्पन्न

रौतहट । गौर नगरपालिकाको आर्थिक सहयोग तथा मिरमिरे विहानी नेपाल गौर ९ को आयोजनामा गौर नगरपालिका वडा नम्बर ४ स्थित रहेको माध्यमिक विद्यालयमा नि:शुल्क एकदिवसीय आँखा शिविर सम्पन्न भएको छ । आँखामा हुने विभिन्न किसिमका समस्याको निर्मूल पर्ने उदेश्यले शिविर सञ्चालन गरिएको थियो ।

जिन्दगीको सवै भन्दा अनमोल अंग आँखालाइ सुरक्षित कसरी राख्ने , रोगबाट कसरी वचाउने लक्ष्य संस्थाको रहेको छ । वडा अध्यक्ष भुनेश्वर शाहीले उद्घाटन गरेको शिविरमा ३ सय जनाले आ-आफ्नो आँखा परीक्षण गराएका थिए ।

### गोष्ठीमा सहभागी हुन भारत प्रस्थान

काठमाडौं । नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका प्रमुख भारततर्फ गएका छन् । प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल र राअविका प्रमुख मुख्य अनुसन्धान निर्देशन गणेशप्रसाद अधिकारी फागुन १ र २ गते हुने आतंकवाद नियन्त्रण सम्बन्धी कार्यशाला गोष्ठीमा सहभागी हुन भारत गएका हुन् ।

गोष्ठीमा विभिन्न देशका सुरक्षा अधिकारीहरुबीच आतंकवादको चुनौतीबारे छलफल हुने जनाइएको छ । त्यस क्रममा अन्तर्राष्ट्रिय स्तरमा सुरक्षासम्बन्धी सम्बन्ध विस्तार हुने र नेपालको आन्तरिक सुरक्षा संवेदनशीलताका विषयमा विश्लेषण गर्न सहयोग पुग्ने विश्वास गरिएको छ ।

### सुरक्षामा गम्भीर हुन महासङ्घको माग

काठमाडौँ । नेपाल पत्रकार महासङ्घले सर्लाही शाखाका सदस्य एवं सामुदायिक रेडियो सर्लाहीका स्टेशन म्यानेजर सोम दियालीमाथि भएको साङ्घातिक आक्रमणको घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । महासङ्घले विज्ञप्ति जारी गर्दै महासङ्घले पत्रकार दियालीलाई बोलाएर हरिवन नगरपालिका-९ स्थित सुखेपोखरीमा एक समूहले साङ्घातिक आक्रमण गरेका थिए ।

आक्रमणबाट गम्भीर घाइते भएका पत्रकार दियालीको हरिवनस्थित स्वाभिमान अस्पतालमा उपचार भइरहेको छ । महासङ्घ पत्रकार दियालीमाथि भएको यो साङ्घातिक आक्रमणको कडा भर्त्सना गर्दै घटनामा संलग्न समूहको तत्काल पहिचान गरी कानूनी दायरामा ल्याउन र पत्रकारको सुरक्षामा गम्भीर हुन स्थानीय प्रशासनसँग माग गरेको छ ।

### बुद्धभुमिमा सार्वजनिक सुनुवाई

मणि प्रसाद गैह्रे, कपिलवस्तु । बुद्धभुमि नगरपालिकाको आयोजना तथा नेपाल पत्रकार महांसघको समन्वयमा बुद्धभुमि नगरपालिका १ टिक्करमा नगरपालिकाको चौमासिक सार्वजनिक सुनुवाई सम्पन्न गरेको छ । सार्वजनिक सुनुवाईमा नागरिकले टोल फि नम्बर सुचारु गर्नु पर्ने कृषि र पशुमा लगानी गर्नुपर्ने, विद्यालयमा सेनेटरी प्याडको व्यवस्था हुनुपर्ने, गुणस्तरीय काम र पारदर्शी हुनुपर्ने, रोगजारमूलक उद्योग खोलेर युवाहरुलाई रोजगार दिने कार्यक्रम संचालन गर्न माग गरेका थिए । भ्रष्टाचार अन्त्य गर्न आफूबाटै शुरु गर्नुपर्ने सुझाव पनि दिए ।

नागरिकले उठाएका जिज्ञासाको नगर प्रमुख केशव कुमर श्रेष्ठले जवाफ दिँदै बुद्धभुमि नगरपालिकाले जनतालाई विकासको अनुभुति दिने गरी काम अगाडी बढाएको बताए । स्थानीय सरकारको रुपमा रहेको नगरपालिकाले जनताको जीवनस्तर माथि उठाउन, शिक्षा, स्वास्थ्य, कृषि र पर्यटन विकास हुनु पर्ने भन्दै त्यसका लागी पूर्वाधार बन्दै गरेको बताए ।

### शहीद पार्क निर्माणमा कांग्रेसको विरोध

काठमाडौं । नेपाली कांग्रेसले वीरगञ्जमा वीपी उद्यानका लागि छुट्याइएको जग्गामा प्रदेश सरकारले शहीद स्मृति पार्क बनाउन लागेकोमा आपत्ति जनाएको छ ।

माघ २४ गते बसेको कांग्रेस केन्द्रीय समिति बैठकले वीरगञ्जमा वीपी उद्यान निर्माणका लागि प्रस्ताव भइसकेको जग्गामा शहीद स्मृति पार्क बनाउन लागेकोमा विरोध जनाएको हो ।

हाल वीरगञ्ज महानगरपालिकाको स्वामित्वमा रहेको उक्त जग्गामा माघ १६ गते प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले शहीद स्मृति पार्क निर्माणको शिलान्यास गरेका थिए । नेपाली कांग्रेसले यस विषयमा केन्द्र सरकारको पनि ध्यानाकर्षण गराउँदै वीपी उद्यान नै निर्माण गर्न आग्रह गरेको छ ।

### ओझेलमा परेको क्षेत्रमा आकर्षण बन्दै

कपिलवस्तु । महत्वपूर्ण भएर पनि ओझेल परेको प्राचीन निग्रोधारम (कुदान) पछिल्ला दिनमा भने बौद्धमार्गीको विशेष प्राथमिकतामा पर्ने गरेको छ ।

नेपालमा रहेको बौद्धस्थलहरुमध्ये लुम्बिनी, तिलौराकोट, देवदहपछिको महत्वपूर्ण मानिएको निग्रोधाराम धार्मिक, बाह्य तथा आन्तरिक पर्यटकको महत्वपूर्ण गन्तव्य बन्न थालेको छ । उत्खनन र अन्वेषणसँगै यसको महत्व बाहिर आएपछि यसप्रति बौद्धमाग्रीका साथै विदेशी पर्यटकको पनि रोजाइमा परेको हो । तिलौराकोटदेखि ५ किमि दक्षिणमा रहेको यहाँ बर्सेनि आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्या बढ्दो छ ।

### ‘हुलाकी सडकमा अन्डरपास बनाऊ’

धनगढी । कैलालीको वसन्ता जैविक मार्गमा हुलाकी सडक विस्तारगर्दा वन्यजन्तुका लागि मार्ग व्यवस्थित गर्नुपर्ने डिभिजन वन कार्यालय कैलालीले माग गरेको छ ।

जैविक मार्ग क्षेत्रअन्तर्गतको १८ किलोमिटर क्षेत्र हात्ती, बाघजस्ता वन्यजन्तुको पुरानो जैविक मार्ग रहेकोले ‘अण्डर पास वे’, बनाउन माग गरेको हो । वसन्ता कोरिडोर र भारतको दुधुवा नेसनल पार्कमा वन्यजन्तु ओहोरदोहोर भइरहने गर्दछ । वसन्ता वन्यजन्तुको महत्वपूर्ण जैविक मार्ग भएकोले हुलाकी सडक विस्तार गर्दा तिनीहरुको ओहोरदोहोरलाई सहज बनाउनुपर्ने डिभिजन वन प्रमुख अमरबहादुर बुलनले बताए ।

## विमानस्थल निर्माणका लागि बस्ती व्यवस्थापन गर्न तीन ठाउँ चयन

वीरगञ्ज । बाराको निजगढस्थित निर्माण हुन लागेको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको बाधकका रुपमा रहेको टाङ्गियाबस्तीलाई अन्यत्र सार्ने भएको छ । यसका लागि पिलुवा, हरैया र तामागढी गरी तीन ठाउँ चयन गरेको छ ।

विमानस्थल आयोजना कार्यालय सिमराका अनुसार विमानस्थल निर्माणको काम अगाडि बढाउन सो बस्ती चुनौतीको रुपमा रहेकाले यसलाई अन्यत्र सार्नका लागि बारा जिल्लाकै पिलुवा, हरैया र कोल्हवी नगरपालिकाको उत्तरपट्टि रहेको तामागढी क्षेत्रमध्ये एक ठाउँमा सारिने गरी ठाउँ हेरिएको छ ।

विमानस्थलको धावनमार्गको बीचमै सो टाङ्गियाबस्ती परेकाले यसलाई अन्यत्र सार्न करीब रु चार अर्ब लाग्ने अनुमान गरिएको छ । सङ्घीय सरकारको प्राथमिकतामा रहेको सो विमानस्थलको निर्माण काम अगाडि बढाउन बस्ती अन्यत्र लग्नुपर्ने आवश्यकता रहेको छ । विसं २०३०-०३१ सालतिर तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाको कार्यकालमा फिनल्यान्ड सरकारको सहयोगमा अहिलेको टाङ्गियावस्ती भएको सो ठाउँमा पुरानो रुख कटानगरी पुन:वृक्षारोपण गर्ने भनेर पश्चिमी पहाडबाट करीब १५० घरधुरीलाई ल्याएका थिए । पछि २०४६ सालको राजनीतिक परिवर्तन र माओवादी जनयुद्धताका जङ्गल फँडानी गरी बसेको बस्ती हो टाङ्गियाबस्ती ।

तामाङ, मगर, कामी, दमाईं, बाहुन, क्षेत्री जातिको बाहुल्यता रहेको सो बस्तीमा हाल एक हजार ४७६ घरधुरीका करीब १० हजार मानिस बस्दै आएका छन् । त्यहाँ रहेका करीब दुई हजार ६०० मतदाता प्रत्येक निर्वाचनमा मत खसाल्दै आएको छ ।

## हुलाकी राजमार्गको ढिलाइप्रति चिन्ता

जनकपुरधाम । राष्ट्रिय योजना आयोगले जनकपुरमा १५औं योजनाको आधारपत्र राय सङ्कलन प्रदेश नं २ स्तरीय परामर्श बैठक एवं अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको छ । सो अवसरमा विज्ञहरुले सत्ता, सरकार परिवर्तनसँगै हुलाकी राजमार्गको निर्माण कार्य प्रभावित भएकोमा चिन्ता व्यक्त गरे ।

सरकार परिवर्तनसँगै प्रधानमन्त्री र मन्त्रीले हुलाकी सडकको पुलको शिलान्यास गर्ने प्रवृत्तिले पनि यो परियोजना अधुरो र अन्योलमा रहेको सहभागीले बताए । हुलाकी सडकको निर्माण कार्यमा ठेकेदार काम नगर्ने तर लापरवाही गरी हिँडिरहे पनि कारवाही नहुने क्रियाकलापले समेत यो परियोजना फुटबल झैँ हुन पुगेको प्रसङ्ग उनीहरूले उल्लेख गरे ।

विगतमा कार्य नगरे पनि सुविधामाथि सुविधा लिँदै जाने प्रवृत्तिले राष्ट्रिय योजनाले तय गरेको नारा कागजमै सीमित भएको उदाहरण उनीहरूले प्रस्तुत गरे । योजना तर्जुमा सन्दर्भमा सही नीति र सही नियतको खाँचो औँल्याउँदै प्रदेश नं २ मा कृषि, उद्योग र पर्यटनमा आधारित योजना, चुरे संरक्षण, सुनकोशी-कमला र सुनकोशी मरिन परियोजना, पर्सा वनजन्तु संरक्षण परियोजना र हुलाकी सडक निर्माण कार्य गर्ने परियोजनाको आवश्यकता रहेको सहभागीले बताए ।

प्रदेश नं २ का मुख्यमन्त्री लालबाबु राउतले राष्ट्रिय योजना आयोगले प्रदेशको स्थितिलाई ध्यानमा राख्दै विशिष्टीकृत योजनाको तर्जुमा गर्नुपर्नेमा जोड दिए ।

प्रदेश नं २ का भौतिक पूर्वाधार विकासमन्त्री जितेन्द्रप्रसाद सोनारले मानवीय विकासमूलक परियोजना, दलित, डोम समुदायको उत्थान योजना र उत्पादनमूलक योजनाको तहगत गुरुयोजना निर्माण गरी स्थायी किसिमले विकास कार्य गर्नु जरूरी रहेको बताए ।

**सवारीसाधन चलाउँदा र बाटो काट्दा नियमहरु पालना गरौं, आफू पनि जोगिऊँ र अरुलाई पनि जोगाऔं ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# ‘मधेशी जनताको आवश्यक्तालाई हामीले पूरा गर्छौं’



## निरुपमा यादव

विवेकशील साझा पार्टीले माघको तेस्रो सातादेखि ‘मधेश मिसन’ अभियान लिएर मधेश जाने भनेर तयारी गरेका थियौं तर हाम्रो पार्टी भर्खरै विभाजित भएको छ । साथै अन्य प्राविधिक धेरै विषयहरु मिलाउन बाँकी नै रहेको कारण समयमा केही फेरबदल हुने अवस्था सिर्जना भएको छ ।
हामी मधेशमा फरक ढंगले अगाडि बढेर मधेशी जनताको भावनालाई बुझ्ने कोशिस गर्छौं । त्यो कोशिसमा हामीलाई मधेशी जनताले साथ दिन्छ भन्ने विश्वास रहेको छ । वास्तवमा मधेशलाई बुझ्नका लागि हामीले समग्र नेपालको राजनीति बुझ्नुपर्ने हुन्छ । नेपालको राजनीतिमा मधेशले छुट्टै र खास महत्व राख्छ । हिजोसम्म मधेश र मधेशीको अस्तित्व र अधिकारको लडाँई थियो । नेपालका राष्ट्रिय दलका नेतृत्व तहबाट पनि नेपालमा मधेश र मधेशी भन्ने कुनै भू-भाग वा समुदाय नै छैन भन्ने अभिव्यक्ति आउने गर्दथ्यो । मधेशी भन्ने शब्द स्वीकार गर्न नै गाह्रो भएको अवस्थामा मधेशीको अस्तित्व स्वीकार गर्ने सवाल आउनै सकेन । तर, आज नेपालको राजनीतिक वृत्तमा मधेश र मधेशी भन्ने शब्दलाई गौरवपूर्ण तरिकाबाट स्वीकार गरिएको छ र मधेशीको अस्तित्वलाई पनि आम नेपाली नागरिक सरह स्वीकार गरिएको छ । त्यसैले आजको हाम्रो लडाँई मधेश र मधेशीको लागि मात्र रहेन । अझै पनि मधेशी जनताले खोजेको, चाहेको र पाउनुपर्ने अधिकारबाट बञ्चित छन् । मधेशी दल हुन् वा राष्ट्रिय दलहरुबाट पनि मधेशी जनताले आश्वासन मात्र पाएका छन् । हामी अब मधेशी जनताको आवश्यक्तालाई पूरा गर्न चाहन्छौं । त्यसैको लागि मधेश मिसनको आवश्यक्ता महसुस गरेका हौं । मधेशी दलहरुले मधेशी जनताको आवाज लिएर उठेका छौं भनिराख्दा त्यो सबै आवाज सत्ता बार्गोनिङमा गएर टुंगिएको हामीले देख्दै आइरहेका छौं । र मधेशी जनतालाई कार्डको रुपमा मात्र प्रयोग गरिँदै आइएको छ । हामी पार्टी बनाउने सुरुवाती अवस्थामा छौं । त्यसैले अन्य दलहरुले भन्दा फरक ढंगले मधेशको मुद्दा सम्बोधन गर्ने पक्षमा छौं ।
मधेश भन्ने वित्तिकै विगतमा हामीले भन्दै आएका २० देखि २२ जिल्लाहरु नै हुन् । अहिले राज्य प्रदेश संरचनामा गईसकेपछि राजनीतिक रूपमा प्रदेश २ मा मात्र गएर मधेशको विषय सिमिति भएको छ । राजनीतिक महत्वको हिसाबले त हामीले प्रदेश २ मै गएर मधेशीका मुद्दाहरुलाई बढी फोकसका साथ उठाउनुपर्ने हुन्छ । त्यसका फरक फरक दायराहरु होलान् । त्यसलाई कुन प्रदेशमा कसरी फैलाएर जाने भन्ने र भोलिका दिनमा राजनीतिक ढंगले फरक स्वरुपमा आउने मुद्दालाई कसरी सम्बोधन गर्ने भनेर हामी छलफलमा छौं । प्रदेश २ बाहेक अन्य प्रदेशमा रहेका मधेशीहरुको अवस्था कस्तो हुने भन्ने विषयमा पनि हामी बिस्तारै काम गर्दै जान्छौं ।
आजभन्दा एक वर्ष अगाडि हामी जब पार्टी निर्माण गर्नुपर्छ भनेर लागेका थियौं। त्यो समयदेखि नै हामीले प्रदेश दुईलाई विषेश महत्वका साथ हेरेका थियौं । मधेश र मधेशीका मुद्दालाई फरक ढंगले सम्बोधन गर्नुपर्छ भनेर हाम्रो कोशिस सुरूदेखि नै थियो । संयोजक खोज्ने प्रयास सबैभन्दा अगाडि दुई नम्बर प्रदेशबाट नै गरियो । तर टुंगो लाग्न अन्तिम समय हुने अवस्था आयो । त्यहाँ आफनै खालका समस्याहरु रहेका छन् । राजनीतिक, जातीय द्वन्द्व अत्याधिक रहेको छ त्यहाँ । यी सबै विषयहरुलाई बुझ्न र बुझाउन खोज्दा खोज्दै पनि धेरै समय लागेको हो । प्रदेश २ को लागि संयोजकको लागि उपयुक्त व्यक्ति नपाउँदा नै समस्या देखिएको हो ।
सैद्धान्तिक रुपमा हामी एक नै छौं । वैकल्पिक राजनीतिलाई अगाडि बढाउनुपर्छ भनेर हामी अगाडि आएका हौं । स्थानीय चुनावमा हामीले प्राप्त गरेको मतको आधारमा हामीलाई ठूलो जनदबाब आयो मिल्नको लागि । बाटो एउटै छ, उद्देश्य एउटै हो भने किन फरक फरक हिँड्नु भन्ने सहमतिको आधारमा पार्टी एकीकरण भएको हो । तर, एकीकरण पश्चात् हाम्रो काम गर्ने शैली फरक हुनु नै मुख्य विभाजनको कारण हो जस्तो लाग्छ ।
जनमानसमा अब के होला भन्ने खालको प्रश्न चिन्ह त उठेको छ । अन्य नागरिक समाजहरुसँगको विभिन्न कार्यक्रमहरुमा पनि यो ठिक भएन पार्टी फुटले वैकल्पिक राजनीतिलाई नै असर गर्छ कि भन्ने चिन्ताहरु व्यक्त भईसकेपछि हामी राष्ट्रिय सन्देश भेला आयोजना गरेर प्रष्ट पारेका थियौं । त्यो भेलाको मुख्य उद्देश्य नै आम नागरिकलाई हाम्रो पार्टी किन फुट्यो र अब हामी के गर्छौं भन्ने सन्देश दिनु थियो । संगठनमा विखण्डन हुनु आफैंमा दुखदायी कुरा हो तर त्यो एउटा विखण्डनले मात्रै हाम्रो उद्देश्य र बाटो छेक्दैन भन्ने विश्वासका साथ हामी लागि परेर काम गरिरहेका छौं । हामी अझ सशक्त ढंगले यो अभियानलाई अगाडि बढाउन लागिपरेका छौं ।
अहिले तत्कालै बाबुराम भट्टराइसँग पार्टी एकीकरणका विषयमा कुनै छलफल भएको छैन र अहिले नै एकीकरणको कुनै सम्भावना छैन । निकट भविष्यमा के हुन्छ हेर्दै जानुपर्छ । दुई तिहाईका सरकार भित्रकै साथीहरु पनि आफ्नै सरकारको कार्यशैलीबाट सन्तुष्ट हुनुहुन्न । हामीले पनि सरकारको काम गराई ठिक छ भन्ने अवस्था छैन । सरकारको काम त कसरी भईरहेको छ त्यो सबै बिस्तारै देखिँदै जाला तर नाराले मात्र समृद्धि आउँदैन ।
भ्रष्टाचारमा शुन्य सहनशीलता एकदम राम्रो विषय हो र त्यो हुनु पनि पर्छ तर भ्रष्टाचारको विषयमा हाम्रो प्रधानमन्त्रीको भनाई र गराईमा फरकपना आएको छ । भ्रष्टाचार घट्नुभन्दा पनि झन् झन् बढ्दै गएको छ यसले राष्ट्रलाई समृद्धितिर लैजानुभन्दा पनि कुनै न कुनै दुर्घटनामा लैजान्छ भन्ने लाग्छ । हामी कुनै नियमनकारी निकाय वा कारवाही गर्ने निकाय नभएकोले गर्दा भ्रष्टाचारको प्रकरणमा हामीले विरोधको भाषा निकाल्ने हो हामीले हरेक विषयमा विरोधको भाषा सम्बन्धित निकायसम्म पुऱ्याएका छौं ।
त्यतिखेर हामी गठन भन्दा पनि बाहिरी रुपमा सार्वजनिक मात्र भएका थियौं । स्थानीय निर्वाचनको समयमा त हाम्रो पार्टी पनि दर्ता भईसकेको थिएन त्यही समयमा हामीले काठमाडौंमा मेयर र उपमेयरमा उम्मेदवारी दिएका थियौं । त्यो समयमा जनताको उत्साह र समर्थन देख्दा वैकल्पिक राजनीतिको आवश्यकता छ हैं देशलाई भन्ने कुरामा विश्वस्त भएर नै हामी यहाँसम्म आइपुगेका हौं । प्रदेश र प्रतिनिधिसभाको निर्वाचनमा हामीप्रति उठेका आवाज र जनसहभागिता देख्दा हामीलाई झन् मजबुत हुँदै गयौं र हामी पछाडि हट्नु हुँदैन भन्दै आजसम्म अगाडि बढिरहेका छौं । अहिले हामी संगठन विस्तारमा लागेका छौं ।
मधेशको मान्छे काठमाडौंमा निर्वाचनमा उठ्नु साना विषय थिएन । यहाँ मधेशीहरु हेपिएको चेपिएको मानिन्छ । उम्मेदवारी दिइसकेर प्रचारप्रसारमा जाँदा पहिले त मान्छेहरुलाई पत्याउन नै गाह्रो । त्यसमा महिला भएपछि यादव थर विवाहपछि जोडिएको हो कि भन्ने प्रश्नहरु पनि आए । मेरो उम्मेदवारलाई काठमाडौंका जनताहरुले सकारात्मक परिवर्तनको रुपमा लिए र यो हाम्रो लागि अवसर हो भनेर स्वीकार गरेको भन्ने मैले बुझेको छुँ । त्यो समयमा मैले त्यति मत पाउनु भनेको काठमाडौंले मधेशलाई स्वीकार गरेको हो । (कुराकानीमा आधारित, केन्द्रीय सदस्य, विवेकशील साझा पार्टी)

## स्थानीय सम्वाद

# उप-स्वास्थ्य चौकीमा औषधीको अभाव हुन दिएका छैनौ



## लालमणी चौधरी
### नगर प्रमुख, खैरहनी नगरपालिका, चितवन

*खैरहनी नगरपालिका प्रदेश नं. ३ अन्तर्गत नारायणी अञ्चल चितवन जिल्लाको सदरमुकाम भरतपुरबाट करिब २२ कि.मि. पूर्वमा अवस्थित छ । नेपाल सरकारको २०७१/०१/२५ को निर्णयानुसार चैनपुर, कुमरोज र खैरहनी गरी ३ वटा गाउँ विकास समिति समावेश भई खैरहनी नगरपालिका बनेको थियो र पछि २०७२/०६/०१ को निर्णय पछि कठार गाऊँ विकास समिति समेत यस नगरपालिकामा समावेश भई साविकका ४ गाऊँ विकास समितिहरुको संयुक्त रूप मिलेर खैरहनी नगरपालिका बनेको छ । यस नगरपालिकामा १३ वटा वडाहरु छन् भने जम्मा ८५.५७ वर्ग कि.मि. क्षेत्रफ़ल रहेको छ समुन्द्री सतह देखि १९० मि. उचाईमा रहेको यस नगरपालिकामा पुरुष जनसंख्या जम्मा २६,०७५ र महिला जनसंख्या जम्मा ३०,०१९ गरी कुल जनसंख्या ५६,०९४ रहेको छ भने जम्मा घरधुरी संख्या १२,३३१ रहेको छ । यस नगरपालिकाको भावी योजनाको विषयमा गरिएको कुराकानी :*

**० तपाई जनप्रतिनिधिको रुपमा निर्वाचित भएर आएदेखि अहिले सम्म के-के उल्लेखनीय कामहरु गर्नुभयो ?**

नयाँ नगरपालिका भएको हुनाले र संविधान अनुसारको तीन तहको सरकारले आफ्नै किसिमको संविधान अनुसार काम, कर्तव्य, अधिकार र दायित्व तोकिएकाले सो अनुसार ऐन, कनुन र कार्यविधिहरु बनाउन सुरुका दिनहरुमा लाग्यौ । यो नगरको समृद्धिको लागि यहाँका सम्भावनाहरु अध्ययन गरेर विषेश गरी कृषि, पर्यटन, उद्योगलाई प्राथमिकताको साथ अगाडी बढाएका छौँ । त्यो सँगसँगै पूर्वाधार विकास शिक्षा, स्वास्थ्य र सामाजिक सेवाको कुराहरु पनि अगाडी बढाएका छौँ । अहिले प्रशस्त उद्योगहरु स्थापना हँदैछन् । ती उद्योगहरुलाई टेवा पुऱ्याउनको लागि त्यहाँ पुग्ने बाटो, बिजुली र खानेपानी पनि पुऱ्याउन सफल भएका छौँ । हामीले कृषिमा यान्त्रिकीकरण गरेर यहाँका किसानहरुलाई कृषिको उत्पादनमा लागत घटाउनको लागि गत आर्थिक वर्ष हामीले एक करोडको बजेटमा विभिन्न यन्त्रहरु वितरण गऱ्यौं । जस्तै धान काट्ने मेसिन, ड्याङ बनाउने मेसीन र पावर टिलरहरु किसानहरुलाई वितरण गर्न सफल भयौं ।
कृषिमा पनि हामीले विभिन्न किसिमका तालिमहरु, माटो परीक्षणदेखि लिएर कृषिको यन्त्रहरु बाँड्ने कार्यक्रम राखेका छौं । आउने पाँच वर्ष भित्रमा यस नगरमा कृषिमा उल्लेखनीय विकास भएर यहाँको किसानहरुको आर्थिक समृद्धि हुन्छ भन्ने हामिले विश्वास लिएका छौँ । पर्यटनको क्षेत्रमा भन्ने हो भने, हाम्रो नगरपालिकाको झन्डै १७ किलोमिटर राष्ट्रिय निकुञ्जसँग जोडिएको हुनाले हामीले त्यहाँ पर्यटन प्रर्वद्धनका लागि विभिन्न कार्यक्रमहरु आगाडी बढाएका छौँ ।

**० भने पछि यो खैरहनी नगरपालिकामा पर्यटकको प्रचुर सम्भावना छ ?**

हामी भाग्यमानी छौँ । खैरहनी नगरपालिका दक्षिणमा १७ किलोमिटर राष्ट्रिय निकुञ्जसँग जोडिएको छ भने । यसपाली मात्रै हामीले तराई मधेश समृद्धि कार्यक्रमबाट दरइहरुको होमस्टे निर्माण गर्नको लागि २५ लाख रकम प्राप्त गरेका छौँ । हाम्रो नगरपालिकामा ३०/३५ घर मुसहर बस्ती पनि छ । त्यो मुसहर बस्तीको पनि हामीले यस वर्ष तराई मधेश समृद्धि कार्यक्रमबाटै उनीहरुको सामूहिक भवन बनाउने बजेट प्राप्त गरेका छौँ र मलाई लाग्छ सिमान्तकृत मुसहर बस्तीलाई पनि यो वर्ष व्यवस्थित गरेर उहाँहरुको आर्थिक समृद्धिको लागि हामीले बङ्गुर पालन कार्यक्रम, सिलाई कटाईको तालिम आदि कुराहरु अगाडी बढाएका छौँ । मुसहर वस्तीको विकास अव आउने वर्षबाट हामी अगाडी बढाउन सक्छौँ ।

**० स्थानीय तहको निर्वाचनको वेला जनतासँग के कस्ता प्रतिबद्धताहरु पूरा गर्नु भएको छ ?**

विकासको पहिलो आधार भनेको बाटो, बिजुली, खानेपानी र सञ्चार हो । म मेरो कार्यकालमा यस नगरपालिकामा प्रत्येक घरमा पुग्ने बाटोलाई सुविधा सम्पन्न बनाउँछु, प्रत्येक घरमा विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार खानेपानी पुऱ्याउँछु, प्रत्येक घरमा बिजुली पुऱ्याउँछु र सञ्चारको व्यवस्था गर्छु । यति भएपछि विकासको पूर्वाधार तयार हुन्छ र हाम्रो विकासको कुरा अगाडी बढ्छ भन्ने कुराको प्रतिबद्धता गरेको छु । शिक्षा र स्वास्थ्यको क्षेत्रमा पनि हामीले उल्लेखनीय कामहरु अगाडी बढाएका छौँ ।

**० यस आर्थिक वर्षको बजेटमा के-के प्राथमिकतामा छ ?**

यो वर्षको ७० करोड बजेट हामीले हाम्रो नगरपालिकाको तर्फाबाट विनियोजन गरेका छौँ। हाम्रो पहिलो प्राथमिकता भनेको बस्तीहरुमा ढल निर्माण गर्ने, बाटो कालोपत्रे गर्ने, औद्योगिक क्षेत्रहरुमा बाटो बिस्तार गर्ने, पर्यटनको क्षेत्रमा फन पार्क बनाउने बनाउने योजना छ। विद्यालयहरुमा विज्ञानको प्रयोगशाला, .पुस्तकालय र भवन निर्माणका कामहरु अगाडी बढाइरहेका छौँ। शिक्षकहरुलाई उनीहरुको क्षमता विकासको लागि विभिन्न तालीमहरु अगाडी बढाएका छौँ। यो समयसम्म आइपुग्दा हाम्रो नगरपालिका भित्र रहेका स्वास्थ्य सेवा केन्द्र लगायत उपस्वास्थ्य चौकीहरुमा हामीले कुनै दिन पनि औषधीको अभाव हुन दिएका छैनौँ। उपस्वास्थ्य चौकीमा हामीले ल्याबको व्यवस्थापन गर्दै छौँ। हामी यो वर्ष पनि त्यसै गरी पर्यटन विकास, पूर्वाधार विकास, शिक्षा स्वास्थ्य र सामाजिक विकासमा पनि हामीले महत्व दिएका छौँ।

**० तपाईले यसरी काम गरिरहँदा त्यहाँका जनता कतिको सन्तोष देखिएका छन् ?**

म लामो समय जनप्रतिनिधि हुँदै आएको हुनाले पनि म आफैले जनताको आवश्यक्ता, मर्म बुझेको छु । म २०५४ सालमा यही खैरहनी गाउँ विकास समितिको अध्यक्ष पनि भएको हुनाले पाँच वर्ष जनताको बीचमा मैले काम गर्ने अवसर पाएँ । त्यो बेला पनि मैले यहाँको आश्यकक्ता, सम्भावना, चुनौतीहरु सबै बुझेको थिएँ । यो क्षेत्रबाट २०६४ सालमा म संविधानसभाको निर्वाचित हुन पाएँ । त्यो बेलामा पनि मैले चार वर्ष निरन्तर जनताको बीचमा काम गरेको हुँनाले मलाई जनतासँग काम गर्न समस्या छैन । कोही पनि जनता नगरपालिकामा आएर मलाई यो काम राम्रो भएन भन्न पाएका छैनन् र मलाई लाग्छ यो बाँकी अवधी पनि सबैको भावना बुझेर यसैगरी काम गर्न सक्छु भन्ने मलाई विश्वास छ ।

**० ‘स्थानीय निर्वाचन पश्चात सिंहदरबार गाउँगाउँमा यो नारा खैरहनी नगरपालिकाबासीले महशुस गर्न पाएका छन् ?**

कुनै पनि संस्था स्थापना गर्दैमा सबै कुरा सुरुमै पुरा हुन्छ भन्ने छैन। अहिले राज्यले कर्मचारीको व्यवस्थापन गर्न सकेको छैन। अहिले संघीय मामिला मन्त्रालयले कर्मचारीको समायोजन गर्दै छ। त्यसैले गर्दा हाम्रो नगरपालिकामा जति दरबन्दी छ, कर्मचारीको त्यो दरबन्दी अनुसार कर्मचारी उपलब्ध नभइसकेको अवस्थामा केही काम गर्न समस्या छ। तर, हामीले भएका कर्मचारीलाई व्यवस्थापन गर्दै जनताको कामलाई सहज ढंगले छिटो र छरितो गर्न हामी कटिबद्ध छौँ। मेरो नगरपालिकामा प्रत्येक शाखा, प्रत्येक फाँटमा प्रत्येक दिन म आँफै पुगेको हुन्छु। यो बीचमा कर्मचारी साथीहरुसँग राम्रो सम्बन्ध भएको हुनाले अहिलेसम्म जनतालाई दिनुपर्ने सेवा वञ्चित भएको छैन। आम जनताको धेरै भन्दा धेरै कामहरु स्थानीय तहबाटै समाधान हुने भएकाले सिंहदरबारको केही अधिकार हामी कहाँ आइपुगेको हो की भन्ने महशुस गरेका छौँ।

# छोरी बीमा कार्यक्रमको शुभारम्भ हुने

जनकपुरधाम । प्रदेश २ को सरकारले ल्याएको ‘बेटी पढाउ, बेटी बचाउ’ अभियान सुरू भएको दोस्रो वर्ष हुन लाग्यो । तर कार्यान्वयन पक्ष अहिले पनि फितलो नै देखिएको छ । गत भदौ १५ गते प्रदेश सरकारले औपचारिक कार्यक्रमको आयोजना गर्दै बडो तामझामका साथ अभियानको सुरूआत गरेको थियो ॥ प्रदेश सरकारले आफ्नो बजेटबाट ठूलो राशी ‘बेटी पढाउ, बेटी बचाउ’ अभियानकै लागि छुट्याएको छ ।
आर्थिक वर्ष २०७५/०७६ को बजेटबाट प्रदेश सरकारले यस अभियानका लागि ८९ करोड रकम छुट्याएको छ । तर प्रदेश सरकारको यो अभियान कार्यान्वयनमा आउन नसकेको छैन ।
कानुनी प्रक्रिया पूरा गर्न समय लाग्ने भएकोले कार्यान्वयनमा ल्याउन केही समय लागेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले जनाएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता टिकामणि न्यौपानेले सूचना निकालेर एक महिना समय दिनुपर्ने, त्यसको मूल्यांकन गर्नुपर्ने, करार गर्नुपर्ने, धरौटी राख्न लगाउनु पर्ने जस्ता प्रक्रिया पूरा गर्न समय लाग्ने भएकोले कार्यान्वयनमा ल्याउन केही ढिलाइ भएको बताए । उनले यो कार्यक्रम प्रचारमुखी नभई ठोस देखिने गरी कार्य अगाडि बढाइएको दाबी गरे ।
‘बेटी पढाउ बेटी बचाउ’ अभियान दुई वर्ष पूरा हुनै लाग्दा कार्यान्वयनमा नआएपछि सरकारको आलोचना बढ्दै गएको छ । आलोचनाका बीच प्रदेश सरकारले छिट्टै कार्यान्वयनमा लाने प्रक्रिया सुरू गरेको छ ।
पहिलो चरणमा छोरी बीमा कार्यक्रम र एसइईमा उत्कृष्ट अंक ल्याउने आठ वटै जिल्लाबाट उत्कृष्ट ३ वटा छात्रालाई सम्मान र छात्रवृति प्रदान गर्ने कार्यक्रम रहेको छ । यस वर्ष आठ वटै जिल्लाबाट कूल २८ छात्रालाई सम्मान गर्ने निश्चित गरिएको छ । छोरी बीमा कार्यक्रमको शुभारम्भ राष्ट्रपति विद्यादेवी भण्डारीले गर्ने कार्यक्रम तय गरिएको छ ।
फागुन ९ गते वीरगञ्जस्थित युद्ध माविमा आयोजना हुने सो कार्यक्रममा राष्ट्रपति भण्डारीले छात्राहरूलाई सम्मान गर्दै छोरी बीमा कार्यक्रमको शुभारम्भ गर्ने कार्यक्रम तय गरिएको बेटी पढाउ बेटी बचाउ कार्यक्रमकी संयोजक प्रियंका यादवले जानकारी दिइन् ।



# स्थानीय तहमा अत्याधिक बेरुजु

वीरगञ्ज । दुई दशकपछि स्थानीय तहमा आफैंले चुनेका जनप्रतिनिधिले गाउँको विकास गर्ने अपेक्षा मतदाताले लिएका थिए । तर जनप्रतिनिधिमा देखिएको अन्योल, समस्या र बजेटमाथिको गिद्धेदृष्टिका कारण प्रदेश नं २ को पर्सा जिल्लामा रहेको स्थानीय तहमा भने जनअपेक्षाअनुसार बजेट खर्च हुनसकेको छैन । सिंहदरबारको अधिकार स्थानीय तहमा बाँडिए पनि विकासप्रति उत्तरदायी हुन नसक्दा पर्सामा रु १ अर्ब ५५ लाख ८८ हजार बेरुजु भएको कोष तथा लेखा नियन्त्रण कार्यालय पर्साले जनाएको छ ।
स्थानीय चुनावपछि जितेर आएका जनप्रतिनिधिबीच देखिएको आपसी वैमनस्यको प्रत्यक्ष असर विकास निर्माणमा परेको गुनासो पर्साका दुर्गम ठोरी गाउँपालिका-५ सुवर्णपुरका सामाजिक अभियानकर्मी चन्द्रबहादुर श्रेष्ठले गरे ।
पर्सामा बेरुजु भएको रकममध्ये वीरगञ्ज महानगरपालिकामा रु ५१ करोड २२ लाख, पोखरिया नगरपालिकामा रु दुई करोड ९१ लाख, बहुदरमाई नगरपालिकामा रु पाँच करोड ५२ लाख, पर्सागढी नगरपालिकामा रु पाँच करोड आठ लाख बेरुजु भएको देखिन्छ ।

# बालबालिकालाई घरको चाबी हस्तान्तरण

विराटनगर । मोरगंको जहदा गाउंपालिका वडा नं. २ धुनी बस्तीको तीन जना असाहय नबालक बालिकालाई एक कार्यक्रम गरी पत्रकारहरुद्वारा घरको चाबी हस्तान्तरण गरिएको छ छ
उक्त चाबी पत्रकार महासंघ प्रदेश नं. १ का अध्यक्ष विक्रम लुईटेल, मधेशी पत्रकार समाज मोरंगका अध्यक्ष श्याम सुन्दर सुतिहार, प्रेस युनियन मोरंग जिल्ला अध्यक्ष कुमार लुईटेल, क्रान्ति कारी पत्रकार संघका मोरंग जिल्ला अध्यक्ष गोकुल पराजुली र जीवन विकास समाजका प्रमुख योगेन्द्र मण्डले संयुक्त रुपमा हस्तान्तरण गरिएको छ ।
अभिभावकविहीन रहेका १५ बर्षीया काजल मुखिया, ९ वर्षीया रानी, ७ वर्षीया नेहा र ४ वर्षीया सुनेनाकी आमाको चार बर्षअघि मृत्यु भएको र बाबुले पनि छोडेर वेपत्ता भएपछि उनीहरु पालमा बस्दै आएका थिए । दिदी काजलको समेत विवाह भएपछि तीन जना दिदी वहिनी अझ असाहय भएका थिए ।
सो बालवालिकाको लागि जीवन विकास समाज र यूएन ह्याविटस फर ह्यूम्यानिटीले संयुक्त रुपमा घर निर्माण कार्य विश्व स्वयसेवक दिवसको अवसर पारेर जनश्रम घानमा घर निर्माण मंसिर महिनामा शुरु गरेका थिए ।

# सहयोग पुऱ्याउन समझदारी पत्रमा हस्ताक्षर

विराटनगर । प्रदेश नं १ को विकास तथा समृद्धिमा सहयोग पुऱ्याउने उद्देश्यले प्रदेश सरकार र नेपाल उद्योग वाणिज्य महासङ्घबीच सार्वजनिक, निजी र साझेदारी सम्बन्धी पत्रमा हस्ताक्षर भएको छ ।
आर्थिक मामिला तथा योजनामन्त्री इन्द्रबहादुर आङ्बो र महासङ्घका अध्यक्ष भवानी राणाले मंगलबार सो समझदारी पत्रमा हस्ताक्षर गरेका हुन ।
समझदारी पत्रमा कृषि क्षेत्रमा व्यावसायिक उत्पादन, प्रशोधन र बजारीकरणका माध्यमबाट रोजगार, स्वरोजगारको सङ्ख्या वृद्धि गर्ने, हालको परनिर्भरताको अवस्थालाई आयात प्रतिस्थापनका माध्यमबाट विस्तारै कम गर्दै लैजाने, ग्रामीण पर्यटन र कृषि व्यवसायलाई सँगसँगै अघि बढाइ स्थानीयस्तरमै आयआर्जन र रोजगारी सिर्जना गर्ने, आगामी पाँच वर्षभित्रमा स्थानीय तहमा एक उद्योग स्थापना गर्न परियोजना बैंकको स्थापना गर्ने उल्लेख छ ।

## विश्व परिवेश

# नेपालमा भारतीय लगानी : उच्च प्रतिबद्धता, ठूला चुनौतीहरुसँग जुध्दै – ३



**नेपालमा सम्भाव्यताको छनौट**

यस आधिकारिक भनाईलाई भरपर्दो मान्न सकिन्छ कि नेपाल उदार वैदेशिक लगानी नीतिको अपेक्षा गर्दै आएको छ र त्यसैले देशमा वैदेशिक दातृ संगठनहरुलाई आकर्षित गर्न मैत्रीपूर्ण लगानीको वातावरण तयार पर्नमा प्रयासरत रहेको छ । लगानीहरुसँग सम्बन्धित कर-दायरा सुखद र अनुकूल हुनुका साथै व्यापार सञ्चालनको प्रक्रियाको स्थिति ठीक र सन्तोषप्रद रहेको छ । नेपाल सरकार र आईबिएनद्वारा घोषित गरिए अनुरुप लगानी गर्ने प्रमुख क्षेत्रहरु मध्ये - जलविद्युत, औद्यौगिक उत्पादन, सेवा व्यवसाय, पर्यटन, निर्माण, कृषि, खानी र ऊर्जा रहेका छन् । नेपालले वैदेशिक लगानीलाई संयुक्त स्तरमा नेपाली लगानीकर्ताहरु साथ गर्ने कार्यलाई प्रोत्साहित गर्छ अथवा पूरै (१००%) वैदेशिक लगानीकर्ता संगठनलाई, केही क्षेत्रहरु वैदेशिक लगानीका लागि खुल्ला गरिएको छैन, जसमध्ये साना स्थानीय उद्योगहरुलाई प्रवर्द्धन गर्न राष्ट्रिय हितका दृष्टिले सुरक्षित राखिएको छ भने मौलिक कला र दक्षताका दृष्टिले राष्ट्रिय सुरक्षाको कारणबाट प्रतिबन्धित गरिएको छ ।

नयाँ दिल्लीस्थित नेपाली दूतावासले 'फेडरेशन अफ इन्डियन चेम्बर्स अफ एण्ड इण्डस्ट्री' को सहयोगमा मे ४, २०१८ का दिन हैदराबादमा नेपालमा भारतीय लगानी परिचालन गर्न एक महत्वपूर्ण सेमिनार 'टुरिज्म, ट्रेड एण्ड इन्भेस्टमेण्ट अपरच्युनिटीज इन नेपाल' को आयोजना गरेको थियो । त्यस सेमिनारमा भारतीय लगानीकर्ताहरुसँग वरिष्ठ अधिकारीहरुले नेपाली दूतावासले नेपालका विभिन्न क्षेत्रहरु जस्तै - पर्यटन, जलविद्युत, उत्पादन, फर्मास्यिुटिकल्स, टेक्सटाइल्स, काठ र काठका उत्पादन, टेलिकम, यातायातका साधन, खाद्य प्रशोधन, केमिकल्स, लाइट इन्जिनियरिङ, आईटी तथा आईटीईएस आदि क्षेत्रहरुमा भारतीय लगानी प्रवर्द्धन गर्ने सम्बन्धमा छलफल गरेको थियो । नेपाली दूतावासका चार्ज डी अफेयर्स भरतकुमार रेग्मीले नेपालमा भारतीय लगानीकर्ताहरुलाई लगानी गरेर उच्च प्रतिफल प्राप्त गर्न आमन्त्रित गरेका थिए । नेपाली दूतावासका कृष्णहरि पुष्करले नेपालका विभिन्न क्षेत्रहरु, खासगरी जलविद्युत, संरचनात्मक विकास र साहसिक पर्यटनहरुमा लगानी गर्दा प्राप्त हुने उपलब्धि सम्बन्धमा विस्तृत प्रकाश पार्दै नेपाल सरकार र नेपालका निजी क्षेत्रवाट भरपूर सहयोग प्राप्त हुनेबारे सहभागी सबैलाई अवगत गराएका थिए । नेपाल सरकारले लगानी बोर्ड नेपाल ऐनअनुसार आईबीएनको स्थापना भएकाले भविष्यमा त्यस संगठनको भूमिका महत्वपूर्ण र प्रभावकारी हुने बारे समेत त्यस सेमिनार मार्फत जानकारी गराईएको थियो ।

नेपालमा लागानी गर्ने क्षेत्रहरु

**(क) उबजाऊ भूमि** : हुन त नेपालका तराई र ग्रामीण क्षेत्रहरुमा जमीनको भाउ बढ्न थाले पनि त्यो अहिले सस्तो नै छ त्यसैले त्यहाँबाट राम्रो प्रतिफल प्राप्त गर्न सकिनेछ । जेरेमी ग्रान्थम भन्ने प्रख्यात लगानीकर्ताले अरग्यानिक खेती आजको विश्वमा सबभन्दा राम्रो प्रतिफल दिने बताएका थिए । नेपालमा पारम्परिक र आधुनिक अरग्यानिक खेती प्रविधिको प्रयोगबाट राम्रो प्रतिफल प्राप्त हुने जानकारी समेत गराएका थिए ।

**(ख) पर्यटन क्षेत्रमा लगानी** : चिनियाँ र भारतीय पर्यटकहरुबाट नेपालले पर्यटन बजार र क्षेत्रबाट राम्रो प्रतिफल प्राप्त गर्न सक्नेछ । किनकि दुबै विशाल देशमा पर्यटकहरुले त्यहाँका पर्यटकीय दृश्यहरुलाई रुचाएका छन् ।

**(ग) जलविद्युत** : जलविद्युत नेपालमा व्यापक सम्भावना रहेको छ । नेपालमा रहेका थुप्रै जलविद्युत योजनाहरु १० वर्षभित्र सार्वजनिक हुन जानेछ, जसले साधारण लगानीकर्ताहरुलाई करोडौंको लगानी नगरे जति प्रशस्त अवसर प्रदान गर्नेछ । ठूलो स्तरका लगानीकर्ताहरुका लागि समेत थुप्रै योजनाहरु छन् । जसले भारतसँग २०१४ मा भएको 'पावर ट्रेड एग्रिमेण्ट' अनुरुप अवसर प्रदान गर्नेछ ।

**(घ) बाह्य श्रोत व्यवस्थापन** : अधिकांश विदेशी कम्पनीहरुले विकासशील देशहरुमा श्रम सम्बन्धी अनुसन्धान कार्यक्रमहरुलाई श्रोत व्यवस्थापन गर्ने कार्यको खोजीमा रहेका छन् । त्यस्ता अवसरहरुमा खासगरी नेपालका अधिकांश युवा विद्यार्थीहरु कम्प्युटर इन्जिनियरिङ प्रति चासो राख्दै आएकाले त्यसमा लगानी गरेर अपेक्षित रकम बचाउने योजनामा लागेका छन् ।

**(ङ) चिकित्सासम्बन्धी पर्यटन** : नेपालका असल चिकित्सकहरु, त्यस मध्ये पनि नेपालको अस्पतालका शल्य चिकित्सकहरु (सर्जन) सिंगापुर, ईगंलैण्ड र अमेरिकामा शल्यक्रिया गर्दै आएका छन् । यो सत्य हो कि नेपाली अस्पतालहरुमा विकसित देशहरु जस्तै औजार तथा संरचनात्मक व्यवस्थापन रहेका छैन जब कि डाक्टरहरु (चिकित्सक) उच्च प्रशिक्षित स्तरका रहेका छन् । त्यसैले नेपालको चिकित्सा पर्यटनमा राम्रो लगानी गर्ने राम्रो अवसर रहेको छ । विकसित विश्वमा स्वास्थ्य सेवा महँगो रहेको छ । एउटा साधारण बाइपास सर्जरीका लागि त्यहाँ हजारौं डलर खर्च गर्नुपर्छ जबकि त्यही सर्जरी नेपालमा बहुत कम पैसामा गर्न सकिन्छ । नेपाल प्राकृतिक सौन्दर्यले भरिपूर्ण रहेकोले आनन्द र स्वास्थ्योपचारका दृष्टिले समेत नेपाल आकर्षणको. केन्द्र बन्न सक्छ ।

**सीमाक्षेत्र बाहिर**

खुला सीमाले तब ज्यादै राम्रो प्रतिफल दिनेछ जब त्यसलाई व्यापार र उत्पादनको संचालनको प्रवेशद्वारको रुपमा प्रवर्द्धन गरिनेछ । आधुनिक युगमा सीमा वारपारको व्यापार र कारोबारलाई नियमित गर्न आवश्यक छ । नेपालीहरुलाई स्थानीय रोजगारीको अवसर प्रदान गर्न नसक्ने निम्न औद्योगिक आधारका कारण नेपालीहरुले रोजगारीका लागि पुग्नु परेको छ । नेपाल मानविय र प्राकृतिक संसाधनका दृष्टिले धेरै धनी भए पनि त्यसको समुचित उपयोग सम्यक राजनीतिक सोचको अभावमा ज्यादै पछाडि धकेलिन पुगेको छ । भारत धेरै लामो समय पछि १९९१ देखि आफ्नो अर्थव्यवस्थालाई, गम्भीर संकटहरुसँग जुधे पछि, सपार्न सकेको थियो । त्यस्तै नेपालले आफ्नो विकराल गरिवीबाट मुक्ति पाउन लामो संघर्षपूर्ण यात्रा गर्नु जरुरी रहेको छ । राजनीतिक तथा आर्थिक विपन्नतालाई स्वास्थ्यकर दृष्टिकोण अपनाएर अघि बढेमा विश्वस्तरमा ठूलो भूमिका निर्वाह गर्न सक्छ ।

**दुबैका लागि उपलब्धि**

यो सही हो कि भारत-नेपाल बीचको खुल्ला सीमा दुबै देशबीच सत्यमा आधारित सम्बन्धका लागि ज्यादै उपयुक्त बिन्दु रहेको छ । दुबै देशले सीमा क्षेत्रलाई व्यापार गतिविधिहरुको उपादेयतालाई अपनाउनु पर्छ । हालसम्मका असफलताहरुलाई सफलता र कार्यगत रुपमा परिणत गर्नु पर्छ । उदाहरणका लागि भारतको उत्तर बिहारको मधुवनी जिल्लाका थुप्रै ठाउँहरु नेपालको सीमासँग जुडेको छ, जहाँवाट अधिकतम् व्यापार र नागरिक सहयोगका लागि प्रशस्त अवसरहरु भए पनि ठोस सडक र रेल संरचनाको पूर्वाधारमा निर्माणको अभावमा उच्चतम् प्रतिफल प्राप्त गर्ने पुर्वाधारहरुको विकास गर्न सकिएको छैन । नेपालमा रेल संरचनाको विकास भएको छैन । बिहारको मधुवनी जिल्लाको जयनगर र नेपालको धनुषा जिल्लाको जनकपुरसम्म संचालित एकमात्र रेल्वे पनि भारत सरकारकै सहयोगमा संचालित रहेको छ । टेलिकम र हुलाक समेतको त्यस्तै अवस्था रहेको छ । त्यसैले नयाँ दिल्ली र काठमाडौंले त्यस्ता मुद्दाहरुलाई अघि बढाउन र त्यसको प्रतिफल प्राप्त गर्न संयुक्त प्रयास गर्नु जरुरी छ । त्यस्तै दुवै देशबीचका सीमा क्षेत्रहरु आर्थिक सहयोग विस्तार गरेर सीमा क्षेत्रहरुका स्थानहरुमा त्यसको उपलब्धि प्राप्त गर्न सकेको छैन । यो तथ्य र वास्तविकता छ । भारत विश्वको सब भन्दा ठूलो दुग्ध उत्पादक देश हो र नेपाल दुग्ध उत्पादनमा घाटा बेहोर्ने देश हो । त्यसैले नेपालले भारतको सहयोग प्राप्त गरेर गुजरातले अमूल जस्तो उत्पादन सरह वा त्यसबाट प्रेरणा लिएर सानो स्तरको योजना भए पनि संचालित गर्न सक्छ । यस अतिरिक्त प्रशस्त संभावित सहयोग प्राप्त गर्ने क्षेत्रहरु रहेका छन् ।

## मुसलमानलाई जबर्जस्ती सुँगुरको मासु खान बाध्य बनाउँदै चीन



काठमाडौं । चीनको सिनजियाङ क्षेत्रमा लुनार नयाँ वर्षको अवसरमा मनाइने कार्यक्रमहरुमा मुसलमानलाई जबर्जस्ती सुँगुरको मासु र मदिरा पिउन बाध्य बनाइएको छ ।

अल्पसंख्यक मुसलमानहरु यस्ता कार्यको विरोध गर्ने अवस्थामा नरहेको जनाइएको छ । मुसलमान समुदायमा सुँगुरको मासु र मदिरा पिउनु प्रतिबन्ध छ । यो आस्था र विश्वासमा अडिग रहेको मुसलमानहरुलाई चिनियाँ अधिकारीहरुले जबर्जस्ती मासु र मदिरा पिउन बाध्य बनाएको रेडियो फ्रि एसियाले जनाएको छ ।

चिनियाँ प्रशासनले नयाँ वर्षको अवसर पारेर कार्यक्रमहरुमा अनिवार्य रुपमा मुसलमान समुदायलाई उपस्थित हुन भनेका थिए ।

उपस्थित नभएको खण्डमा जरिवाना अथवा दण्डित हुने त्रासका कारण उनीहरु कार्यक्रममा पुगेका थिए । सो क्रममा उनीहरुलाई धर्म विपरित आस्था विपरितको कार्य गर्न बाध्य पारिएको हो । अधिकारकर्मीले यस कार्यको आलोचना गरेका छन् । चीनमा कार्यरत अन्तर्राष्ट्रिय गैर सरकारी संस्था चाइना एडका अनुसार चीनले अल्पसंख्यक मुसलमान र क्रिस्चियनहरुलाई दमन गरेका छन् । अन्तर्राष्ट्रिय संस्थाहरु ह्युमन राइट्स वाच र एमनेस्टी इन्टरनेसनलले संयुक्त राष्ट्रसंघको मानव अधिकार परिषद्लाई चीनमा भइरहेको ज्यादतीको बारेमा अनुगमन गर्न अनुरोध गरेको छ ।

## युएइको तेस्रो औपचारिक भाषामा हिन्दीलाई मान्यता

काठमाडौं । संयुक्त अरब इमिरेट्स ( युएई) को न्यायिक निकायले हिन्दी भाषालाई तेस्रो औपचारिक भाषाको रुपमा प्रस्तुत गरेको छ । अरबी र अंग्रेजीपछि हिन्दीलाई पनि न्यायिक निकायमा तेस्रो औपचारिक भाषाको रुपमा मान्यता दिने निर्णय भएको अधिकारीहरुले बताएका छन् । भारतका विदेश मन्त्री सुष्मा स्वराजले युएइको अदालतमा दिएको निवेदनका आधारमा अदालतले हिन्दी भाषालाई पनि कामकाजको भाषाको मान्यता दिएको जानकारी दिएका हुन् । सामाजिक सञ्जाल ट्वीटरमा युएइको अदालतको प्रशंसा गर्दै उनले हिन्दी भाषालाई पनि युएइमा औपचारिक भाषाको मान्यता दिएकोमा धन्यवाद व्यक्त गरेकी छिन् । यो निर्णयले न्याय सेवा प्रवाह थप प्रभावकारी हुने र आम नागरिक लाभान्वित हुने उनले विश्वास व्यक्त गरेकी छन् । युएइमा आप्रवासीहरूमध्ये सबैभन्दा धेरै भारतीय रहेका छन् । उनीहरू अधिकांश हिन्दी भाषी हुने गरेका छन् । त्यसैले पनि हिन्दी भाषालाई औपचारिक भाषाको रुपमा मान्यता दिनु पर्ने देखिएको हो । एक तथ्यांकका अनुसार दुबईमा तीन लाखभन्दा बढी भारतीयहरू रहेका छन् । उनीहरू प्राय: भारतको उत्तरी र मध्य क्षेत्रबाट आउने गरेको गल्फ न्युजले लेखेको छ ।

## सीमा क्षेत्रसम्म जलमार्ग तयार हुने

नयाँ दिल्ली । भारत सरकारले एक वर्षभित्र नेपाल-भारत सीमा क्षेत्रको त्रिवेणीघाटसम्म जल यातायातको सञ्जाल विस्तार हुने भन्दै त्यसबाट फाइदा लिन नेपाल सरकारलाई आग्रह गरेको छ । भारत भ्रमणमा रहेका भएका ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुन र भारतका जलस्रोत, नदी विकास तथा गङ्गा संरक्षणमन्त्री नितिन गडकरीबीच आज भएको द्विपक्षीय भेटवार्ताका क्रममा भारतीय पक्षले सो आग्रह गरेको हो ।

नेपाल सरकारले समेत पानीजहाज सञ्चालनका लागि कार्यालय स्थापना गरेको र अध्ययनको प्रक्रियासमेत शुरु गरेको सन्दर्भमा भारत सरकारले नै नेपाल-भारत सीमा क्षेत्रसँग पानीजहाज सञ्चालनका लागि आवश्यक तयारी गरेको र एक वर्षभित्र सो कार्य सम्पन्न हुनेसमेत जानकारी गराएको हो ।

कोलकत्ता हुँदै हल्दियादेखि नारायणी नदी तथा दुई देशको सीमा त्रिवेणीघाटसम्मको जल यातायात मार्गको निर्माण सम्पन्न हुने भन्दै भारतीय पक्षले त्यसबाट नेपालले बढीभन्दा बढी लाभ लिनसक्ने बताएको थियो । भेटमा सहभागी नेपाल विद्युत् प्राधिकरणका प्रवक्ता प्रवल अधिकारीले जल यातायातको क्षेत्रमा भइरहेको प्रगतिका विषयमा मन्त्री पुन र भारतीय मन्त्री गडकरीबीच महत्वपूर्ण छलफल भएको जानकारी दिए ।



प्रधानमन्त्री केपी शर्मा ओलीले गत चैतमा गर्नुभएको भारत भ्रमणमा समेत पानीजहाज सञ्चालनको विषयमा भारतीय पक्षसँग महत्वपूर्ण छलफल गरेको सन्दर्भमा मन्त्रीस्तरीय छलफल भएको हो । जल तथा ऊर्जा आयोगको सचिवालयले जल यातायात र पानीजहाज सञ्चालनका विषयमा अध्ययन गरिरहेको छ । भारत सरकारले कोलकत्तादेखि वनारससम्म पानीजहाज सञ्चालनमा ल्याइसकेको छ । सरकारले केही दिन पहिले मात्रै पानीजहाज सञ्चालनका लागि प्रशासनिक संयन्त्र निर्माण गर्ने निर्णय गरेको थियो ।

## भिशाखापट्नम बन्दरगाहको परीक्षण सफल

काठमाडौं । भिशाखापट्नम बन्दरगाहमा मालवस्तु परिवहन विद्युतीय ट्रेकिङ प्रणाली (इसिटिएस) प्रक्रियाअन्तर्गत कन्टेनर पारवहनको परीक्षण सकारात्मक भएपछि आउँदो फागुन ३ गतेदेखि कन्टेनर पारवाहन हुने भएको छ ।

भारतको कलकत्ता/हल्दियाबाट नेपालको वीरगञ्ज सुख्खा बन्दरगाह, सिर्सियासम्म तथा कलकत्ता/हल्दियाबाट भारतको बथनाहसम्म रेलमा र त्यहाँबाट जोगबानीसम्म सडकमार्गबाट ट्रान्ससिपमेन्ट प्रक्रियाबाट पारवहन गरिनेछ ।

प्रधानमन्त्री केपी शर्मा ओलीको भारतको औपचारिक भ्रमणका क्रममा नेपाल र भारतबीच गत सन् २०१७ जुनमा भएको सहमतिअनुसार दुवै देशबीच सरलीकृत पारवहन प्रक्रिया अवलम्बन गर्न कलकत्ताबाट रक्सोल, जोगबनी र सुनौलीसम्म परिवहन हुने कन्टेनरमा इसिटिएसको परीक्षण गरिएको थियो ।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका अनुसार निर्देशक पुरुषोत्तम सुवेदीका अनुसार सो प्रक्रियाका लागि नेपालका व्यवसायीले भिशाखापट्नम बन्दरगाहमा कुनै पारवहनसम्बन्धी कागजात पेस नगरी स्वचालित प्रणालीबाट मालधनीलाई हस्तान्तरण गरिनेछ ।

## जिल्ला समाचार

### 'सञ्चार क्षेत्रलाई व्यवस्थित बनाइने'

चन्द्रकान्त खनाल, रुपन्देही । सूचना तथा सञ्चार प्रविधि मन्त्री गोकुल बाँस्कोटाले सञ्चार क्षेत्रलाई व्यवस्थित र बलियो बनाउने गरि ऐन कानुन निर्माणमा जुटेको बताएका छन् । उनले अहिले सरकारले गरेका हरेक गतिविधिलाई नकरात्मक रुपमा प्रचार गर्ने काम भएको बताए । नेपाल पत्रकार महासंघ रुपन्देहीको वार्षिक साधारणसभा तथा पुरस्कार वितरण समारोहलाई बुटवलमा सम्बोधन गर्दै मन्त्री बाँस्कोटाले सरकार नागरिक अधिकारलाई थप बलियो बनाउने पक्षमा रहेको बताए । यसैबीच साधारणसभाकै अवसरमा नेपाल पत्रकार महासंघले विभिन्न निकायसँग मिलेर स्थापना गरेको तीन वटा पुरस्कार वितरण गरेको छ । नेपाल पत्रकार महासंघ रुपन्देही र बुटवल उपमहानगरले संयुक्त रुपमा स्थापना गरेको उत्कृष्ट पत्रकारिता पुरस्कारबाट पत्रकार डायलसन अधिकारी र पत्रकार भगवती पाण्डे पुरस्कृत भएका छन् । अधिकारी उत्कृष्ट पत्रकारिता पुरस्कार २०७३ र पाण्डे उत्कृष्ट पत्रकारिता पुरस्कार २०७४ बाट पत्रकार पाण्डे पुरस्कृत भएका हुन् । दुवै जनालाई नगद ५०/५० हजार, प्रमाणपत्र र दोसल्ला ओढाएर सम्मान गरिएको छ । प्रमुख अतिथि सूचना तथा सञ्चार प्रविधि मन्त्री गोकुल बाँस्कोटा, बुटवल उपमहानगरका नगरप्रमुख शिवराज सुवेदीले पुरस्कार वितरण गरेका हुन् ।

### बेटी पढाउ बेटी बचाउ कार्यक्रम अन्तर्गत साइकल वितरण

सप्तरी । मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ कार्यक्रम अन्तर्गत साइकल वितरण शुरु भएको छ । सप्तरी जिल्लाको बलान विहुला गाउपालिकाका माध्यमिक तहका ७० जना छात्राहरुलाई साइकल उपलब्ध गराउदै मुख्यमन्त्री लालबाबु राउतले साइकल वितरण कार्यक्रमको शुभारम्भ गरेका हुन् ।

श्री जागेश्वर गरहाइ जनता मावि सेहरा बलान विहुलाको प्राङ्गणमा आयोजित साइकल वितरण कार्यक्रममा मुख्यमन्त्री राउत लगायत अतिथिहरुले छात्राहरुलाई साइकलको साँचो हस्तान्तरण गरे ।

बेटी पढाउ बेटी बचाउ कार्यक्रम अन्तर्गत छोरीहरुको विमा गर्ने कार्य समेत शुरु भई सकेको उल्लेख गर्दै मुख्यमन्त्री राउतले फागुन ९ गते राष्ट्रपति विद्या देवी भण्डारीको हात बाट विमा कार्यक्रमको औपचारिक शुरुवात गरिने जानकारी गराए ।

### घरेलु उद्योगलाई अगाडि बढाइने

बाँके । प्रदेश नं. ५ का उद्योगमन्त्री लिला गिरीले कृषिमा आधारित रहेका उद्योगलाई अगाडि बढाइने बताएका छन् । नेपाल घरेलु तथा साना उद्योग महासंघ बाँके र महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय राष्ट्रपति महिला उत्थान कार्यक्रमको आयोजनामा बाँकेको खजुरामा सुरु भएको 'प्रथम प्रादेशिक औद्योगिक लघु घरेलु तथा कृषि, प्रविधि, व्यापार एंव पर्यटन महोत्सव - २०७५' खजुरामा महोत्सव कार्यक्रमको उद्घाटनमा बोल्दै मन्त्री गिरीले सो कुरा बताएका हुन् ।

उनले प्रगति र समृद्धिको क्रममा अगाडि बढ्न कृषि र घरेलु उद्योगको विकल्प नभएको बताए । प्रदेशस्तरमा रहेका साना तथा घरेलु उद्योगहरुलाई चिनाउन खजुराको महोत्सवले महत्व पूर्ण भूमिका खेल्ने उनको भनाइ रहेको छ । उनले प्रदेशको प्रगतिको सम्भावनाको बाटो खुल्ने गरी नीति निर्माणको काम धमाधम भएरहेको बताए । घरेलु उद्योगहरुलाई अगाडी बढाउन उनले सुझाव समेत मागे ।

### नेपाल-भारत प्रहरीको संयुक्त गस्ती

कैलाली । नेपाल र भारतका सीमा सुरक्षा बलले संयुक्तरुपमा सीमा क्षेत्रमा गस्ती गरेको छ । महाकाली नगरपालिका नजिक रहेको सीमास्तम्भ नम्बर २१ देखि शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्ने सीमास्तम्भ नम्बर २७ सम्म सशस्त्र प्रहरी बल आउट पोष्ट दोधारा चाँदनी र भारतीय सीमा सुरक्षा बलको संयुक्त टोलीले गस्ती गरेको हो । सीमा क्षेत्रमा हुने अवैध चोरी सिकारी, तस्करी र आपराधिक कार्य नियन्त्रणसँगै सीमास्तम्भको सुरक्षाका लागि गस्तीको कार्य गरिएको सशस्त्र प्रहरी बल आउटपोष्टका निरीक्षक रामचन्द्र सिंहले बताए ।

### प्रदेश २ को स्थानीय तहमा धेरै भ्रष्टाचार

वीरगञ्ज । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसार देशैभरका सात प्रदेश मध्ये स्थानीय तहमा भ्रष्टाचार सम्बन्धी सबै भन्दा बढी उजुरी प्रदेश २ बाट दर्ता भएको छ । चालू आर्थिक वर्षको पहिलो छ महिना (पुस मसान्तसम्म) मा देशभरबाट स्थानीय तहका भ्रष्टाचार सम्बन्धी उजुरी प्राप्त भएकामध्ये सबैभन्दा बढी अर्थात् ४० प्रतिशत उजुरी प्रदेश-२ को स्थानीय तहबाटै प्राप्त भएको हो । प्रदेश २ बाट ५ सय २२ वटा उजुरी प्राप्त भएको अख्तियारका सह प्रवक्ता मदन कोइरालाले जानकारी दिए ।

मानव विकास सूचकांकमा कमजोर प्रदेशको रुपमा पहिचान बनाएको प्रदेश-२ निर्वाचित जनप्रतिनिधि नेतृत्वमा आउन नपाउँदै भ्रष्टाचारको दलदलमा फँसेकोमा सरोकारवालाले चिन्ता व्यक्त गरेका छन् । स्थानीय तहमा भ्रष्टाचार चुलिएपछि पीडित बनेका स्थानीय बासिन्दा र प्रतिपक्षको हैसियतमा रहेका राजनीतिक दलका कार्यकर्ताले एकपछि अर्को गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लिखित उजुरी दर्ता गराउन थालेका छन् ।

### अधिकार नपाएको गुनासो

बाँके । जिल्ला समन्वय समिति (जिसस)का निर्वाचित जनप्रतिनिधि कामविहीन बनेका छन् । उनीहरू समय काट्दै तलब-भत्ता बुझिरहेका छन् । एक महिनामा कम्तीमा एक पटक बैठकमा उपस्थिति जनाउँछन् । त्यसबाहेक उनीहरूको काम छैन । उक्त बैठक उनीहरुले भत्ताबापत जनही रु एक हजार पाउने गरेका छन् । जिसस पदाधिकारीले आफूले कुनै अधिकार नपाएको गुनासो गर्दै आएका छन् । त्यसैले यसरी दिन कटाउन बाध्य भएको उनीहरूको जिकिर छ । संघीय र प्रदेशका मन्त्री जिल्लामा आउँदा स्थानीय तहमार्फत समन्वय गर्ने जिम्मेवारी दिएकाले पनि उनीहरू खिन्न छन् ।

जिससलाई विकास निर्माणलगायत कामको अनुगमन गर्ने अधिकार छ तर कारवाही गर्न सक्दैनन् । अनुगमनमा जान सवारी साधन छैनन् । जिसस कार्यालय मातहत दुईवटा जीप छन्, त्यसमा पनि एउटा बिग्रेको छ, एउटा जीपको भरमा चलेको छ, जिसस बाँकेका प्रमुख प्रशासकीय अधिकृत भरत मल्लले भने ।

अहिले पनि जिसस बाँकेमा रु ४० करोड प्रयोग हुन नसक्दा त्यसै थन्किएको जानकारी दिँदै उनले भने, नीति, नियम, कार्यक्रम केही छैन । आन्तरिक स्रोतको रकम रोक्का भएपछि जिससको कामकाज पूरै प्रभावित भएको छ ।

### जिल्ला संयोजकमा महिला नेतृ

राकेश यादव, रौतहट । राष्ट्रिय जनता पार्टी नेपालको रौतहट जिल्ला संयोजकमा महिला नेतृ गिता कुशवाहा छनौट भएकी छिन् । राजनितिक क्षेत्रमा क्रियाशील रहेकी महिला नेतृ कुशवाहालाइ पार्टीका चक्रीय प्रणाली अन्तर्गत २ महिनाको लागि जिल्ला संयोजक बनाएको हो ।

६ राजनीतिक दल सम्मिलित पार्टीको २ महिनाका दरले जिल्ला संयोजक बस्ने विधान रहेको छ । जिल्ला संयोजकको जिम्मेवारी पाउने पहिलो महिला कुशवाहा रहेकी छिन् । रौतहटमा जिल्ला अध्यक्षमा कुनैपनि राजनीतिक दलले महिलालाइ अहिलेसम्म स्थान दिएको थिएन । जिल्ला संयोजकको जिम्मेवारी पाएकी कुशवाहाले पार्टीलाई मजबुत बनाउन अथक प्रयास गर्ने बताइकी छिन् ।

### प्रभावहीन हर्न निषेधित अभियान

विराटनगर । सरकारले प्रदेश नं. १ लाई हर्न निषेधित क्षेत्र घोषणा गरेपछि देखिएको चहल पहल अहिले सुस्ताएको छ । प्रदेश प्रहरी कार्यालयले मुडमा लगाएको हर्न निषेधित अभियान कार्यान्वयन गर्न नसकेपछि फेलियर भएको हो । हर्न निषेधित अधियानको नाममा धेरै ठाउँमा गतिविधिलाई बढाएको पनि देखिन्थ्यो तर त्यो कार्यान्वयनमा केले रोकियो त्यसको जवाफ कोहीसँग पनि छैन । एक्कासी विना योजनाका साथ लागु भएको नो हर्न अभियान अन्तत्वगत्वा कार्यान्वयन हुन नसक्नुको कारण कसैसँग पनि छैन । भन्नलाई नो हर्न जोन लेखिएको भएपनि ठुला हर्नका साथ सवारी हुईंकिई रहेको भेटिन्छ । वानी पार्नका लागि ट्राफिक प्रहरीले कडाई गर्दै जानु पर्नेमा एक्कासी कडाई गर्दा आम नागरिकको तर्फबाट बिरोध नभएको पनि हैन । तर त्यसलाई व्यवस्थित गर्न के गर्ने भन्ने स्पष्ट आधार ट्राफिक प्रहरीसँग पनि थिए ।

## ईपिजीको प्रतिवेदन कार्यान्वयनमा जान्छ : राजदुत आचार्य



काठमाडौं । भारतका लागि नवनियुक्त नेपाली राजदुत निलाम्बर आचार्यले नेपाल-भारत प्रवुद्ध व्यक्ति समूह (ईपीजी) ले तयार पारेको प्रतिवेदन दुवै देशका सरकारले बुझ्ने र छिट्टै कार्यान्वयनमा जाने विश्वास दिलाएका छन् ।
काठमाडौंमा भएको विशेष साक्षात्कारमा बोल्दै उनले ईपिजीको प्रतिवेदन तयार हुनु नै ठूलो उपलब्धि भएको तर्क गरे । आचार्यले भने,'प्रतिवेदन तयार हुनु नै ठूलो उपलब्धि हो ।'
नेपाल-भारत सम्बन्ध पुनरावलोकन गरेर राम्रो बनाउनुपर्छ भन्ने सबैको सहमतिका साथ ईपिजी गठन भएको पनि उनले बताए । उनले ईपिजीले तोकिएकै समयसिमाभित्र प्रतिवेदन तयार पारेको स्पष्ट पारे । यद्धपी उनले ईपिजीको प्रतिवेदन दुवै देशको सरकारसमक्ष पेश भइसकेपछि सरकारले यसलाई अध्ययन गर्ने वा कार्यान्वयन गर्ने वा जे गर्ने हो सरकारले गर्ने तर्क गरे ।
भारतसँगको नेपालको व्यापार घाटा घट्नको निम्ति भारतबाट नेपालमा संयुक्त आयोजनाहरुमा लगानी गरेर उत्पादन बढाउनुपर्ने उनको धारणा छ ।
त्यस्तै नेपालले पर्यटनको विकास गर्नुपर्ने उनको भनाई छ । उनले शिक्षा र स्वास्थ्यको क्षेत्रमा पनि नेपाल र भारतबीच आदान-प्रदान हुनसक्ने सुझाए । आफू भारतसँगको मित्रता बलियो पार्न र दुई देशबीचको सम्बन्धमा केही दुरी छ भने त्यसलाई कम गर्नको लागि केन्द्रित हुने उनको विश्वास छ । उनले भने,'दुरी कम गर्न केही कारणहरु छन् भने कारणहरु हटाउन र शंकाको वातावरण छ भने शंका निवारण गर्न, विश्वासको वातावरण सिर्जना गर्न र वृद्धि गर्न, केही हामीले गर्नुपर्ने काम बाँकी छन् भने हामीले गर्ने र उताबाट गर्न बाँकी छन् भने उतातिरबाट गर्न जोड दिने । हामीबीच विभिन्न सम्झौता भएका छन् ।

## आसन्न चुनावको लागि सीमा सुरक्षा बैठक

जनकपुरधाम । भारतमा हुन लागेको आगामी लोकसभा निर्वाचनलाई लक्षित गरी नेपाल-भारत सीमा सुरक्षा बैठक बसेको छ । धनुषाका प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेल र भारतको बिहार प्रदेश मधुबनी जिल्लाका डीएम श्री सशक्त कपिल अशोकको अगुवाइमा सम्पन्न बैठकमा लोकसभा चुनावलाई केन्द्रित गरेर सीमा सुरक्षा व्यवस्थाका विषयमा छलफल भएको हो ।
सीमामा हुन सक्ने आपराधिक क्रियाकलापलाई रोकथाम गर्न, नक्कली रुपैयाँको हुन सक्ने ओसारपसार, मानव बेचबिखनजस्ता क्रियाकलापलाई निस्तेज गर्न दुबै पक्षबीच छलफल भएको प्रमुख जिल्ला अधिकारी कणेलले जानकारी दिए । सीमा क्षेत्रमा हुन सक्ने अवैध मदिराको कारोबार, अवैध लागूऔषधको कारोबारलाई समेत पूर्णरुपमा निस्तेज गर्ने गरी सीमामा सुरक्षा व्यवस्था कडाई गर्ने सहमति भएको उनको भनाइ छ ।
यस्तै, मिथिला माध्यमिकी परिक्रमाको बेला नेपालको भूमिमा




नेपालका र भारतको भूमिमा भारतका सुरक्षाकर्मीले सुरक्षा प्रदान गर्ने सहमति समेत भएको प्रजिअ कणेलले बताए । लोकसभा चुनावमा दुवैतर्फ रहेको खुला सीमा बन्द गर्ने सँगसँगै त्यसअघि हुने आपराधिक क्रियाकलाप र नक्कली नोटको कारोबार समेत रोक्नेतर्फ दुवैतिर सावधानी अपनाउने विषयमा छलफल भएको मधुबनी जिल्लाका डिएम अशोकले बताए । भारत बिहारको जयनगरमा उखु किसानको समस्यालाई नेपाल सरकारले नेतृत्वदायी भूमिका निर्वाह गरेर समस्या समाधान गरेकोमा नेपाल सरकारलाई धन्यवाद दिँदै डिएम अशोक नेपाल आफ्नो परिवारजस्तै रहेको भन्दै नेपालको समृद्धि आफूहरुको पनि चाहना रहेको दाबी गरे ।
नेपाल सरकारले किटान गरेर समस्या बताए भारतबाट अवैध रुपमा साना हतियार तथा लागूऔषध लगायतका समस्याहरु समाधान हुन सक्ने उनको भनाइ छ । आपराधिक समूहले नेपालमा अपराध गरेर खुला सीमाको दुरुपयोग गर्दै भारतमा लुक्ने गरेको विषयमा नेपालको खुटौना र भारतको लौकहाका सुरक्षाकर्मीबीच छलफल भएको उनले बताए ।

## प्रधानमन्त्रीलाई मुख्यमन्त्री राउतको 'ललिपप'

काठमाडौं । प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले प्रधानमन्त्री केपी ओलीलाई ललिपप पठाएका छन् । सत्तारूढ संघीय समाजवादी फोरम नेपालका सांसद प्रदीप यादवले संसदको रोष्ट्रमबाट बोल्दै कोटको खल्तीबाट 'ललिपप' निकाले र मुख्यमन्त्री राउतले प्रधानमन्त्रीलाई फिर्ता दिएको बताए ।
संसदमा नेपाल प्रहरी र प्रदेश प्रहरीको कार्य सम्पादनसम्बन्धी विधेयकमाथि सैद्धान्तिक छलफल चल्दै थियो । यादवले सरकारले ल्याएको विधेयकमा सिडिओलाई छोटा राजा र मुख्यमन्त्रीलाई बिनासेनाको सेनापति बनाउन खोजिएको आरोप लगाए ।
उनले विधेयक संघीयता खत्तम पार्न ल्याएको भन्दै आपत्ति जनाए। यादवले मुख्यमन्त्रीहरूले पटकरपटक प्रधानमन्त्रीलाई भेटेर आफ्नो अधिकार र आत्मनिर्णयदेखि शासन प्रशासनको कुरा राखेको स्मरण गरे । सांसद यादवले प्रधानमन्त्रीले मुख्यमन्त्रीहरुलाई बोलाएर ललिपप दिने कुरा गरेको बताए । 'मैले प्रदेश नं २ का मुख्यमन्त्रीसँग कुरा गरेँ । उहाँले के भन्नु भयो... हामी बच्चा छैनौं र प्रधानमन्त्रीले जुन ललिपप दिनु



भएको छ । त्यो ललिपपले मान्दैनौं । त्यसैकारण यो प्रधानमन्त्रीको ललिपप तपाँइ लिएर जानुहोस् । र सभामुख महोदय मार्फत् ललिपप फिर्ता गरिदनुहोस् ।'
आक्रामक रूपमा संसदको रोष्ट्रमबाट प्रस्तुत भएका यादवले खल्तीबाट ललिपप निकाले र सांसदहरूलाई देखाएका थिए। उनले प्रदेश प्रहरी र नेपाल प्रहरीको कार्यसम्पादनसम्बन्धी विधेयक संघीयता मार्नका लागि जन्मिएको तर्क गरे ।
प्रमुख जिल्ला अधिकारी (सिडिओ) लाई थप शक्तिशाली बनाउँदै ल्याइएको विधेयकमा प्रदेश प्रहरीको परिचालनको अधिकार सिडिओलाई दिइएको छ ।

## राजपा अझै...

उठेका सवालले पूर्णता पाउन नसकेको उनको निष्कर्ष थियो । उनले मुलुकलाई निकास दिन बहुल राष्ट्रिय राजनीतिलाई आत्मसाथ गरी राज्यले समान अवसर र सहभागिताको व्यवहार गर्नुपर्ने धारणा राखे ।
उल्लेखित मुद्दामा एकताबद्ध सङ्घर्ष भएमा मात्र राज्यलाई एकमुस्ट समाधान खोज्न सजिलो हुने उल्लेख गर्दै नेता महतोले यदि त्यसो नभए विगतको जस्तो एकअर्काको विरुद्धमा प्रयोग गर्ने र लडाउने अवस्था सिर्जना हुने चेतावनी दिए ।
मधेशी मुद्दामा फोरमसहित मधेशी शक्तिको कठोर सङ्घर्षकाबीच अघि बढेको अवस्थामा सबै कुरा छोडेर सत्तामा गएको राजपाको आरोप छ । 'हिजो मुद्दामा सँगसँगै लडेका थियौँ । अहिले दुई तिहाइको शक्तिशाली सरकारसँग बाहिरबाटै माग सम्बोधन गर्न सकिने थियो । तर, सबै कुरा छोडेर तीन बुँदे सहमति गरी फोरम सरकारमा सहभागी भयो, यसले जनतालाई निराश बनाएको छ,' उनको भनाइ छ ।
विषयवस्तु जे जति आए पनि मुद्दामा मधेश केन्द्रीत दलबीच विभाजन नरहेको पनि नेता महतोको स्पष्टोक्ति थियो । फोरमका नेतासँग निरन्तर छलफल भइरहेको र अन्य राजनीतिक शक्तिसँग पनि छलफल चलिरहेको उनले बताए ।
ार्टी विगतकै रोग हो । मधेशका मुद्दामा बेइमेल मात्र होइन सरकारमा जाने होडबाजी र दाउपेचका साथै अन्तरपार्टी र पार्टीभित्रकै तादम्यता नहुँदा मधेशी दल कमजोर बन्न पुगेको होकी भन्ने अनुमान लगाउन थालिएको छ ।
मुलुकको राष्ट्रिय राजनीतिमा दरिलो प्रभाव पार्ने मधेशी दल आफ्नै मुद्दामा एकताबद्ध हुन नसक्दा अलमल र पार्टीभित्रै दरार उत्पन्न भएको देखिन्छ । यद्यपि, नेताकै भनाइमा पार्टीमा बाहिर आएजस्तो सत्यता छैन । तर, पछिल्ला दिनमा दलगत र पार्टीभित्रकै नेताबीचको खटपट र अलमलले उनीहरुबीचको विवादलाई सतहमा ल्याएको छ । सञ्चारमाध्यममा पार्टीगत र सरकारसँगको सम्बन्धलाई लिएर विभिन्न टिकाटिप्पणी भइरहेको छ । सत्ता समर्थक राष्ट्रिय जनता पार्टी (राजपा) र सत्तारुढ संघीय समाजवादी फोरम नेपालबीच अहिले खटपट चलिरहेको छ । यता सरकारमा रहेको समाजवादी फोरमभित्र पनि विवादका आवाज बढ्दै गएको देखिन्छ ।
पार्टीभित्रको आन्तरिक द्वन्द्व र सरकारसँगको सम्बन्धलाई व्यवहारमा परिणत गर्न समाजवादी फोरममा पनि खटपट भइरहेको बताइन्छ । यता, सरकारलाई समर्थन गरेको राजपाले न त आफ्ना मुद्दालाई अघि बढाउन सक्यो न त सत्तायात्रामै सामेल हुनपुग्यो । यसरी राजपाभित्र अलमल र बेइमेल बढेको देखिन्छ । पार्टीभित्रकै विवादलाई किनारा लगाउन नसक्दा राजपा कमजोर बनेको छ । यसको असर सरकारसँगको सम्बन्ध र पार्टीले अख्तियार गरेको मुद्दामा समेत कमजोर हुने देखिन्छ ।
राजपा अध्यक्ष मण्डलका सदस्य राजेन्द्र महतोले राजपा कुनै अलमल र बेइमेलमा नभइ बरु पर्ख र हेरको रणनीतिमा रहेको बताए । 'हामी पर्ख र हेरको अवस्थामा छौँ, सरकारलाई निरन्तर रुपमा घचघच्याईरहेका छौँ, मुद्दा सम्बोधन गर्नँस् नत्र विरोधको बाटोमा जानुपर्ने बाध्यता हुन्छ । तर, पर्खाइको पनि सीमा हुन्छ । धैर्यताको बाँध कुनै पनि बेला टुट्नसक्छ, त्यो अवस्था आउन नदिन सरकार बेलैमा सजक हुनुपर्छ,'उनले भने ।
महतोले सरकारमा जान आफ्नो पार्टीलाई पटक-पटक सरकारी पक्षबाट आग्रह गरिएको उल्लेख गर्दै भने,'आशा र विश्वासका साथ दुई तिहाइको शक्तिशाली सरकारलाई समर्थन गरेका छौं । अझै पनि मुद्दा सम्बोधन हुने आशामै छौं ।' 'हाम्रा सवाललाई सरकारले ध्यान दिनुपर्छ, निर्वाचित सांसद रेशम चौधरीले न्याय पाउनुपर्छ, आन्दोलनका क्रममा परेका बन्दीको रिहाइ र मुद्दा फिर्ता तथा संविधान संशोधनको विषय र आम जनताले उठाएको सवालमा सरकार गम्भीर हुनपर्छ,'उनले भने ।
नेता महतोले आम जनता र पार्टीले उठाएका सवाललाई सरकारले बेलैमा सम्बोधन नगरे समर्थन फिर्ता लिएर संघर्षमा जानुपर्ने बाध्यात्मक अवस्था आउनसक्ने खतरा औंल्याए ।

**सरकारलाई समर्थन जारी रहन्छ**

राजपाले आफ्ना मुद्दा सम्बोधन भएपछि मात्रै सरकारमा जाने या नजाने विषयको टुङ्गो लाग्ने बताएको छ । नेता महतोले पार्टी आफ्नो मुद्दाको अडानमै रहेको भन्दै माग सम्बोधन भएपछि सरकारमा सभागिताको कुरा आउने बताए । उनले सरकारमा सहभागी नभए पनि आफ्ना माग सम्बोधन भएमा सरकारलाई समर्थन भने जारी रहने प्रष्ट पारे । 'सरकारमा जाने अहिले त्यस्तो सोच, चिन्तन बनिसकेको छैन, मुद्दामा सरकारले तदारुपता देखाए सत्तायात्रा गौण विषय हो,' नेता महतोले भने ।
राजपाका संयोजक महेन्द्र राय यादवले आफ्नो म' द्दा सम्वोद्धनका लागि सरकारसँग आग्रह गरिरहेको र छिट्टै नै प्रधानमन्त्रीसँग पार्टीका अध्यक्ष मण्डलसँग भेट गरेर आफ्नो कुरा राखिने बताए ।
पार्टीको महाधिवेशनको संघारमा रहेको राजपाले पार्टीका गतिविधिका साथै सरकारसँगको विषयलाई पनिसँगै अघि बढाउने नीति लिएको छ। वैशाखको पहिलो साता पार्टीको महाधिवेशनको तयारीमा जुटेको राजपा अहिले पार्टीकै काममा बढी व्यस्त देखिन्छ । सरकारसँग उठाएको मुद्दा र पार्टीको महाधिवेशनको तयारीलाई एकसाथ अघि बढाउने नीति राजपाको रहेको संयोजक यादवले बताए ।

**नेतृत्व महाधिवेशनले तय गर्छ**

पार्टी नेतृत्वबारे विभिन्न अडकलबाजी भइरहे पनि महाधिवेशनले नै राजपा नेतृत्वको टुङ्गो लगाउने नेता महतोको भनाइ छ । 'पार्टीभित्र त्यस्तो केही विवाद छैन, बाहिर त्यतिकै हल्ला आइरहेको छ । यो चक्रिय प्रणाली आउँदाखेरी विवाद देखाइदियो । जान प्रणाली वैधानिकताको सुत्र नै अध्यक्ष मण्डल थियो । त्यसलाई हामीले केही दिन टारेका थियौं, कसैले अनावश्यक कुराले उचालेका कारण विवाद जस्तो देखियो । आफ्ना मुद्दामा संवेदनशील छौं,'नेता महतोले भने ।
अधिकार प्राप्तिका लागि मधेशी, थारु, दलित, आदिवासी जनजातीले भिन्न भिन्न रुपमा आन्दोलन गरेपनि ती आन्दोलन र उठेका सवालले पुर्णता पाउन नसकेको उनको निष्कर्ष थियो । उनले मुलुकलाई निकास दिन बहाल राष्ट्रिय राजनीतिलाई आत्मसाथ गरी राज्यले समान अवसर र सहभागिताको व्यवहार गर्नँपर्ने धारणा राखे ।
उल्लेखित मुद्दामा एकताबद्ध सङ्घर्ष भएमा मात्र राज्यलाई एकमुस्ट समाधान खोज्न सजिलो हुने उल्लेख गर्दै नेता महतोले यदि त्यसो नभए विगतको जस्तो एकअर्काको विरुद्धमा प्रयोग गर्ने र लडाउने अवस्था सिर्जना हुने चेतावनी दिए ।
मधेशी मुद्दामा फोरमसहित मधेशी शक्तिको कठोर सङ्घर्षकाबीच अघि बढेको अवस्थामा सबै कुरा छोडेर सत्तामा गएको राजपाको आरोप छ । 'हिजो मुद्दामा सँगसँगै लडेका थियौँ । अहिले दाई तिहाइको शक्तिशाली सरकारसँग बाहिरबाटै माग सम्बोधन गर्न सकिने थियो । तर, सबै कुरा छोडेर तीन बुँदे सहमति गरी फोरम सरकारमा सहभागी भयो, यसले जनतालाई निराश बनाएको छ,' उनको भनाइ छ ।
विषयवस्तु जे जति आए पनि मुद्दामा मधेश केन्द्रीत दलबीच विभाजन नरहेको पनि नेता महतोको स्पष्टोक्ति थियो । फोरमका नेतासँग निरन्तर छलफल भइरहेको र अन्य राजनीतिक शक्तिसँग पनि छलफल चलिरहेको उनले बताए ।

## मधेशी जनताको आवश्यकता अनुसार संविधान संशोधन हुन्छ : प्रचण्ड

राम नारायण पण्डित, सिरहा । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सिरहालाई आँप जोनको रुपमा बिकास गर्ने बताएका छन् । सिरहाको मिर्चैयामा "प्रथम मिर्चैया महोत्सब २०७५" लाई उद्‌घाटन गर्दै अध्यक्ष प्रचण्डले सिरहालाई आँप जोनको रुपमा विकास गरी उत्पादिक आँपलाई अन्तर्राष्ट्रिय बजारमा पुर्‍याउने बताएका हुन् । उनले भने "सिराहा जिल्ला आँप उत्पादनमा नेपालकै अग्रणी जिल्ला हो, यहाँको आँपको माग विश्वभरी छ, सिरहालाई आँपको जोनको रुपमा विकास गर्न पहल गर्नेछु, यहाँको आँप स्वादिष्ट पनि छ ।"
धानखेतीका लागि पनि सिरहा जिल्ला उर्वर भुमि रहेको भन्दै उनले यसलाई धानको सुपर जोनको रुपमा विकास गर्न आफ्नो तर्फबाट सहयोग रहने प्रतिबद्धता व्यक्त गरे । नागरिकता सम्बन्धी विधेयक संसदमा पेस भएर छलफल चलिरहेको भन्दै उनले नागरिकताको समस्या चाँडै समाधान हुने बताए । उनले भने "अब जन्मसिद्ध नागरिकका छोराछोरीको समस्या सदाका निम्ति समाप्त हुँदैछ, अब नागरिकताको समस्या रहँदैनन् ।" मधेशी जनताको हक, अधिकारको पक्षमा संविधान संशोधनको लागि लगातार पहल गरिरहेको समेत उनले बताए । उनले मधेशी



जनताको आवश्यकता अनुसार संविधान संशोधन गर्दै जाने भनेर प्रधानमन्त्री केपी ओली, आफु र उपेन्द्र यादवले हस्ताक्षर गरेको बताए । उनले मधेशको विकास निर्माणमा सरकारको ध्यान कम हुनेछ कि भनेर शङ्का नगर्न आग्रह गर्दै मधेशको विकास गरे मात्रै मधेशी जनताको आकांक्षा सम्बोधन गर्न सकिने बताए ।

## वाणिज्य सन्धिमा 'इनल्याण्ड वाटरबेज' थपिँदै

काठमाडौं । नेपाल र भारतबीच २०४७ सालमा भएको वाणिज्य सन्धिमा जलमार्ग अर्थात् इनल्याण्ड वाटरबेज् समावेश गर्न दुवै देशका अधिकारीबीच सैद्धान्तिक सहमति भएको छ ।
नेपाल-भारत वाणिज्य सन्धिका विविध पक्षमा विचारविमर्श गर्न पर्यटकीय नगरी पोखरामा दुवै राष्ट्रका वाणिज्य मन्त्रालयका उच्च अधिकारीबीचको सम्पन्न दोस्रो बैठकमा सन्धिमा रहेको व्यापारमार्ग (ट्रेडरुट)को प्रावधानमा रेल र सडकबाहेक जलमार्गसमेत समावेश गर्ने सहमति भएको हो ।
परिवर्तित सन्दर्भमा उक्त सन्धिका धारा/उपधारालाई सामयिक तुल्याउँदै समयानुकूल परिमार्जनका निम्ति थप्नुपर्ने मुख्य विषयवस्तु 'लिगल टेक्स' तयार पारेर एकापसमा आदानप्रदान गर्ने सहमति पनि बैठकमा भएको छ ।
वाणिज्य सन्धिका प्राविधिकसहितका सबै पक्षबारेमा संशोधन, परिमार्जन, सुझाव लिपिबद्ध गरेर त्यसका धारा/उपधारामा के कस्ता व्यवस्था गर्ने भन्ने सम्बन्धमा दुवै देशले औपचारिक दस्ताबेज आदानप्रदान गर्ने सैद्धान्तिक सहमति भएको नेपाली प्रतिनिधिमण्डलका नेता उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव रविशङ्कर सैंजुले बताए ।
'सोह्रवटा कृषि उपज भारत निर्यात गर्ने तथा व्यापार-वाणिज्य वृद्धिका निम्ति अपरिहार्य भौतिक पूर्वाधार निर्माणजस्ता विषयमा पनि भारत सकारात्मक रहेको छ,' उनले बताए। उनका अनुसार परीक्षणका रुपमा विशाखपट्नम र कोलाकाता बन्दरगाहबाट जलमार्गबाट मालसामान आयात हुन लागेको हो ।
हार्दिक वातावरणमा भएको बैठकमा औद्योगिक कच्चापदार्थ, जीवनदायक औषधि खरीदबिक्री गर्न नपाइने सन्धिका प्रावधान परिवर्तन गर्नसमेत भारत सकारात्मक रहेको सहसचिव सैंजुले बताए। भारतसँगको व्यापारघाटा घटाउने सन्दर्भमा सन्धिमा हुन हुन लागेको संशोधन एवम् परिमार्जनले द्विपक्षीय व्यापार असन्तुलनमा कमी ल्याउन योगदान पुग्ने उनको अपेक्षा छ ।

## मोदीले सम्झिए नेपाल

काठमाडौं । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले भारतको १६ औं लोकसभालाई अन्तिम पटक सम्बोधन गर्दा नेपाललाई सम्झेका छन् । करिब आधा घण्टा लामो सम्बोधनमा उनले पाँच वर्षमा विजेपी सरकारले गरेका कामको लेखाजोखा प्रस्तुत गर्दै नेपालमा दुई वर्ष अघि भूकम्पका क्रममा गरेको सहयोगलाई विदेश नीतिको नयाँ सुरुवातका रुपमा व्याख्या गरेका छन् ।
मोदीले नेपाल, बंगलादेश, मालदिभ्स, श्रीलंकामा आएको विपतमा सहयोग गरेको सन्दर्भ उल्लेख गरेका छन् । मोदीले भने, 'हामीले नेपालसहित अन्य देशबाट हाम्रा नागरिकको सुरक्षित उद्दार गर्‍यौं । मानवताका पक्षमा काम गर्‍यौं ।' भारतमा चार महिनापछि लोकसभाको निर्वाचन हुने तयारीसँग



लोकसभाको वैठकमा मोदीको अन्तिम सम्बोधन थियो । मोदीले आफ्नो कार्यकालमा विश्वले भारतलाई गम्भीरतापूर्वक सुन्ने गरेको उल्लेख गरे ।




## नदीमा सञ्चालन हुँदै आएको क्रसर बन्द

धनगढी । निर्माणाधीन मोहनापुल-अत्तरिया छ लेन सडक आयोजनाको ठेक्का शर्मा अमर नागार्जुन (जेभी) ले जिल्ला समन्वय समिति कैलालीलाई गोदावरी खोलामा क्रसर सञ्चालनबारे अपूरै कागजपत्र बुझाएको छ। कैलालीको गोदावरी नगरपालिकाका वडा नम्बर २ महरा टोल, गोदावरी खोला किनारमा सञ्चालनमा रहेको घम्ती क्रसर बारेको आवश्यक कागजपत्र पूर्ण रुपमा नबसझाएको जिल्ला समन्वय समिति, कैलालीले जनाएको छ ।
कम्पनीले आयोजनाले गोदावरी नगरपालिकालाई पठाएको पत्र, सामुदायिक वनसँग भएको सम्झौता, गोदावरी नगरपालिकाले दिएको स्वीकृत कागजपत्र मात्र पेस गरेको जिल्ला समन्वय अधिकारी योगेन्द्रप्रसाद ओझाले जानकारी दिए । कम्पनीसँग थप कागजपत्र माग गरिएको उनले बताए ।

मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं